निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७७, वि.सं. २०८३, असोज २६ गते, सोमवार, १२ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 12 OCTOBER, 2026, MONDAY, GANGTOK

मुख्यमन्त्रीद्वारा पहिलो अन्तरराष्ट्रिय एमटीबी प्रतियोगिताको शुभारम्भ

सड्क पूर्वाधारको स्तरोन्नति सरकारको बृहत् विकास एजेन्डाको महत्त्वपूर्ण अड्ग होः गोले

सोरेङ, ११ अक्टोबर (आईपीआर)ः मुख्यमन्त्री पीएस गोलेले सोरेङ जिल्लाको जूमस्थित रक गार्डेनमा जाबरभान एक्सट्रिम लेजेन्ड्स सिरिज २०२६ संस्करणको पहिलो चरणको शुभारम्भ गरेका छन्। जूम जीपीयूसँगको सहकार्यमा जाबरभान एक्सट्रिमद्वारा आयोजित यो कार्यक्रमले साहसिक खेलकुदको प्रवर्द्धन र खेल पर्यटनको उदीयमान गन्तव्यका रूपमा राज्यको क्षमता सुदृढ पार्ने दिशामा महत्त्वपूर्ण कोसेढुङ्गाको रूपमा प्रमाणित गरेको छ।

यो कार्यक्रम जाबरभान एक्सट्रिम लेजेन्ड्स सिरिजको एक हिस्साका रूपमा आयोजना गरिएको हो, जुन भारतभरिका विभिन्न भूभाग र गन्तव्यहरूमा डाउनहिल माउन्टेन बाइकिङलाई प्रवर्द्धन गर्ने पहल हो। सन् २०२५ मा यस शृङ्खलाले कश्मीर, असम र मेघालयलाई समेटेको थियो भने २०२६ को संस्करण सिक्किमबाट शुरु भएर लद्दाख र महाराष्ट्रमा पनि आयोजना हुनेछ। यस कार्यक्रममा शीर्ष अन्तरराष्ट्रिय राइडरहरूको सहभागिता रह्यो, जसमा पाँचपटकका राष्ट्रिय विजेता तथा गत वर्षका विजेता डगलस भिएरा पनि समावेश थिए। उनले प्रख्यात राइडर माटेज चारभट र आठपटकका माउन्टेन बाइक विश्व च्याम्पियन स्यामुएल हिल्सबाट कड़ा प्रतिस्पर्धाको सामना गरे। उनीहरूको सहभागिताले प्रतियोगिताको प्रतिस्पर्धात्मक स्तरलाई उकास्यो र कौशल, गति तथा सहनशक्तिको रोमाञ्चक प्रदर्शनका लागि निपुण

राइडरहरूलाई एकै ठाउँमा ल्यायो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री गोलेले आयोजक टोली र यस अन्तरराष्ट्रिय डाउनहिल माउन्टेन बाइक (एमटीबी) प्रतियोगितासँग सम्बन्धित सबै सरोकारवालालाई बधाई दिए। उनले यस कार्यक्रमलाई सिक्किमका लागि ऐतिहासिक कोसेढुङ्गा र जूम-सालघारीका लागि अत्यन्त महत्त्वपूर्ण क्षणको रूपमा वर्णन गरे। उनले आफ्नो निर्वाचन क्षेत्रमा अन्तरराष्ट्रिय स्तरको कार्यक्रम आयोजना हुनुले साहसिक खेलकुद र पर्यटनको मान्यताप्राप्त गन्तव्यका रूपमा यस क्षेत्रको बढ्दो क्षमतालाई झल्काउने कुरा उल्लेख गरे। उनले जूम-सालघारीका जनताको सामूहिक प्रयास, सहयोग र सक्रिय सहभागिताको प्रशंसा गर्नुका साथै कार्यक्रमलाई सफल बनाउन जाबरभान एक्सट्रिम, साइक्लिङ फेडेरेशन अफ् इण्डिया र सम्बन्धित टोलीहरूको योगदानको पनि सराहना गरे। मुख्यमन्त्रीले जूम-सालघारी, जोरथाङ र वरिपरिका क्षेत्रहरूको समग्र विकासप्रति सरकारको निरन्तर प्रतिबद्धतामा जोड़ दिँदै विशेषगरी पूर्वाधार सुदृढ़ीकरण र यस निर्वाचन क्षेत्रको पर्यटन सम्भावनाको उजागर गर्ने विषयलाई प्राथमिकतामा राखे। उनले पिककक पार्कजस्ता पर्यटन पूर्वाधारको विकास तथा जूम सड़कको विस्तार र सुधारलगायतका जारी र प्रस्तावित पहलहरूको रूपरेखा प्रस्तुत गरे। पर्यटकहरूको अनुभवलाई उत्कृष्ट बनाउन सड़क सम्पर्कको महत्त्वमा जोड़ दिँदै उनले उच्च गुणस्तरका र राम्रो अभियान्त्रिकीसहितका सड़कहरू निर्माण गर्ने आफ्नो दृष्टिकोण व्यक्त गरे। यस्ता सड़कहरूले यात्रालाई सुरक्षित, सहज र सुविधाजनक बनाउनुका साथै पर्यटकहरूका लागि यस क्षेत्रको आकर्षणसमेत बढ़ाउने बताए।

प्रतियोगिताले सिर्जना गरेको उत्साह र गतिलाई निरन्तरता दिन सर्वसाधारण तथा आयोजक समितिलाई आग्रह गर्दै उनले यो कार्यक्रम वार्षिक रूपमा आयोजना हुने अपेक्षा व्यक्त गरे, जसले जूम-सालघारीलाई अन्तरराष्ट्रिय साहसिक खेलकुदलाई वार्षिक कार्यक्रमको रूपमा अझ बलियो रूपमा स्थापित गर्नेछ। उनले यस क्षेत्रमा पर्यटन विकासका व्यापक सम्भावनाहरूबारे पनि चर्चा गरे। यस क्रममा उनले चिरबिरेमा आयोजना हुन लागेको अन्तरराष्ट्रिय मत्स्य महोत्सवलाई अर्को महत्त्वपूर्ण पहलका रूपमा उल्लेख गरे, जसले यस क्षेत्रका प्राकृतिक सम्पदाहरूलाई उजागर गर्नुका साथै स्थानीय समुदाय र पर्यटनसम्बन्धी व्यवसायहरूका लागि अवसरहरू सिर्जना गर्नेछ। उनले जिल्लाभरि भइरहेको सड़क पूर्वाधारको स्तरोन्नतिलाई सरकारको बृहत् विकास एजेन्डाको एक महत्त्वपूर्ण अङ्गका रूपमा जोड़ दिए।

ग्रामीण अर्थतन्त्रलाई सुदृढ़ पार्ने उद्देश्यका पहलहरूमा प्रकाश पार्दै मुख्यमन्त्रीले गाउँले हाटबारे पनि चर्चा

➡रहल पृष्ठ ७ मा

शिक्षा मन्त्रालयद्वारा पूर्वोत्तर राज्यहरूको विद्यालय शिक्षा पहल तथा उत्कृष्ट अभ्यासको समीक्षा

गान्तोक, ११ अक्टोबरः सिक्किम सरकारले ९ र १० अक्टोबरमा गान्तोकमा पीएम पोषण र समग्र शिक्षासम्बन्धी पूर्वोत्तर राज्यहरूको समीक्षा बैठक आयोजना गरेको छ। भारत सरकारको शिक्षा मन्त्रालयका संयुक्त सचिव आशिष जोशीको अध्यक्षतामा सम्पन्न यस बैठकमा पूर्वोत्तर राज्यहरूका शिक्षा विभागका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

८ अक्टोबरमा शिक्षा मन्त्रालयका संयुक्त सचिव आशिष जोशीले सिक्किम सरकारको विद्यालय शिक्षा विभागका सचिव टाशी छोपेलसँगै राज्यभरिका विभिन्न विद्यालय तथा शैक्षिक संस्थाहरूको भ्रमण गरे। सिङ्तामस्थित पीएम श्री सरकारी उच्चतर माध्यमिक विद्यालयमा विद्यालय शिक्षा विभागका सचिव टाशी छोपेलले उक्त प्रतिनिधिमण्डललाई स्वागत गरे। राज्यको प्रतिनिधिमण्डलमा विद्यालय शिक्षा निर्देशक, समग्र शिक्षा निर्देशक र समग्र शिक्षाका उपनिर्देशक सामेल थिए।

भ्रमण गरिएका संस्थाहरूमा सिङ्तामस्थित पीएम श्री सरकारी उच्चतर माध्यमिक विद्यालय, आहो पुल किसान माध्यमिक विद्यालय, जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान (डाइट), गान्तोक, राज्य शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद् (एससीईआरटी), बुर्तुक र बोझोघारी उच्चतर माध्यमिक विद्यालय समावेश थिए।

यी भ्रमणहरूले शैक्षिक संस्थाहरूको कार्यप्रणाली तथा विद्यालय शिक्षालाई सुदृढ़ बनाउन, शिक्षण-अधिगम अभ्यासहरूमा सुधार गर्न, शैक्षिक पूर्वाधारको विकास गर्न र गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गर्न राज्यद्वारा चालिएका पहलहरूको समीक्षा गर्ने अवसर प्रदान गरे। विद्यालयहरूमा प्रतिनिधिमण्डलले शैक्षिक पर्यावरणसँग अन्तरक्रिया गऱ्यो र विद्यार्थीहरूको शिक्षण अनुभव सुधार्न तथा उनीहरूको सर्वाङ्गीण विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित विद्यालयस्तरीय पहल तथा सुविधाहरूको समीक्षा गऱ्यो।

डाइट र एससीईआरटी, बुर्तुकको भ्रमणले राज्यभरि विद्यालय शिक्षाको गुणस्तर सुदृढ़ पार्न शिक्षक शिक्षा, शैक्षिक सहयोग, व्यावसायिक विकास र क्षमता अभिवृद्धि सम्बन्धी पहलहरूको महत्त्वलाई उजागर गऱ्यो।

९ अक्टोबरमा आशिष जोशीले पूर्वोत्तर राज्यहरूमा पीएम पोषण योजनाको कार्यान्वयनसम्बन्धी समीक्षा बैठकको अध्यक्षता गरे। यस समीक्षा बैठकमा कार्यक्रमको प्रगति, खर्च तथा कोषको उपयोग, कार्यान्वयनको समग्र अवस्था र अनुगमनलाई सुदृढ़ पार्दै कार्यक्रमका लाभहरू प्रभावकारी रूपमा उपलब्ध गराउने उपायहरूमा केन्द्रित भएर छलफल गरियो। पूर्वोत्तर क्षेत्रमा यस योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न भारत सरकार र राज्य सरकारबीच समन्वयात्मक प्रयासको महत्त्वलाई छलफलले पुनः पुष्टि गऱ्यो।

१० अक्टोबरमा आयोजित समीक्षा बैठक समग्र शिक्षाअन्तर्गत् पहल, प्रगति र पूर्वोत्तर राज्यहरूले अपनाएका उत्कृष्ट अभ्यासहरूमा केन्द्रित थियो। बैठकको अध्यक्षता भारत सरकारको शिक्षा मन्त्रालयका संयुक्त सचिव आशिष जोशीले गरेका थिए। बैठकमा सिक्किम सरकारको शिक्षा विभागका प्रधान सचिव सन्दीप ताम्बे, सिक्किम सरकारका विद्यालय शिक्षा सचिव तथा समग्र शिक्षा, एससीईआरटी र

➡रहल पृष्ठ ७ मा

मुख्यमन्त्री गोले चिर्बिरे रिभर फेस्टमा सहभागी

नाम्ची, ११ अक्टोबर (आईपीआर)ः मुख्यमन्त्री पीएस गोले आइतवार जारी 'चिर्बिरे रिभर फेस्ट'-को दोस्रो दिन मुख्य अतिथिका रूपमा सहभागी भए। यस क्रममा उनले नदी संरक्षण, जलचर जैविक विविधता र दिगो पर्यावरणीय व्यवस्थापनको महत्त्वमाथि जोड़ दिँदै आफ्नो प्रतिबद्धता दोहोऱ्याए। उनको उपस्थितिमा राज्यको नदी पारिस्थितिक प्रणालीको संरक्षणका लागि सिक्किम एङ्ग्लर्स एसोसिएसन (एसएए)-ले गरिरहेको निरन्तर प्रयासलाई उजागर गरियो।

मुख्यमन्त्रीलाई दोस्रो आईआरबीएनका जवानहरूद्वारा गार्ड अफ् अनर प्रदान गरियो। त्यसपछि उनलाई रञ्जित नदीको किनारमा रहेको मत्स्यपालन गरिएको स्थलमा लगियो। त्यहाँ उनले मन्त्रीगण, विधायकगण र अधिकारीहरूसँग मिलेर जलचर जैविक विविधता प्रवर्द्धन तथा स्थानीय माछाका प्रजातिहरूको संरक्षण गर्ने पहलस्वरूप नदीमा चकलेट महसिर माछाहरू छोड़े।

त्यसपछि मुख्यमन्त्रीले विभिन्न उद्यमीद्वारा राखिएका पसलहरूको अवलोकन गरे। उनले पसलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्दै प्रदर्शनमा राखिएका सामान तथा

➡रहल पृष्ठ ७ मा

परिचयात्मक कार्यक्रमसँगै दार्जीलिङ साहित्य महोत्सवको शुभारम्भ

दार्जीलिङ, ११ अक्टोबरः दार्जीलिङमा परिचयात्मक कार्यक्रमसँग साहित्य महोत्सवको शुरुआत भएको छ। यो हिमालय क्षेत्रका साहित्यिक तथा सांस्कृतिक आवाजहरूलाई विश्वभरिका लेखक, विचारक, विद्वान, कलाकार, प्रकाशक र पाठकहरूसँग संवादमा जोड्ने एउटा नयाँ मञ्च हो।

दार्जीलिङ साहित्य महोत्सव सोसाइटी डीएलएफएसद्वारा यहाँको जिमखानामा आयोजित यस कार्यक्रमले अर्को वर्षको नोभेम्बरमा हुने महोत्सवको पहिलो संस्करणका लागि मार्ग प्रशस्त गरेको छ। ''हामी एउटा नयाँ संस्थाको रूपमा अघि बढ़िरहेका छौँ र दार्जीलिङमा साहित्य महोत्सव आयोजना गर्न लागेको यो पहिलोपटक हो। साहित्यप्रति सम्मान प्रकट गर्ने यो हाम्रो एउटा प्रयास हो किनभने यस्तो सम्मान पहिले भएको थिएन। यसले नयाँ पुस्तालाई प्रोत्साहन गर्नुका साथै उनीहरूलाई एउटा अवसर पनि प्रदान गर्नेछ। हामीले यसलाई एउटा चुनौतीका रूपमा स्वीकार गरेका छौं।''

''यो त शुरुआत मात्र हो। हामीले 'परिचयात्मक' कार्यक्रम आयोजना गरेका छौँ र अर्को वर्ष नोभेम्बरमा यसलाई अझ भव्य रूपमा आयोजना गर्ने योजना बनाएका छौँ''-डीएलएफएसकी अध्यक्ष वाणी एम शर्माले भनिन्।

उनले महोत्सवमा साहित्य के हो र जुनसुकै भाषामा भए तापनि साहित्यतर्फ अघि बढ्ने विभिन्न उपायजस्ता विषयहरूमाथि चर्चा गरिएको बताइन्। शर्माले यस कार्यक्रममार्फत विभिन्न भाषाका साहित्यिक सिर्जनाहरूलाई एउटै मञ्चमा एकीकृत गर्ने इच्छा व्यक्त गरिन्। ''आजको कार्यक्रम मूलतः हाम्रो अस्तित्व देखाउने प्रयास थियो, जसमा विभिन्न ठाउँबाट आएका लेखक र प्रकाशकहरूको सहभागितामा प्यानल छलफलहरू पनि आयोजना गरिएको थियो। आगामी दिनमा हामी विभिन्न कार्यक्रम गर्ने योजना बनाउँदैछौँ''-शर्माले भनिन्।

डीएलएफएसकी अध्यक्षले डिजिटल माध्यमले साहित्यलाई विस्थापित गर्दै लगेकोमा चिन्ता पनि व्यक्त गरिन्। मानिसहरू अझै पनि

➡रहल पृष्ठ ७ मा

एसडीएफ टोलीद्वारा छुजाचेनका विभिन्न गाउँको भ्रमण

गान्तोक, ११ अक्टोबर (हिस)ः सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) मुख्यालयको टोलीले सोमवार पाकिम जिल्लाअन्तर्गत छुजाचेन समष्टिका विभिन्न गाउँहरूमा सामाजिक भ्रमण गऱ्यो। भ्रमणका क्रममा टोलीले स्थानीय जनताका दुःख र पीड़ाबारे जानकारी लिँदै अन्तरङ्ग कुराकानी गऱ्यो।

एसडीएफले आइतवार प्रेस बयानमा भनेको छ, ''हाल दिल्लीमा भइरहेको विरोध प्रदर्शनमा एसडीएफ पार्टीले सहभागी बनेको खबरले गाउँलेहरू खुशी छन्। पक्कै पनि भोटिङ मेशिनलाई नियन्त्रित गरेर जनमतकै विरुद्धमा चुनाउ परिणाम निकाल्ने खेल गरिएको छ। हामीले हालेको भोट हाम्रै मतका विरोधमा कसरी निस्क्यो? बल्ल त्यसको खोजी हुनथाल्यो भनेर गाउँघरतिरका मानिसहरू चर्चा गरिरहेका छन्।''

दिल्लीमा डाकिएको विरोध प्रदर्शनमा एसडीएफ सहभागी बन्नाले सिक्किमेली जनताका मनमा उत्साह भर्ने काम भएको छ भन्ने टोलीले जानकारी पाएको बताइएको छ। एसडीएफले जन्तरमन्तरमा सिक्किमेको प्रतिनिधित्व गरिरहेका कार्यकर्ताहरूको उच्च साहसको सराहना गरेको छ। सिक्किमेली जनताका हक-अधिकार, सुरक्षा र शक्तिका पक्षमा एसडीएफ पार्टीको क्रान्ति जारी रहने बताइएको छ।

गभर्नर्स गोल्डकपः सिक्किम आक्रमण एससी सेमिफाइनलमा

गान्तोक, ११ अक्टोबर (हिस)ः ४२औँ अखिल भारतीय गभर्नर्स गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत तेस्रो क्वार्टरफाइनल खेलमा सिक्किम आक्रमण एफसीले इस्ट बङ्गाल (आर) एफसीलाई २-१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ।

राजधानीको पाल्जर स्टेडियममा आइतवार भएको प्रतिस्पर्धात्मक खेलमा सिक्किम आक्रमणले उत्कृष्ट प्रदर्शन गर्दै जीत हासिल गरेको हो। सिक्किम आक्रमण एससीको तर्फबाट नुहु शैदु र टेण्डन लेप्चाले एक-एक गोल गरे। यसैगरी, पराजित दलका खेलाड़ी जय बाजले एक गोल गरे।

विजयी दलका खेलाड़ी टेण्डन लेप्चालाई उत्कृष्ट प्रदर्शनका लागि म्यान अफ् द म्याच घोषित गरियो। यस जीतसँगै सिक्किम आक्रमणले आगामी १३ अक्टोबरमा हुने सेमिफाइनलमा केरलाको गोकुलम एफसीसँग प्रतिस्पर्धा गर्नेछ।

प्रतियोगिताअन्तर्गत सोमवार चौथो तथा अन्तिम क्वार्टरफाइनल खेलमा ब्ल्याक ईगल र शिलोङ लाजोङ एफसी आमनेसामने हुनेछन्। उक्त खेलपछि सेमिफाइनलमा पुग्ने अन्तिम टोलीको टुङ्गो लाग्नेछ। आज विधायक सोनाम भेञ्चुङ्पा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

सिक्किम फुटबल सङ्घको नयाँ कार्यकारिणी समिति निर्विरोध निर्वाचित

मेन्ला इथेन्पा अध्यक्ष, फुर्बा शेर्पा महासचिव निर्वाचित

गान्तोक, ११ अक्टोबर (हिस)ः सिक्किम फुटबल सङ्घ (एसएफए)-ले २०२६-३० कार्यकालका लागि नयाँ निर्वाचित कार्यकारिणी समितिको घोषणा गरेको छ। नयाँ खेलकुद शासन ऐन, २०२५ तथा अखिल भारतीय फुटबल महासङ्घ (एआईएफएफ) र सिक्किम फुटबल सङ्घको संशोधित संविधानअनुसार सङ्घको पहिलो कार्यकारिणी समिति निर्वाचन सम्पन्न भएको एसएफएले आइतवार प्रेस बयानमा बताएको छ।

अखिल भारतीय फुटबल महासङ्घद्वारा नियुक्त निर्वाचन अधिकारी एनएम ढकालको रेखदेखमा निर्वाचन प्रक्रिया सञ्चालन गरिएको थियो। निर्वाचन प्रक्रिया पूरा भएपछि चुनाउ अधिकारीले सिक्किम फुटबल सङ्घका निर्धारित १५ वटै कार्यकारिणी पदमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको घोषणा गरे।

एसएफएको अध्यक्ष पदमा मेन्ला इथेन्पा निर्वाचित भएका छन् भने फुर्बा शेर्पा महासचिव पदमा नियुक्त भएका छन्। यसरी नै छुङछुङ भोटिया उपाध्यक्ष प्रथम, अर्जुन रोका उपाध्यक्ष द्वितीय, लेराब भोटिया

➡रहल पृष्ठ ७ मा

शारदीय नवरात्रि शुरुः नौ दिनसम्म माता दुर्गाका नौ स्वरूपको पूजा

नयाँ दिल्ली, ११ अक्टोबर (हिस)ः शारदीय नवरात्रि आजदेखि शुरु भएको छ। प्रत्येक वर्ष आश्विन महिनाको शुक्ल पक्षको प्रतिपदा तिथिबाट शारदीय नवरात्रि शुरु हुने गर्दछ। यस अवधिमा माता दुर्गा तथा उहाँका नौवटा फरक स्वरूपको विधिपूर्वक पूजा–आराधना गर्ने परम्परा रहेको छ। नवरात्रिको पहिलो दिन आज माता दुर्गाको स्वागत गरिन्छ। कलश स्थापना गरी माताको पहिलो स्वरूप माता शैलपुत्रीको पूजा–आराधना गरिनेछ। नवरात्रिका अवसरमा व्रत बस्नुका साथै प्रत्येक दिन मन्त्रजप, आरती र दुर्गा चालिसाको पाठ गर्ने गरिन्छ। धार्मिक मान्यताअनुसार, नवरात्रिका बेला दुर्गा चालिसाको पाठ गर्नाले सुख–समृद्धि प्राप्त हुनुका साथै सकारात्मक ऊर्जामा वृद्धि हुने विश्वास छ। शास्त्रअनुसार, बिहानको समयमा देवीको आह्वान र घटस्थापना गर्ने विधान रहेको छ। आज चित्रा नक्षत्र राति १०ः३२ बजीसम्म र वैधृति योग राति ९ः०५ बजीसम्म रहनेछ। शास्त्रअनुसार, चित्रा नक्षत्रका शुरुका दुई चरणबाहेक अर्थात् अभिजित् मुहूर्तमा कलश स्थापना गर्नु उत्तम मानिन्छ।

असममा ४३९ उम्मेदवारले नियुक्तिपत्र प्राप्त गरे

गुवाहाटी, ११ अक्टोबर (हिस)ः असमका मुख्यमन्त्री डा.हिमनत विश्व सरमाले आइतवार राज्यका चार वटा विभागहरूमा विभिन्न पदहरूमा चुनिएका ४३९ जना उम्मेदवारहरूलाई नियुक्ति पत्र प्रदान गरे। यस वर्ष २०२६ को विधानसभा चुनाउमा दुई लाख सरकारी नोकरी दिने भारतीय जनता पार्टी (भाजपा) को वाचा अनुसार यो एउटा महत्त्वपूर्ण कदम चालिएको बताइएको छ। मुख्यमन्त्रीको दोस्रो कार्यकालमा अनि राज्यमा एनडीए सरकारको तेस्रो कार्यकालमा यो पहिलो नियुक्ति कार्यक्रम हो। गुवाहाटीस्थित श्रीमन्त शङ्करदेव कलाक्षेत्रको श्री श्री दामोदरदेव अन्तर्राष्ट्रिय सभागारमा आयोजित कार्यक्रममा जल संसाधन , जन स्वास्थ्य अभियान्त्रिकी, श्रम कल्याण तथा सहयोग विभागको लागि नियुक्ति पत्र वितरण गरियो। यसमा असम सहकारी एपेक्स ब्याङ्क लिमिटेडमा चयनित उम्मेदवारहरू समावेश छन्। प्रदेश भाजपाका प्रवक्ता प्राञ्जल कलिताले भने, पछिल्लो सरकारको कार्यकालमा असममा शिक्षित युवाहरूलाई सरकारी नोकरी प्रदान गरिएको थियो। उनले मुख्यमन्त्रीको पहलको प्रशंसा गर्दै भने, यसबाट सामान्य परिवारका युवाहरूको लागि सरकारी नोकरी पाउने अवसर बढ्ेको छ। कलिताले दाबी गरे, सरकारले भर्ती प्रक्रियामा कथित अनियमितता, बिचौली अनि धन लेन–देनको व्यवस्थालाई हटाएर योग्यताको आधारमा पारदर्शी ढङ्गमा नियुक्ति सुनिश्चित गरेको छ। यसअघि एक लाख सरकारी नोकरी दिने लक्ष्यमाथि विपक्षीले प्रश्न उठाएको थियो, तर मुख्यमन्त्रीले आफ्नो पहिलो कार्यकालमै १.६ लाखभन्दा बढ़ी युवाहरूलाईलाई रोजगार प्रदान गरे। राज्य सरकार अहिले दुई लाख सरकारी रोजगारी दिने लक्ष्यतर्फ अघि बढिरहेको उनले बताए। भाजपाका प्रवक्ताले विपक्षीले युवाहरूको आकाङ्क्षाको राजनीतिक फाइदा उठाएको आरोप पनि लगाए।

कलिताले सिलचर नगरनिगम र नगाउँ लोकसभा उपचुनाउमा भाजपाको विजयलाई उल्लेख गर्दै कालिताले यी नतिजाहरूले राज्य सरकारको विकास नीतिप्रति जनताको समर्थनलाई दर्शाएको दाबी गरे। उनले भने, मुख्यमन्त्रीको नेतृत्वमा सबै उमेर समूहका मानिस, विशेष गरी युवा एवं पहिलो पटक मतदाताहरू राज्यको विकासमा भाग लिइरहेका छन्।

‘कक्रोच’ समूहका नेता रिहा भएसँगै दिल्लीमा दोस्रो दिन पनि प्रदर्शन

सीजेपीद्वारा युवाहरूलाई शान्तिपूर्ण रूपमा विरोध जारी राख्न अपील

नयाँ दिल्ली, ११ अक्टोबरः याँदिल्लीमा निर्वाचन सुधारको माग गर्दै आन्दोलन गरिरहेको युवा समूह ‘कक्रोच जनता पार्टी’ (सीजेपी) का शीर्ष नेताहरू अदालतको आदेशपछि रिहा भएका छन्। नेताहरूको रिहाइपछि पनि आइतवार लगातार दोस्रो दिन प्रदर्शन जारी छ। प्रदर्शन नियन्त्रण गर्न दिल्लीका प्रमुख क्षेत्रमा हजारौं सुरक्षाकर्मी परिचालन गरिएका छन् भने सडकमा अवरोध खडा गरिएको छ। सीजेपीका संस्थापक अभिजित दिप्के तथा अन्य दुई वरिष्ठ नेता सौरभ दास र आशुतोष राङ्कालाई शनिबार नियन्त्रणमा लिइएको थियो। उनीहरू निर्वाचन सुधारको माग गर्दै प्रदर्शनको नेतृत्व गर्न राजधानी पुगेका थिए।

रिहाइपछि दिप्केले सामाजिक सञ्जाल एक्समा लेख्दै सीजेपी पछि नहट्ने र धम्कीबाट नडराउने बताएका छन्। उनले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वको आलोचना पनि गरेका छन्। रिपोर्टअनुसार करिब सात हजार प्रदर्शनकारीलाई पुलिसले नियन्त्रणमा लिएको थियो। सीजेपीकी कानुन व्यवसायी रत्ना सिंहले आइतवार बिहान पुलिसले तीनै नेतालाई शान्ति व्यवस्था कायम राख्ने भन्दै हिरासतमा राख्न अनुमति माग्ने तयारी गरेको भए पनि अदालतले नेताहरूलाई रिहा गरेको जानकारी सामाजिक सञ्जालमा दिइन्। रिहाइसँग जोडिएका सर्तबारे भने स्पष्ट विवरण सार्वजनिक भएको छैन।

प्रदर्शनकारीलाई राजधानीको प्रमुख प्रदर्शनस्थल जन्तरमन्तर पुग्नबाट रोक्न पुलिसले आजपनि व्यापक प्रतिबन्ध लगाएको थियो। आइतवीर पनि मध्यदिल्लीका धेरै सडकमा अवरोध कायम राखिएको छ। केही पसल, कार्यालय र रेस्ट्रेन्ट बन्द छन् भने इन्टरनेट सेवामा समेत प्रतिबन्ध लगाइएको छ।

शनिवार दिल्लीका कम्तीमा ४५ मेट्रो स्टेसन बन्द गरिएका थिए। प्रमुख रेलवे स्टेसनहरूमा पनि सेवा अवरुद्ध पारिएको र लामो दूरीका केही रेल रद्द गरिएको समाचारमा उल्लेख छ। प्रदर्शनमा सहभागी हुन बाहिरबाट राजधानी आउँदै गरेका केही व्यक्तिलाई बाटोमै रेलबाट ओरालिएको थियो।

दिल्लीको व्यस्त व्यापारिक तथा मनोरञ्जन क्षेत्र कनट प्लेसमा पहेँलो रङका ब्यारिकेडरहरू राखिएका छन्। त्यहाँ ठूलो सङ्ख्यामा पुलिस र अर्धसैनिक बल परिचालन गरिएको छ। आइतवार पनि प्रदर्शनकारीहरू सडकमा फर्किएका छन्। प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर बसमा राख्दै अन्यत्र लगेको दृश्य देखिएका छन्। केही प्रदर्शनकारीले बसभित्रैबाट ‘ज्ञानेशले राजीनामा दिनुपर्छ’ भन्दै नाराबाजी गरेका थिए।

सीजेपीले शनिवार जन्तरमन्तरमा प्रदर्शन गर्ने घोषणा गरेको थियो। यही स्थानमा यसअघि गर्मीयाममा शिक्षा सुधारको माग गर्दै विद्यार्थीहरूले कैयौं सातासम्म प्रदर्शन गरेका थिए। तर, पुलिसले यसपटक प्रदर्शनको अनुमति नदिएपछि क्षेत्रका दुवै प्रवेशमार्गमा अवरोध खडा गरिएको थियो।

प्रदर्शनका क्रममा भएको यातायात अवरोध, इन्टरनेट प्रतिबन्ध र गिरफ्तारीबारे उठेका गुनासो सम्बोधन गर्न सर्वोच्च अदालतले आइतवार विशेष सुनुवाइ गरेको छ। अदालतले सार्वजनिक शान्ति व्यवस्थामा वास्तविक अवरोध नआएसम्म इन्टरनेट सेवा पुनः सञ्चालन गर्न तथा मेट्रो र रेल सेवा सामान्य रूपमा चलाउन सरकारलाई आदेश दिएको छ। मानिसहरूको आवागमनमा स्वतन्त्रता सुनिश्चित गर्न र गैरकानुनी हिरासतमा नराख्न पनि अदालतले निर्देशन दिएको सञ्चारमाध्यमहरूले जनाएका छन्। सीजेपी र विपक्षी दलहरूले मतदाता नामावली अद्यावधिक गर्ने क्रममा प्रधानमन्त्री मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी काम गरिएको आरोप लगाएका छन्। निर्वाचन आयोग र भाजपाले भने उक्त आरोप अस्वीकार गरेका छन्।

सीजेपीको उदय भने शिक्षा क्षेत्रसँग सम्बन्धित आन्दोलनबाट भएको हो। गत मई महिनामा भारतका प्रधानन्यायाधीश सूर्यकान्तले बेरोजगार युवालाई ‘कक्रोच’सँग तुलना गरेको भनाइपछि दिप्केले सामाजिक सञ्जाल एक्समा ‘सबै कक्रोच एक ठाउँमा आए भने के होला ?’ भन्ने प्रश्न गरेका थिए। उनको पोस्ट भाइरल भएपछि समूहको गठन भएको थियो।

दिप्के यसअघि विपक्षी आम आदमी पार्टीसँग आबद्ध थिए। बोस्टन विश्वविद्यालयबाट स्नातकोत्तर पूरा गरेपछि उनले युवा असन्तुष्टिलाई सङ्गठित गर्ने अभियान थालेका थिए। बेरोजगारी, परीक्षाका प्रश्नपत्र चुहावट र सरकारको जवाफदेहिताजस्ता मुद्दाले समूहलाई लोकप्रिय बनाएको छ। पाँच सातासम्म चलेको शिक्षा सुधार आन्दोलनपछि गत जुलाईमा भारतका शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएका थिए। त्यसयता सीजेपीले आफ्नो आन्दोलनलाई निर्वाचन सुधारको मुद्दासम्म विस्तार गरेको छ। आगामी राज्य निर्वाचनहरू नजिकिँदै गर्दा सुरु भएको यो प्रदर्शनले भारतमा युवा असन्तुष्टि र निर्वाचन प्रक्रियाको निष्पक्षताबारे बहसलाई थप तीव्र बनाएको छ।

उता ककरोच जनता पार्टी (सीजेपी) का राष्ट्रिय प्रवक्ता आशुतोष राँका र सौरभ दासले संविधान तथा लोकतन्त्रको रक्षाका लागि शान्तिपूर्ण रूपमा सड़कमा उत्रिएर विरोध प्रदर्शन जारी राख्न विद्यार्थी सङ्गठन तथा देशका युवाहरूलाई अपील गरेका छन्। सीजेपीका प्रवक्ताद्वयले आइतवार नयाँ दिल्लीस्थित प्रेस क्लब अफ इन्डियामा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै केन्द्र सरकार र दिल्ली पुलिसमाथि लोकतन्त्रलाई दबाउने तथा शान्तिपूर्ण विरोध प्रदर्शनलाई रोक्ने प्रयास गरेको आरोप लगाए। उनीहरूले शनिवारको विरोध प्रदर्शनका क्रममा दिल्लीलाई सैन्य छाउनीमा परिणत गरिएको र देशमा साल १९७५ को अवस्था जस्तै अघोषित आपातकालीन परिस्थिति सिर्जना गरिएको दाबी गरे। सौरभ दासले दिल्ली विमानस्थलमा ओर्लिने बित्तिकै दिल्ली पुलिसले उनी, आशुतोष राँका र अभिजीत दीपकेलाई कुनै वैध कागजात वा गिरफ्तारी वारन्ट बिना बलजफ्ती विमानबाटै नियन्त्रणमा लिएको आरोप लगाए। उनीहरूका मोबाइल फोन जफत गरिएको र कानुनी प्रक्रियाअनुसार आवश्यक जफत सूची समेत उपलब्ध नगराइएको उनले बताए। नियन्त्रणमा रहेका बेला आफ्ना विद्युतीय उपकरणमा छेड़छाड़ वा तथ्याङ्क थपघट गरिन सक्ने आशङ्का समेत उनले व्यक्त गरे। साथै, नियन्त्रणमा रहेका बेला वकिलसँग सम्पर्क गर्ने मौलिक अधिकारबाट वञ्चित गरिएको उनको आरोप थियो। दासले राष्ट्रिय मानव अधिकार आयोग र न्यायपालिकाको मौनतामाथि प्रश्न उठाउँदै यस घटनामा अदालतहरूले स्वतः संज्ञान लिनुपर्ने माग गरे। मुख्य निर्वाचन आयुक्तलाई जोगाउन र व्यवस्थागत कमजोरीहरू लुकाउन यस्तो कारबाही गरिएको उनको आरोप थियो। उनले विशेषगरी युवा तथा नयाँ पुस्ताका मतदाता सहित ठूलो सङ्ख्यामा मतदाताका अधिकारलाई बेवास्ता गरिएको दाबी पनि गरे। यसैगरी, आशुतोष रांकाले शनिवार सीमावर्ती तथा नक्सल प्रभावित क्षेत्रबाट सीमा सुरक्षा बल (बीएसएफ) र अन्य केन्द्रिय सुरक्षा बलका टोलीहरू बोलाएर ४० हजारभन्दा बढ़ी सुरक्षाकर्मी परिचालन गरिएको आरोप लगाए। उनी अनुसार, ५७ वटा मेट्रो स्टेशन, अन्तरराज्यिय रेल सेवा तथा राजधानीका प्रमुख रेलगाड़ीहरूको सञ्चालनमा अवरोध पुर्याइएको थियो। सर्वसाधारणको आवागमन र व्यापारिक गतिविधिमा अघोषित प्रतिबन्ध लगाएर आन्दोलनविरुद्ध माहोल सिर्जना गर्ने प्रयास गरिएको उनले दाबी गरे। राँकाले गुरुद्वारा बङ्गला साहिबमा आश्रय लिएका प्रदर्शनकारीहरूलाई बाहिर निकाल्ने क्रममा सुरक्षाकर्मीहरूले धार्मिक मर्यादाको उल्लङ्घन गरेको आरोप समेत लगाए। यसका साथै, सीजेपीका मुम्बई संयोजक प्रणयलाई नियन्त्रणमा राखिएका बेला निर्मम व्यवहार तथा हिंसा गरिएको उनको दाबी थियो।

सङ्घर्ष जारी रहनेछः राहुल गान्धी



विरोध प्रदर्शनबिच विपक्षी पछि नहट्ने कुरामा जोड दिँदै लोकसभाका विपक्षी नेता राहुल गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई सबै प्रदर्शनकारीहरूलाई गिरफ्तार गर्न चुनौती दिएका छन्। उनीहरूले संविधानको रक्षा तथा भारतीय जनताको आवाजको सुरक्षाका लागि आफ्नो सङ्घर्ष जारी राख्ने उनले दाबी गरे। उनले प्रदर्शनरत युवाहरूप्रति एकता कायम गर्न आग्रह गर्दै उनीहरूलाई आफ्नो प्रदर्शन जारी राख्न आग्रह गरे। एक्समा एक पोस्टमा गान्धीले आफू एक दशकभन्दा बढी समयदेखि प्रधानमन्त्री मोदी र आरएसएसविरुद्ध लडिरहेको बताए। र आफ्ना राजनीतिक विरोधीहरूलाई ‘भित्रसम्म’ बुझेको दाबी गरे।

गान्धीले भने, ’म एक दशकभन्दा बढी समयदेखि नरेन्द्र मोदी र आरएसएसविरुद्ध लडिरहेको छु। म उनीहरूलाई गहिरोरूपमा बुझ्छु। यी मानिसहरूको मुख्य विशेषता कायरता हो। नरेन्द्र मोदी, अमित शाह, मोहन भागवत, ज्ञानेश कुमार र अजित डोभाल बिस्तारै आफ्नो वरिपरिको ठाउँ साँघुरो हुँदै गएको महसुस गर्दैछन्। हामी त्यो ठाउँ साँघुरो बनाउँदैछौँ। मोदीजी, तपाईं जे चाहनुहुन्छ गर्नुहोस्। सबै पुलिस बोलाउनुहोसः १० हजार, २० हजार, ५० हजार, जति चाहनुहुन्छ। सबै नेताहरूलाई गिरफ्तार गर्नुहोस्। सबै युवालाई गिरफ्तार गर्नुहोस्। हामी सबैलाई गिरफ्तार गर्नुहोस्, तर आन्दोलन जारी रहन्छ।’ उनले आफ्नो पक्षसँग पहिले नै आवश्यक जानकारी रहेको दाबी गर्दै संविधानको रक्षा र भारतीय जनताको आवाजको सुरक्षा गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने, ’हामी तपाईंलाई घेर्दैछौँ र हामी पछि हट्ने छैनौँ। मेरो कुरा याद राख्नुहोस्, हामीसँग पहिले नै आवश्यक जानकारी छ। हामी आफ्नो संविधानको रक्षा गर्नेछौँ। हामी भारतीय जनताको आवाजको सुरक्षा गर्नेछौँ। र हामी सुनिश्चित गर्नेछौँ कि विगत १०–१५ वर्षमा भारतसँग जे गरियो, त्यो फेरि कहिल्यै हुने छैन। आन्दोलनकारी समूहलाई सम्बोधन गर्दै उनले भने, ’भारतका युवाहरू, म तिमीहरूमाथि गर्व गर्छु। प्रदर्शन जारी राख्नुहोस्। हामी तपाईंहरूसँग उभिएका छौँ। हामी सुनिश्चित गर्नेछौँ कि यो शासन र हाम्रो संविधानमाथि आक्रमण गर्नेहरू पराजित हुनेछन्।’

प्रदर्शन अवधि किशोरमाथि प्रहार गरेको भाइरल भिडियोमाथि पुलिसको कारबाही

नयाँ दिल्ली, ११ अक्टोबर (हिस)ः दिल्ली पुलिसले कमला मार्केट थाना अन्तर्गत डीडीयू मार्गमा गए शनिवार भएको विरोध प्रदर्शनको क्रममा भएको घटनासँग सम्बन्धित भाइरल भिडियोको स्वतः संज्ञान लिएको छ। भिडियोमा चार जना मानिसहरूले एकजना प्रदर्शनकारी किशोरमाथि प्रहार गरिरहेको देख्न सकिन्छ। दिल्ली पुलिसको भनाइ छ, चारैजना अभियुक्तहरूलाई चिन्हित गरिएको छ। अग्रिम कारबाही भइरहेको छ। यस सम्बन्धमा पीडितको पक्षबाट कुनै औपचारिक उजुरी दर्ता गरिएको छैन। पुलिसले भन्यो, ‘‘सोशल मिडियामा भाइरल भइरहेको भिडियोमा चार जना मानिसहरूले एकजना पुरुष प्रदर्शनकारीलाई कथित रूपमा आक्रमण गरेको देखिन्छ।’’ उक्त भिडियोको स्वतः संज्ञान लिँदै दिल्ली पुलिस, कमला मार्केट थानाले तुरुन्तै कानुनी कारबाही शुरु गऱ्यो। चारैजना अभियुक्तहरूको पहिचान गरी उनीहरूको बारेमा पत्तो लागाइएको छ। अग्रिम कानुनी कारबाही जारी छ। दिल्ली पुलिस हिंसाका घटनाहरूविरुद्ध उचित कारबाही गर्न र त्यस किसिमको सिकायतहरूको तुरुन्त निवारण सुनिश्चित गर्नको लागि प्रतिबद्ध छ।’’

मुख्य निर्वाचन आयुक्त (सीईसी) ज्ञानेश कुमारको राजीनामा र एसआईआरको प्रक्रियालाई तत्काल रोक्न माग गर्दै विपक्षी दलहरू सहित केही विद्यार्थी सङ्गठन अनि उनीहरूका समर्थकहरूले विगत केही दिनदेखि विरोध प्रदर्शन गर्दै आएका छन्।

रिहाइपछि दिपके महाराष्ट्र स्थित घर प्रस्थान

दिल्ली पुलिसको सावधानीका लागि गरिएको पक्राउबाट रिहा भएपछि ककरोच जनता पार्टीका नेता अभिजीत दिपके आइतवार वरिष्ठ अधिवक्ता कपिल सिब्बललाई भेट्न पुगे। भेटपछि दिपकेले आफ्नी बोज्यूको निधन भएकाले महाराष्ट्र स्थित घर फर्कन लागेको बताएका छन्। रिहा भएका आशुतोष राङ्का र सौरभ दासले भने आइतवार दिउँसो घटनाक्रमबारे पत्रकार सम्मेलन गर्ने भएका छन्। रिहाइपछि सौरभ दासले पनि पत्रकार सम्मेलन मार्फत आगामी रणनीतिबारे जानकारी दिने बताएका छन्। घटनाक्रमबारे प्रतिक्रिया दिँदै दिपकेले भने, के भयो भन्ने कुरा सारा संसारले देखेको छ। ज्ञानेश कुमारको सुरक्षाका लागि पूरै दिल्ली ठप्प भयो। ज्ञानेश कुमारमा त्यस्तो के विशेषता छ, जसका कारण लाखौं मानिसलाई असुविधामा पारेर उनको सुरक्षा गर्नुपर्यो? ककरोच जनता पार्टीका नेता अभिजीत दिपके, आशुतोष राङ्का र सौरभ दासलाई शनिवार दिल्ली विमानस्थलमा विमानभित्रैबाट सावधानीका लागि पक्राउ गरिएको थियो। आइतवार उनीहरूलाई विशेष कार्यकारी मजिस्ट्रेट (एसईएम) अदालतमा उपस्थित गराइएको थियो। अदालतले ५० हजार रुपियाँको बन्धपत्रमा उनीहरूलाई रिहा गरेको हो।

इण्डिया गठबन्धनको आन्दोलनपछि मात्र बोल्छुः ममता

हिरासतबाट मुक्त भएपछि पत्रकारहरूसँग कुरा गर्दै ब्यानर्जीले भनिन्, ’अहिले हामी केही बोल्दैनौँ, किनकि भोलि इण्डिया गठबन्धनले एकजुट भएर विरोध प्रदर्शन गर्ने आह्वान गरेको छ। हामी सबै एकसाथ छौँ। म अनुशासन र व्यवस्थाको उल्लंघन गर्न सक्दिनँ, यस मामिलामा म निकै अनुशासित छु। उनले थप भनिन्, ’राष्ट्रपतिले हामीसँग कुनै प्रमाण नभएको बताउनुभएको छ। यदि छानबिन गर्ने हो भने प्रमाण चाहिन्छ। हामीले उहाँलाई भनेका छौँ, ठीक छ, हामी प्रमाण दिनेछौँ।’ यसअघि दिल्ली प्रहरीले शनिबार बनर्जीसहित उनको पार्टीका पाँच जना नेताहरूलाई साउथ एभिन्युस्थित एक बस बिसौनीबाट नियन्त्रणमा लिएको थियो। ब्यानर्जीका अनुसार उनी विरोध प्रदर्शनका लागि जन्तर–मन्तर जान चाहन्थिन्, तर प्रहरीले उनलाई त्यहाँ जान रोकेको थियो। पुलिसले रोकेपछि उनी आफ्नो निवासबाहिर नै धर्नामा बसेकी थिइन्, जहाँबाट पुलिसले उनलाई हिरासतमा लिएको थियो।

प्रदर्शनमा थुनिएका व्यक्तिहरूलाई रिहा गर्न यूएनएचसीआरको आग्रह

संयुक्त राष्ट्रसङ्घको मानव अधिकार उच्चायुक्तको कार्यालय (यूएनएचसीआर) ले शनिबार भारतलाई निर्वाचन अधिकारीहरूको दुराचारविरुद्ध विरोध प्रदर्शनका क्रममा पक्राउ गरिएका निर्दोष व्यक्तिहरूलाई तत्काल रिहा गर्न आग्रह गरेको छ। ’हामी दिल्लीमा आजका ठूला प्रदर्शनहरूभन्दा अघि र प्रदर्शनका क्रममा प्रदर्शनकारी, प्रदर्शनको नेतृत्व गरेका नेता र नागरिक समाजका सदस्य, वकिल र पत्रकारहरूको सामूहिक थुनाका रिपोर्टहरूप्रति चिन्तित छौँ,’ कार्यालयले एक वक्तव्यमा भनेको छ। ’पक्राउ गरिएका निर्दोषसबै व्यक्तिहरूलाई तत्काल र बिनासर्त रिहा गरिनुपर्छ,’ वक्तव्यमा भनिएको छ।

भारतीय लोकसभामा विपक्षी दलको तर्फबाट नेता रहेका राहुल गान्धीले प्रदर्शनप्रति आफ्नो ऐक्यवद्धता रहेको बताएका छन्। उनले उनीहरूले संविधानको रक्षा तथा भारतीय जनताको आवाजको सुरक्षाका लागि आफ्नो सङ्घर्ष जारी राख्ने पनि बताए। मुख्य निर्वाचन आयुक्तको राजीनामा माग गर्दै प्रदर्शन गर्ने प्रयास गर्दा राजधानी दिल्लीभरि युट्युबर ध्रुव राठीसहित करिब एक हजार प्रदर्शनकारीहरूलाई हिरासतमा लिइएको दिल्लीको पुलिकास स्रोतहरूले जानकारी दिएका छन्।

राज्यको विकासबाटै देशको विकास हुन्छ भन्ने मन्त्र लिएर अघि बढ़ेको छु: मोदी

नयाँ दिल्ली, ११ अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले सरकार प्रमुखका रूपमा बितेका २५ वर्षको कार्यकालमा लोकतन्त्रका दुई प्रमुख शक्ति–देशका जनता र सहकारी सङ्घवादप्रतिको आफ्नो विश्वास निरन्तर बलियो बनेको बताएका छन्। उनले आफू सधैँ राज्यको विकासबाट देशको विकास गर्ने मन्त्र लिएर अघि बढ़ेको बताए।

आइतवार तमिलनाडुको चेन्नई पुगेका प्रधानमन्त्री मोदीले पोरुर बाइपास स्टेशनदेखि पूनामल्ली बाइपास स्टेशनसम्म मेट्रो यात्रा गरे। त्यसपछि जलकण्डेश्वर मन्दिरमा दर्शन तथा पूजा गर्नुका साथै भारतीय प्रविधि संस्थान (आईआईटी) मद्रास स्थित मस्तिष्क केन्द्रको भ्रमण गरे। उनले १३ हजार करोड़ रुपियाँभन्दा बढ़ीका विभिन्न विकास परियोजनाको उद्घाटन, शिलान्यास तथा राष्ट्रलाई समर्पण गरेपछि जनसभालाई सम्बोधन गरे। सम्बोधनका क्रममा मोदीले भारत सांस्कृतिक विरासतबाट प्रेरणा लिँदै विज्ञानको प्रगति र आधुनिक पूर्वाधारको माध्यमबाट अघि बढ़िरहेको बताए। तमिलनाडुमा शुरु गरिएका परियोजनाले यातायात, उद्योग र व्यापारलाई बलियो बनाउनुका साथै युवाहरूका लागि रोजगारीका नयाँ अवसर सिर्जना गर्ने उनले बताए।

उनले आधुनिक शहरमा यातायात सुधार गर्न सड़क चौड़ा बनाउनु मात्र पर्याप्त नहुने उल्लेख गर्दै समग्र पूर्वाधार विकास आवश्यक रहेको बताए। यही उद्देश्यले पछिल्लो एक दशकमा देशभरि मेट्रो सञ्जाल विस्तार गरिएको उनको भनाइ थियो। साल २०१४ मा देशका पाँच शहरमा मात्र मेट्रो सेवा उपलब्ध रहेकामा अहिले २५ शहरमा सञ्चालन भइरहेको उनले बताए।

प्रधानमन्त्रीले तमिलनाडुका लागि आइतवारको दिन ऐतिहासिक रहेको उल्लेख गर्दै लगभग १३ हजार करोड़ रुपियाँका परियोजनाले दैनिक आवागमन सहज बनाउने, उद्योग तथा व्यापारलाई प्रोत्साहन गर्ने र युवाहरूका लागि रोजगारीका अवसर सिर्जना गर्ने बताए।

मन्दिरदेखि मेट्रोसम्मका अनुभवले भारतको सांस्कृतिक पहिचान र आधुनिक विकासलाई प्रतिबिम्बित गर्ने पनि उनले उल्लेख गरे। बन्दरगाह पूर्वाधारको विकासबारे बोल्दै मोदीले केन्द्र सरकारले लगभग १७ हजार करोड़ रुपियाँको लगानीमा तूतीकोरिन स्थित वीओ चिदम्बरनार बन्दरगाहलाई विश्वस्तरीय विशाल कन्टेनर तथा हरित ऊर्जा केन्द्रका रूपमा विकास गरिरहेको बताए। परियोजना पूरा भएपछि बन्दरगाहले विश्वका अत्यन्त ठूला कन्टेनर जहाजहरूलाई समेत सेवा दिनसक्ने र तमिलनाडुलाई उद्योग तथा यातायातको विश्वव्यापी केन्द्रका रूपमा विकास गर्न सहयोग पुग्ने उनले बताए। मोदीले साल २००१ को अक्टोबरमा गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिएदेखि मुख्यमन्त्री र प्रधानमन्त्रीका रूपमा देशको सेवा गर्ने अवसर पाएको बताए। सरकार प्रमुखका रूपमा २५ वर्ष पूरा गरेको उल्लेख गर्दै उनले यस अवधिमा जनताको समर्थन र सहकारी सङ्घवादप्रतिको विश्वास अझ् बलियो बनेको बताए। भारत अहिले विश्वको दोस्रो ठूलो मोबाइल फोन उत्पादक राष्ट्र बनेको र साल २०१४ पछि देशको विद्युतीय सामग्रीको निर्यात ११ गुणा बढ़ेको प्रधानमन्त्रीले बताए। यस अवधिमा रक्षा सामग्रीको निर्यात ५० गुणा बढ़ेको तथा इन्जिनियरिङ उत्पादनको निर्यातले पनि नयाँ कीर्तिमान कायम गरेको उनले उल्लेख गरे। उत्पादन क्षेत्रमा भएको वृद्धिले देशका युवाहरूका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाखौं रोजगारीका अवसर सिर्जना गरेको र यसमा तमिलनाडुका जनताको महत्त्वपूर्ण योगदान रहेको उनले बताए।

नवरात्रको पहिलो दिन देवी मन्दिरहरूमा भक्तहरूको घुइँचो

लखनऊ, ११ अक्टोबर (हिस)ः उत्तर प्रदेशमा शारदीय नवरात्रिको पहिलो दिन माँ विन्ध्यवासिनी धामदेखि शाकुम्भरी देवी मन्दिरसम्म श्रद्धालुहरूको भीड उर्लियो। बिहान सवेरैदेखि देवी मन्दिरहरूमा माँका जयकारहरूको गुञ्जनसितै वातावरण पूर्ण रूपमा भक्तिमय भएको देखियो। अहिलेसम्म विन्ध्यचलको प्रसिद्ध शक्तिपीठ माँ विन्ध्यवासिनी मन्दिरमा १ लाखभन्दा बढी भक्तहरूले पूजा गरिसकेका छन्। भोरको मङ्गला आरती भएदेखि नै मन्दिर एवं यस वरपरका गल्लीहरूमा भक्तहरूको लामो लस्कर लागेको थियो।

सहारनपुरको ऐतिहासिक शकुम्भरी देवी मन्दिरमा पनि लगभग ५० हजार भक्तहरूले माताको दर्शन गरी आशीर्वाद लिए भने बलरामपुरको प्रसिद्ध माँ पाटेश्वरी देवी मन्दिर (देवीपाटन शक्तिपीठ) मा लगभग ५० हजार भक्तहरूले पूजा गरे। सीतापुरको पवित्र नैमिषारण्य धाममा रहेको माँ ललिता देवी मन्दिरमा पनि बिहानदेखि नै भक्तहरूको ठूलो भीड़ लामबद्ध भएको देखियो। अयोध्याको माँ कामाख्या देवी मन्दिर पनि भक्तहरूले भरिएको छ। कामाख्या देवी मन्दिरका पुजारी बृज किशोर मिश्रले बताए, बिहानदेखि अहिलेसम्ममा लगभग १० हजारभन्दा बढी भक्त एवं श्रद्धालुहरूले माँको दर्शन गरिसकेका छन्। मन्दिरहरूमा भक्तहरूको व्यापक भीड़लाई ध्यानमा राख्दै प्रशासनद्वारा सबै प्रमुख शक्तिपीठहरूमा सुरक्षा एवं सहज दर्शनको ठोस व्यवस्था गरिएको छ।

पून्दमल्ली वडपलानी मेट्रो रेल सेवा शुरु

चेन्नई, ११ अक्टोबर (हिस): चेन्नईमा दोस्रो चरण अन्तर्गत पून्दमल्लीह्ववडपलनी मेट्रो रेल सेवाको प्रधानमन्त्री नरेन्द्र मोदी र मुख्यमन्त्री विजयले संयुक्त रूपमा उद्घाटन गरे। विमानस्थलदेखि पोरुरसम्म प्रधानमन्त्रीको उत्साहपूर्वक स्वागत गरियो। त्यसपछि दुवै नेताले एकसाथ मेट्रो रेलमा यात्रा गर्दै विद्यार्थी तथा सर्वसाधारणसँग कुराकानी गरे। चेन्नई महानगरका बासिन्दाले लामो समयदेखि प्रतीक्षा गरिरहेको दोस्रो चरणको मेट्रो रेल परियोजनाको पहिलो खण्ड अब औपचारिक रूपमा सर्वसाधारणका लागि सञ्चालनमा आएको छ। शहरमा यातायातको चाप कम गर्ने र यात्राको समय घटाउने उद्देश्यले पून्दमल्ली बाइपासदेखि वडपलनीसम्म १४.६ किलोमिटर लामो मार्ग निर्माण गरिएको हो। तमिलनाडुमा नयाँ सरकारले सत्ता सम्हालेपछि पहिलो पटक चेन्नई पुगेका प्रधानमन्त्री मोदीले मुख्यमन्त्री विजयको उपस्थितिमा मेट्रो रेल सेवाको उद्घाटन गरेका हुन्। उद्घाटन समारोहपछि दुवै नेताले एउटै मेट्रो रेलमा यात्रा गरे।

यस घटनाले तमिलनाडुको राजनीतिक वृत्त र सर्वसाधारणबीच व्यापक ध्यान आकर्षित गरेको छ। दिल्लीबाट विशेष विमान मार्फत आइतवार बिहान लगभग ११ बजी चेन्नई पुगेका प्रधानमन्त्री मोदीलाई तमिलनाडुका मुख्यमन्त्री विजय र मन्त्रीहरूले विमानस्थलमा शाल ओढ़ाएर औपचारिक स्वागत गरे। त्यसपछि प्रधानमन्त्री सड़कमार्ग हुँदै गाड़ीमा पोरुरतर्फ प्रस्थान गरे।

विमानस्थलदेखि पोरुरसम्म बाटोभरि भेला भएका भारतीय जनता पार्टीका कार्यकर्ता तथा सर्वसाधारणले उनको उत्साहपूर्वक स्वागत गरे। जनताको आत्मीय स्वागत स्वीकार गर्दै प्रधानमन्त्री मोदीले गाडीको ढोका खोलेर उनीहरूलाई अभिवादन गरे। पोरुर मेट्रो रेल स्टेशन पुगेपछि प्रधानमन्त्री मोदीले पून्दमल्लीह्ववडपलनीबीचको नयाँ मेट्रो रेल सेवाको औपचारिक उद्घाटन गरे। त्यसपछि उनले मुख्यमन्त्री विजयसँगै मेट्रो रेलमा यात्रा गरे। यात्राका क्रममा दुवै नेताले रेलमा रहेका सर्वसाधारण र विद्यालयका विद्यार्थीसँग उत्साहपूर्वक कुराकानी गरे। दोस्रो चरणको मेट्रो परियोजनाको पहिलो खण्ड अन्तर्गत हाल ११ वटा मेट्रो स्टेशन सर्वसाधारणका लागि सञ्चालनमा ल्याइएको छ। यात्रुलाई सहज र निर्बाध सेवा उपलब्ध गराउन मेट्रो प्रशासनले आधुनिक सुरक्षा व्यवस्था तथा आवश्यक आधारभूत सुविधाहरूको प्रबन्ध गरेको जनाएको छ।

प्रधानमन्त्री मोदीसहित अन्य नेताद्वारा महाराजा अग्रसेन, नानाजी देशमुख र जयप्रकाश नारायणलाई श्रद्धाञ्जली



नयाँ दिल्ली, ११ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षामन्त्री राजनाथ सिंह तथा अन्य नेताहरूले आइतवार महाराजा अग्रसेन, नानाजी देशमुख र लोकनायक जयप्रकाश नारायणको जयन्तीका अवसरमा उनीहरूप्रति श्रद्धाञ्जली अर्पण गरेका छन्। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल 'एक्स' मा सन्देश लेख्दै जनसेवा र सामाजिक सद्भावका अग्रदूत महाराजा अग्रसेनको जीवन तथा आदर्शले मानवताको मार्गमा निरन्तर अघि बढ्न प्रेरणा दिने बताएका छन्। उनका महान् विचार भारतीय सांस्कृतिक पुनर्जागरणका लागि सधैँ प्रेरणाको स्रोत बनिरहने उनले उल्लेख गरेका छन्।

त्यसैगरी, प्रधानमन्त्रीले नानाजी देशमुखलाई आफ्ना विचार र कार्य मार्फत वास्तविक परिवर्तनको शुरुआत तल्लो तहबाटै हुने देखाउने असाधारण राष्ट्रनिर्माताका रूपमा स्मरण गरेका छन्। उनको जीवनमा राजनीतिक प्रतिबद्धता र रचनात्मक सामाजिक कार्यको अनौठो समन्वय रहेको उल्लेख गर्दै उनले ग्रामीण विकास तथा सामुदायिक सहभागिताका लागि आफूलाई पूर्ण रूपमा समर्पित गरेको बताएका छन्। नानाजीको सुदृढ़ र आत्मनिर्भर भारत निर्माण गर्ने सपना साकार पार्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन्। लोकनायक जयप्रकाश नारायणको प्रभाव हरेक पुस्ताका मानिसमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले सार्वजनिक जीवन देशको नवनिर्माणको माध्यम बन्नसक्छ भन्ने विश्वास उनले जनतामा जगाएको बताएका छन्। आपातकालका बेला उनले निर्भीक रूपमा उठाएको आवाज पनि उल्लेखनीय रहेको मोदीले बताएका छन्। रक्षामन्त्री राजनाथ सिंहले राष्ट्रऋषि, प्रख्यात विचारक, समाज सुधारक तथा 'ग्राम उदय' का प्रणेता भारत रत्न नानाजी देशमुखको सम्पूर्ण जीवन त्याग, सेवा र निःस्वार्थ कर्मयोगको अनुकरणीय उदाहरण रहेको बताएका छन्।

नानाजीले आफ्नो सम्पूर्ण जीवन, ऊर्जा र समय ग्रामीण विकास, ग्राम स्वराज तथा अन्त्योदयका लागि समर्पित गरेको उल्लेख गर्दै मानवताप्रतिको उनको समर्पण र राष्ट्रनिर्माणमा पुर्याएको विशिष्ट योगदानले भावी पुस्तालाई सधैँ प्रेरित गरिरहने बताएका छन्। सिंहले लोकनायक जयप्रकाश नारायणको जीवन लोकतान्त्रिक मूल्य र राष्ट्रिय हितप्रतिको अटुट प्रतिबद्धताको प्रतीक रहेको पनि बताएका छन्। उनको 'सम्पूर्ण क्रान्ति' को आह्वान राजनीतिमा इमानदारी, शासनमा जवाफदेहिता र समाजमा नैतिक जागरण ल्याउने सङ्कल्प रहेको उनले उल्लेख गरेका छन्। आपातकालको कठिन समयमा जयप्रकाश नारायणले अदम्य साहसका साथ तानाशाहीको विरोध गरेको र संविधान, नागरिक स्वतन्त्रता तथा लोकतान्त्रिक अधिकारको रक्षाका लागि गरेको सङ्घर्ष भारतीय इतिहासमा सधैँ स्मरणीय रहने उनले बताएका छन्। उनी अनुसार लोकनायकको जीवनले सिद्धान्त सत्ताभन्दा ठूलो र राष्ट्रिय हित व्यक्तिगत लाभभन्दा माथि हुने सन्देश दिन्छ। केन्द्रिय गृहमन्त्री तथा सहकारिता मन्त्री अमित शाहले राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) का मूल्यलाई आफ्नो जीवनमा आत्मसात् गर्दै नानाजी देशमुखले समाजका अन्तिम व्यक्तिको उत्थान, ग्रामीण विकास र आत्मनिर्भरताका लागि आफूलाई पूर्ण रूपमा समर्पित गरेको बताएका छन्। सङ्गठनप्रतिको उनको अटुट निष्ठा र राष्ट्रनिर्माणमा पुऱ्याएको विशिष्ट योगदान युवाहरूका लागि सधैँ प्रेरणाको स्रोत रहने शाहले उल्लेख गरेका छन्। त्यसैगरी, स्वतन्त्रता सङ्ग्राममा युवाशक्तिलाई सहभागी गराउनेदेखि ग्रामीण भारतलाई सशक्त बनाउने र स्वतन्त्रतापछि 'सर्वोदय' को लक्ष्य प्राप्तिका लागि प्रयास गर्नेसम्म जयप्रकाश नारायणको सम्पूर्ण जीवन देश र समाजप्रति समर्पित रहेको शाहले बताएका छन्। आपातकालका बेला उनको 'सम्पूर्ण क्रान्ति'को आह्वान करोड़ौँ देशवासीको आवाज बनेको उल्लेख गर्दै उनले देश र समाजप्रतिको जयप्रकाश नारायणको समर्पणले भावी पुस्तालाई मार्गदर्शन गरिरहने बताएका छन्।

निर्यात वृद्धिले गति लिँदै गर्दा भारतको व्यापार सम्झौताको प्रभाव देखिन थाल्यो

नयाँ दिल्ली, ११ अक्टोबरः आर्थिक वर्ष २०२६-२७ को पहिलो त्रैमासिकमा भारतका प्रमुख स्वतन्त्र व्यापार सम्झौता (एफटीए) साझेदारहरूतर्फको निर्यातमा तीव्र वृद्धि भएको छ। सिङ्गापुर र श्रीलङ्कातर्फको निर्यात दोब्बरभन्दा बढीले बढेको छ भने आसियान तर्फको निर्यात ६० प्रतिशतभन्दा बढीले वृद्धि भएको छ। यी तथ्याङ्कहरूले भारतको व्यापार सम्झौताहरूको विस्तारित सञ्जालले बजार पहुँचको सहमतिलाई वास्तविक निर्यातको गतिमा रूपान्तरण गरिरहेको देखाउँछन्। यो विकासक्रम भारतको बाह्य व्यापार रणनीतिका लागि महत्त्वपूर्ण समयमा आएको छ। देशले आर्थिक वर्ष २०२५-२६ मा हालसम्मकै उच्च संयुक्त निर्यात दर्ता गरेको छ, जसमा ४४१.८ अर्ब डलरको वस्तु निर्यात र ४२१.३ अर्ब डलरको सेवा निर्यात गरी कुल ८६३.१ अर्ब अमेरिकी डलर बराबरको निर्यात समावेश छ।

एफटीएका पछिल्ला तथ्याङ्कहरूले यस कीर्तिमानमा अर्को आयाम थपेका छन्: भारतले आफ्नो निर्यात परिमाण मात्र विस्तार गरिरहेको छैन, बरु आफ्नो बजार उपस्थिति फराकिलो बनाउन प्राथमिकता प्राप्त व्यापार व्यवस्थाहरूको बढ्दो उपयोग गरिरहेको छ। वाणिज्य मन्त्रालयको तथ्याङ्कअनुसार, अप्रेल-जुन २०२६ को अवधिमा सिङ्गापुरतर्फ भारतको निर्यात अघिल्लो वर्षको सोही अवधिको ३.२४ अरब डलरको तुलनामा १०१.२ प्रतिशतले बढेर ६.५२ अरब डलर पुगेको छ।

श्रीलङ्कातर्फको निर्यात अझ बलियो रूपमा प्रदर्शन गर्दै १.०५ अर्ब डलरबाट १२३.८ प्रतिशतले बढेर २.३५ अरब डलर पुगेको छ। आसियान क्षेत्रले पनि उल्लेख्य वृद्धि दर्ता गरेको छ। आर्थिक वर्ष २०२६-२७ को पहिलो त्रैमासिकमा भारतीय ढुवानी (निर्यात) ६१.६ प्रतिशतले बढेर १४.६१ अरब डलर पुगेको छ, जुन अप्रेल-जुन २०२५ मा ९.०४ अर्ब डलर थियो। दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) तर्फको निर्यात ३६.६ प्रतिशतले बढेर ६.१५ अर्ब डलरबाट ८.४० अर्ब डलर पुगेको छ। यो वृद्धि व्यक्तिगत एफटीए साझेदारहरूमा पनि व्यापक रूपमा फैलिएको थियो। मलेसियातर्फको निर्यात ७५.२ प्रतिशतले बढेर २.५४ अरब डलर पुगेको छ भने अस्ट्रेलियातर्फको ढुवानी २५.२ प्रतिशतले बढेर २.६८ अरब डलर पुगेको छ। दक्षिण कोरियातर्फ २२.६ प्रतिशतको वृद्धिसहित १.९५ अरब लर र जापनतर्फ २२.४ प्रतिशतको वृद्धिसहित १.७५ अर्ब डलरको निर्यात दर्ता भएको छ। ओमानतर्फको ढुवानी २६.४ प्रतिशतले बढेर १.३९ अरब डलर पुगेको छ भने नेपालतर्फको निर्यात १८.१ प्रतिशतले बढेर २.२८ अर्ब डलर पुगेको छ। भुटान र थाइल्यान्डले पनि क्रमशः १६.१ प्रतिशत र ६ प्रतिशतको वृद्धि दर्ता गरेका छन्। यी तथ्याङ्कहरू महत्त्वपूर्ण छन् किनभने यसले निर्यात विस्तार कुनै एउटै बजारमा मात्र केन्द्रित नभई विभिन्न भौगोलिक क्षेत्रहरूमा फैलिरहेको देखाउँछन्।

यसरी नै भारतबाट अस्ट्रेलियातर्फ निर्यात हुने ट्यारिफ लाइनहरूको सङ्ख्या आर्थिक वर्ष २०२१-२२ को ५,३९६ बाट बढेर २०२५-२६ मा ५,६६८ पुगेको छ, जसमा यी लाइनहरूभरिको निर्यात करिब ७.२ अर्ब डलर पुगेको छ। वाणिज्य मन्त्रालयका अनुसार, आर्थिक वर्ष २०२५-२६ मा युएईतर्फ भारतको वस्तु निर्यात ३७.३६ अरब डलर पुगेको छ। अस्ट्रेलियाको हिस्सा ७.२८ अरब डलर रहेको छ भने सिङ्गापुरले ११.८६ अर्ब डलर बराबरको भारतीय वस्तु निर्यात प्राप्त गरेको छ। एउटा ब्लकको रूपमा आसियानको हिस्सा ३८.४२ अर्ब डलर रहेको छ। यी तथ्याङ्कहरूले प्राथमिकता प्राप्त व्यवस्थाहरूमार्फत पहिल्यै पहुँच प्राप्त गरिसकिएका बजारहरूको आकार प्रदर्शन गर्छन्। अस्ट्रेलियासँगको सम्झौता पनि नयाँ चरणमा प्रवेश गरेको छ। १ जनवरी २०२६ देखि, इक्टाअन्तर्गत सबै भारतीय निर्यातहरू अस्ट्रेलियामा शून्य-भन्सार बजार पहुँचका लागि योग्य भएका छन्।

वाणिज्य मन्त्रालयले जनाएअनुसार जुलाई २०२६ सम्ममा, यस सम्झौताअन्तर्गत ७,८८५ वटा 'सर्टिफिकेट अफ ओरिजिन' जारी भइसकेका थिए, जसले भारतीय व्यवसायहरूले पहिल्यै यसको प्राथमिकता प्राप्त प्रावधानहरूको प्रयोग गरिरहेका छन् भन्ने सङ्केत गर्छ। यस सम्झौताले व्यापारलाई लगानीसँग पनि जोडेको छ। इफ्टा राष्ट्रहरूले १५ वर्षको अवधिमा १०० अर्ब डलरको लगानी लक्ष्य राख्ने र भारतमा १० लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्न सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन्।

दिल्ली प्रदर्शन प्रकरणमा सर्वोच्च न्यायालयको महत्त्वपूर्ण निर्देशन

प्रदर्शन पनि हुनेछ, आवतजावत पनि जारी रहनेछ'

नयाँ दिल्ली, ११ अक्टोबरः दिल्लीमा प्रदर्शनलाई लिएर पुलिसविरुद्ध दायर गरिएका दुईवटा निवेदनमाथि सर्वोच्च न्यायालयमा सुनुवाइ भयो। न्यायालयले शहरमा मानिसहरूको आवतजावत रोक्न नहुने र इण्टरनेट सेवा चालु रहनुपर्ने स्पष्ट पारेको छ। न्यायालयले मेट्रो रेल र अन्य रेलसेवा नियन्त्रित रूपमा सञ्चालन गर्न सकिने भए पनि तिनको सञ्चालन पूर्ण रूपमा बन्द गर्न नहुने बताएको छ।

न्यायमूर्ति जयमाल्य बाग्ची र न्यायमूर्ति वी. मोहना सम्मिलित इजलासले ९ अक्टोबरको आदेशमा अधिकारीहरूलाई स्पष्ट निर्देशन दिइएको बतायो। न्यायालयले मानिसहरूलाई विरोध प्रदर्शन गर्ने अधिकार रहेको तर यसका लागि पुलिसले बनाएका नियमहरू पालना गर्नुपर्ने पनि स्पष्ट पारेको छ। सर्वोच्च न्यायालयले पुलिसले लगाएका प्रतिबन्धहरू संविधानको धारा १९(२) अन्तर्गत कति हदसम्म उचित छन् भन्ने नै मुख्य प्रश्न रहेको बतायो।

न्यायालयले भन्यो, तपाईंलाई विरोध प्रदर्शन गर्ने अधिकार छ, यसमा कुनै विवाद छैन। तर प्रदर्शन गर्ने तरिका पुलिस ऐनको दायराभित्र हुनुपर्छ। तपाईंले आफ्नो प्रदर्शन गर्ने अधिकार पुलिस ऐनभन्दा माथि छ भन्न सक्नुहुन्न। सुनुवाइका क्रममा न्यायालयले केही अन्तरिम निर्देशनहरू दियो। न्यायालयले कानुनअनुसार सहरमा मानिसहरूको आवतजावत जारी रहनुपर्ने बतायो। साथै, शान्ति र सुरक्षाको अवस्थालाई ध्यानमा राख्दै सडकमा अवरोधक राख्नुपर्ने आवश्यकताबारे पुनः समीक्षा गर्नुपर्ने पनि उल्लेख गऱ्यो।

न्यायालयले इण्टरनेट सेवा बिना अवरोध जारी राख्न पनि निर्देशन दियो। न्यायालयले भन्यो, शहरमा मानिसहरूको आवतजावत कानुनअनुसार जारी रहनुपर्छ। शान्तिपूर्ण र निःशस्त्र मानिसहरूलाई गैरकानुनी रूपमा हिरासतमा राख्नु हुँदैन, विशेषगरी भारतीय नागरिक सुरक्षा संहिताको धारा १६३ लागू भएको क्षेत्रबाहिर।

सर्वोच्च न्यायालयको आसपास पनि धारा १६३ अन्तर्गत प्रतिबन्ध लगाइएको न्यायालयलाई जानकारी गराइयो। यसपछि न्यायालयले अधिकारीहरूलाई उक्त प्रतिबन्ध हटाउन निर्देशन दियो, ताकि मानिसहरूलाई सर्वोच्च न्यायालय आउन-जान र न्याय प्राप्त गर्न कुनै कठिनाइ नहोस्। यस मामिलामा दुईवटा निवेदन दायर गरिएका थिए। पहिलो निवेदन अधिवक्ता शैलेन्द्र मणि त्रिपाठीले दायर गरेका थिए। यसमा केन्द्रीय गृह सचिव गोविन्द मोहन, दिल्ली पुलिस आयुक्त अनुराग कुमार र दिल्ली मेट्रो रेल निगमका अध्यक्ष डी. थाराविरुद्ध न्यायालयको अवहेलनासम्बन्धी कारवाही शुरु गर्न माग गरिएको छ। निवेदनमा ९ अक्टोबरमा सर्वोच्च न्यायालयले दिएको आदेश पालना नगरिएको आरोप लगाइएको छ।

दोस्रो निवेदन वरिष्ठ अधिवक्ता तथा तृणमूल कङ्ग्रेसकी राज्यसभा सांसद मेनका गुरुस्वामीले दायर गरेकी थिइन्। यसमा दिल्लीमा विपक्षी नेताहरूलाई सावधानीका रूपमा हिरासतमा लिइएको घटनालाई चुनौती दिइएको छ। मेनका गुरुस्वामीले आफ्नो निवेदनमा शान्तिपूर्ण प्रदर्शन गर्ने मौलिक अधिकार दबाउन सावधानीका नाममा हिरासतमा राख्ने व्यवस्थाको प्रयोग गर्न नसकिने बताएकी छन्। उनले विशेषगरी यसअघि विभिन्न राज्यका मुख्यमन्त्री रहिसकेका नेताहरूको विषय उठाएकी छन्।ङ्गसुनुवाइका क्रममा वरिष्ठ अधिवक्ता कपिल सिब्बलले न्यायालयप्रति आभार व्यक्त गरे। उनले यस समयमा सुनुवाइका लागि उपस्थित भएकोमा न्यायालयलाई धन्यवाद दिए। यसमा न्यायमूर्ति बाग्चीले भने, हामी देशको सेवा गर्न सधैँ उपस्थित छौँ। यस मामिलामा दिल्ली पुलिस र सरकारका तर्फबाट सोलिसिटर जनरल तुषार मेहता उपस्थित भएका थिए।

नवरात्रि मेलामा २१ अक्टोबरसम्म भारी सवारीसाधन प्रवेशमा प्रतिबन्ध

मिर्जापुर, ११ अक्टोबरः विन्ध्याचलमा सञ्चालन भइरहेको शारदीय नवरात्रि मेलामा श्रद्धालुहरूको सुरक्षा र सहज आवागमन सुनिश्चित गर्न यातायात पुलिसले मार्ग परिवर्तन योजना लागू गरेको छ। यातायात क्षेत्राधिकारी गायत्री यादवका अनुसार, २१ अक्टोबर राति १० बजीसम्म मिर्जापुर शहरमा भारी सवारीसाधनको प्रवेश प्रतिबन्धित रहनेछ।

प्रयागराजबाट आउने भारी सवारीसाधनलाई गैपुरा चोकबाट विजयपुर र लालगञ्जतर्फ मोडिनेछ। नटवा तिराहाबाट विन्ध्याचलतर्फ पेट्रोलियम पदार्थ तथा ग्यास बोक्ने सवारीसाधनबाहेक अन्य भारी सवारीसाधनको प्रवेश निषेध गरिएको छ। त्यसैगरी, वाराणसीबाट प्रयागराज जाने भारी सवारीसाधनलाई औराई र रामटेक चोकबाट वैकल्पिक मार्गतर्फ पठाइनेछ। आवश्यक वस्तुको आपूर्ति गर्ने सवारीसाधनलाई निर्धारित समय र जाँचपछि मात्र प्रवेश दिइनेछ। बालुवा, गिट्टी, मोरङ र फलाम बोकेका सवारीसाधनलाई सहरभित्र प्रवेश गर्न दिइने छैन।

युवा आन्दोलनकी नयाँ अनुहारको रूपमा उदाउँदै नेहा बोरा

नयाँ दिल्ली, ११ अक्टोबरः प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारलाई पछिल्ला वर्षकै गम्भीर चुनौती दिइरहेको युवा आन्दोलनमा २९ वर्षीया विद्यार्थी नेतृ नेहा बोरा नयाँ अनुहारका रूपमा उदाएकी छन्। उत्तराखण्डमा हुर्किएकी र जवाहरलाल नेहरू विश्वविद्यालयमा विद्यावारिधि गरिरहेकी बोरा कुनै समय राजनीतिक सक्रियताभन्दा रङ्गमञ्चमा बढी रुचि राख्थिन्। तर, नागरिकता विधेयकविरुद्ध आन्दोलन, परीक्षा प्रश्नपत्र चुहावट र बेरोजगारीजस्ता मुद्दाले उनलाई सडक आन्दोलनको अग्रपङ्क्तिमा पुर्याएको हो।

भारतको वामपन्थी विद्यार्थी सङ्गठन अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन (एआईएसए) की राष्ट्रिय अध्यक्ष बोरा राजधानी नयाँदिल्लीमा भएको प्रदर्शनका क्रममा पक्राउ परेकी थिइन्। 'कक्रोच जनता पार्टी' (सीजेपी) को नेतृत्वमा भइरहेको प्रदर्शनमा सहभागीहरूले भारतका मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग गरेका छन्।

प्रदर्शनकारीहरूले मतदाता विवरण व्यवस्थापनमा अनियमितता भएको र मतदाता सूचीबाट १३ करोड नाम हटाइएको आरोप लगाएका छन्। उनीहरूको दाबीमा यसले सत्तारूढ दललाई फाइदा पुर्याएको छ। तर, निर्वाचन आयोगले कुनै पक्षलाई फाइदा पुग्ने गरी काम गरेको आरोप अस्वीकार गरेको छ। मोदीको सत्तारूढ दलले भने विपक्षीहरूले वैध निर्वाचन प्रक्रियामाथि प्रश्न उठाएर लोकतन्त्रलाई कमजोर बनाउन खोजेको आरोप लगाएको छ।

दिल्लीको जन्तरमन्तरमा प्रदर्शन गर्न पुलिले अवरोध गरेपछि बोराले प्रदर्शनकारीलाई करिब १० किलोमिटर टाढा रहेको दिल्ली हाटमा भेला हुन आह्वान गरेकी थिइन्। उनले सामाजिक सञ्जाल एक्समा 'आज दिल्ली हाट नै जन्तरमन्तर बन्छ' भन्दै प्रदर्शनमा सहभागी हुन आग्रह गरिन्। पुलिले उनलाई अन्य कार्यकर्तासँगै नियन्त्रणमा लिए पनि उनले आन्दोलन जारी राख्न समर्थकहरूलाई आग्रह गरिन्। हिरासतमा रहेकै बेला सार्वजनिक

गरिएको भिडियोमा उनले भनेकी थिइन्, 'म हिरासतमा छु, आन्दोलन होइन।' तुरून्त रिहा भएपछि उनी पुनः आन्दोलनमा सक्रिय भइन्।

बोराले परीक्षा प्रश्नपत्र चुहावट, बेरोजगारी र प्रदर्शनकारीमाथि पुलिसको व्यवहारजस्ता विषयमा पनि आवाज उठाउँदै आएकी छन्। गत जुलाईमा परीक्षा प्रश्नपत्र चुहावट भएको आरोपपछि शिक्षामन्त्रीको राजीनामा माग गर्दै भएको प्रदर्शनमा सहभागी भएपछि उनी थप चर्चामा आएकी थिइन्। जन्तरमन्तरमा सरकार र पुलिसको आलोचना गर्दै दिएका उनका भाषण सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएका थिए।

बोराको राजनीतिक यात्रा भने योजनाबद्ध थिएन। सेनामा कार्यरत बुबाको जागिरका कारण बाल्यकालमा भारतका विभिन्न ठाउँमा बस्नुपरेकी उनी दिल्ली विश्वविद्यालयमा अध्ययन गरेपछि जवाहरलाल नेहरू विश्वविद्यालयको कला तथा सौन्दर्यशास्त्र संकायमा विद्यावारिधि गर्न पुगेकी हुन्।

स्नातक तहमा पढ्दै गर्दा उनी एउटा रङ्गमञ्च समूहमा आबद्ध भएकी थिइन्। रङ्गमञ्चले आफूभन्दा फरक सामाजिक पृष्ठभूमि र विचार भएका मानिसको जीवन बुझ्न सघाएको उनी बताउँछिन्। 'वास्तविक जीवनमा भेट्दा तपाईं असहमत हुने वा मन नपराउने पात्र पनि हुन सक्छ। तर, रङ्गमञ्चमा काम गर्नु भनेको त्यो व्यक्ति कहाँबाट आएको हो भन्ने बुझ्नु हो,' उनी भन्छिन्। सन् २०१९ र २०२० मा नागरिकता संशोधन कानुनविरुद्ध भएको आन्दोलन उनका लागि निर्णायक मोड बन्यो। आलोचकहरूले उक्त कानुनले मुस्लिम समुदायमाथि विभेद गर्ने बताएका थिए। आफ्नै पुस्ताका विद्यार्थीले कक्षाकोठा छाडेर सडकमा उत्रिएको देख्दा पुस्तक, चलचित्र र वृत्तचित्रमा पढेका विचारलाई व्यवहारमा उतार्न सकिने अनुभूति भएको उनले बताइन्।

बोराका भाषणमा संवैधानिक अधिकार, सामाजिक असमानता र सरकारको जवाफदेहिताका विषय प्रमुख हुन्छन्। उनी हिन्दी र अङ्ग्रेजी दुवै भाषामा बोल्छिन्। सामान्य कुराकानीमा शान्त स्वभावकी देखिने उनी माइक समातेपछि भने प्रभावशाली वक्ताका रूपमा प्रस्तुत हुने गर्छिन्।

उनका अनुसार अहिलेको युवा आन्दोलनलाई राजनीतिक विचारधाराले मात्र प्रेरित गरेको छैन। वर्षौंदेखि थुप्रिएका असन्तुष्टि, निराशा र विश्वासघातको अनुभूतिले पनि युवालाई सडकमा ल्याएको छ। 'डर सङ्क्रामक हुन्छ, पक्कै पनि। तर आशा पनि सङ्क्रामक हुन्छ,' उनी भन्छिन्, 'मानिसहरूमा अहिले साहस छ, किनकि उनीहरू आफू साहसी बन्न सक्छौं भन्ने विश्वास गर्न थालेका छन्।'

बोरा पछिल्ला समय दिल्लीमा हुने प्रदर्शनहरूको नियमित अनुहार बनेकी छन्। मुख्य निर्वाचन आयुक्तको राजीनामा माग गर्दै भएको आन्दोलनमा उनलाई पटकपटक नियन्त्रणमा लिइएको थियो। तर, रिहा भएपछि उनी पुनः सडकमा फर्किइन्।

उनका अनुसार मानिसहरूले वर्षौंदेखिका असन्तुष्टि बिर्सेका छैनन्। 'मानिसहरूले सम्झिरहेका छन्। उनीहरूले असन्तुष्टि, विश्वासघात र निराशालाई आफूसँगै बोकेका छन्,' उनी भन्छिन्। रङ्गमञ्चबाट शुरु भएको बोराको राजनीतिक यात्रा अहिले भारतका युवामा बढ्दो असन्तुष्टिको प्रतीक बनेको छ। परीक्षा प्रणाली, रोजगारी र निर्वाचन प्रक्रियामाथि उठेका प्रश्नहरूलाई एउटै राजनीतिक बहसमा जोड्दै उनी नयाँ पुस्ताको आन्दोलनमा प्रभावशाली आवाजका रूपमा स्थापित भइरहेकी छन्।

हिमाली बेला

वर्ष–२०; अङ्क–२७७; वि.सं. २०८३, असोज २६ गते; गान्तोक, सोमवार, १२ अक्टोबर, २०२६

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्। अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौं। ❑ शेक्सपियर

सम्पादकीय

भारतको लागि वरदान साबित हुन सक्छ एआई

इतिहास साक्षी छ– जब जब नयाँ प्रविधिको उदय भएको छ, यसले नयाँ सपना र नयाँ डर दुवै ल्याएको छ। हवाईजहाजको आगमनले रेलवेमा अवरोध ल्यायो, डाक सेवाहरूमा ईमेलले डर फैलायो र कम्प्युटरको आगमनले नोकरी गुम्ने हल्ला फैलियो। आज, आर्टिफिशियल इन्टेलिजेन्स (एआई)–को आगमनसँगै मानवताको लागि खतरा निम्तिन सक्छ भनेर मानिसहरू डराएका छन्। तर सत्य के हो भने प्रत्येक प्रविधिले समाधान र समस्या दुवै ल्याउँछ।

मोबाइल फोनले संसारलाई जोड़ेको छ, तर फोन गलत सूचना फैलाउने माध्यम पनि बनेको छ। यो कुरा सबैले अनुभव गरेका छन्। त्यसैकारण एआईलाई राम्रो र नराम्रो दुवैको लागि प्रयोग गर्न सकिन्छ। एआई मानव इतिहासको पहिलो प्रविधि हो जोसँग आफैँ सोच्ने, बुझ्ने र कार्य गर्ने क्षमता छ। दुरुपयोग र ह्याकिङका हालैका घटनाहरू देखा परेका छन्, जसले समाजमा डर बढ़ाएको छ। यद्यपि, केही घटनाको कारणले सम्पूर्ण प्राविधिक क्रान्तिलाई रोक्नु बुद्धिमानी होइन। नियम र व्यवस्थाहरू बनाउनुपर्छ जसले एआईलाई समाजको हितको लागि प्रयोग गरिएको सुनिश्चित गर्दछ। एआई बिजुली जस्तै हो, जताततै उपस्थित छ र सबैलाई असर गर्छ। जसरी बिजुलीले संसारको संरचना र काम गर्ने तरिकालाई परिवर्तन गऱ्यो, उसैगरी एआईले मानव जीवन र भावी पुस्ताको जीवनलाई पनि परिवर्तन गर्नेछ। भारत जस्तो देशमा, जहाँ आज पनि रोटी, कपड़ा, आश्रय, शिक्षा र रोजगारीका चुनौतीहरू विद्यमान छन्, एआई वरदान साबित हुन सक्छ।

स्कूल जान नसक्ने बच्चाले मोबाइल फोनमा एआईसँग अध्ययन गर्न सक्छ। किसानले आफ्नो फसल उत्पादन बढ़ाउन सक्छ र एक युवाले नयाँ स्टार्टअप स्थापना गर्न सक्छ। इण्डिया एआई इम्प्याक्ट समिटले यसको उचित प्रयोगमार्फत वैश्विक रूपमा कसरी सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भनेर पनि प्रदर्शन गऱ्यो। यद्यपि, एआईको विकास एकदमै स्पिड छ अनि अमेरिका र चीनका कम्पनीहरू वैश्विक रूपमा अग्रणी छन्। एआईलाई नियन्त्रण गर्ने दुई तरिका छन्।

भारत सरकारले आफ्नो नैतिक र जिम्मेवार विकास सुनिश्चित गर्न एआई शासन निर्देशिका जारी गरेको छ। प्रविधिको इतिहासले के देखाउँछ भने युद्धहरूमा डायनामाइट जस्ता नागरिक प्रविधिहरू प्रयोग गरिन्थ्यो, जबकि परमाणु ऊर्जा जस्ता सैन्य प्रविधिहरू बिजुली उत्पादन गर्न प्रयोग गर्न थालियो। त्यस्तै, एआई स्वाभाविक रूपमा गलत छैन। भारतको बढ्दो आबादीका साथ, सामान र सेवाहरूको आपूर्ति बढ़ाउन आवश्यक हुनेछ र एआईले यसमा प्रमुख भूमिका खेल्न सक्छ। एआईलाई रोटी वा आश्रयको आवश्यकता पर्दैन; यसले केवल मानव उत्पादकता बढ़ाउन सक्छ। त्यसैले, एआईसँग डराउनुको सट्टा यसलाई बुझ्नु र बुद्धिमानीपूर्वक प्रयोग गर्नु महत्त्वपूर्ण छ। संयुक्त राष्ट्र सङ्घमा पनि यसको सुरक्षित प्रयोगमा वैश्विक सहमति निर्माण भइरहेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले भनेझैँ, युवा शक्ति र एआई मिलेर विकसित भारतको सपना पूरा गर्नेछन्। एआईको क्षमतालाई बढ़ी आँकलन गर्नु हुँदैन वा मानव बुद्धिमत्तालाई कम आँकलन गर्नु हुँदैन। विवेक र उचित दिशाका साथ एआईमार्फत सशक्त र समृद्ध भारत निर्माण गर्न सकिन्छ। एआईको प्रयोग गरेर विश्वका विकसित मुलुकहरूले देशको कायाकल्प गरिरहेका छन्। एआईको प्रयोग कुनै एक क्षेत्रमा सीमित छैन। यसलाई मानव जीवनका हरेक कदममा प्रयोग गर्न सकिन्छ। हिजोआज विकसित मुलुकमा मात्र होइन, भारतका कतिपय राज्यमा फसल वृद्धिका उपाय निकाल्न एआईको प्रयोग भइरहेको छ। उद्योग–कारखानादेखि लिएर स्टार्ट–अपको क्षेत्रमा पनि एआईको प्रयोग दिन–प्रतिदिन बढ़ेर गएको छ। यसले मानिसलाई स्मार्ट बनाउन सक्छ, ज्ञानी बनाउन सक्छ। यति हो यसको प्रयोग रचनात्मक वा सकारात्मक प्रकारले प्रयोग गर्नुपर्छ। एआईको दुरुपयोग गर्नेहरूले तत्कालका लागि खुशी पाउन सक्लान्, तर त्यो दिगो हुँदैन भन्ने कुरा निश्चित छ। यसैले एआईबाट त्रसित हुनु होइन, तर यसलाई सही प्रयोग गरेर मानव जीवनलाई उज्यालो बनाउन सकिन्छ। मानव जीवन उज्यालो हुनु भनेको संसार उज्यालो हुनु हो। मानवका हरेक कदममा चुनौती आइपर्छन्, तर तिनको सामना गर्दै अघि बढ्नु मानवको परम कर्तव्य हो।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

शिक्षित समाज कि बौद्धिक समाज?

✍ दिपेन्द्र राई 'उपहार'

"PISA 2022 मा पहिलोपटक १५ वर्षका विद्यार्थीहरूको सिर्जनात्मक सोच पनि अन्तरराष्ट्रिय रूपमा मापन गरिएको थियो। यस अध्ययनको एउटा महत्त्वपूर्ण निष्कर्ष के निस्कियो भने शैक्षिक विषयमा उत्कृष्ट हुनु मात्र सिर्जनात्मक सोचमा उत्कृष्ट हुन पर्याप्त हुँदैन। यसले हामीलाई एउटा गम्भीर प्रश्न सोध्न बाध्य बनाउँछ, के धेरै पढ्नु र बौद्धिक हुनु एउटै कुरा हो?"

प्रगतिशील समाजले शिक्षालाई सधैँ महत्त्व दिन्छ। शिक्षाबिना विकसित समाजको कल्पना गर्न सकिँदैन। कालान्तरमा शिक्षासँगै शिक्षा दिने प्रविधि र पद्धतिमा पनि परिवर्तन हुँदै आएको छ। शिक्षाको महत्त्व त्यो बेला पनि उत्तिकै थियो र अहिले पनि उत्तिकै छ। बरु आजको प्रतिस्पर्धी युगमा यसको महत्त्व अझ बढ़ेर गएको छ। हामीले शिक्षाको स्तर त माथि उठायौँ, तर के हाम्रो शिक्षा प्रणाली नै हाम्रो बौद्धिकताको मापन हो? यो प्रश्नको उत्तर खोज्नुअघि शिक्षा र बौद्धिकताबीचको अन्तरलाई बुझ्नु आवश्यक छ।

PISA (Programme for International Student Assessment), OECD (Organisation for Economic Co-operation and Development) द्वारा सञ्चालन गरिने अन्तरराष्ट्रिय विद्यार्थी मूल्याङ्कन कार्यक्रम हो। PISA ले विद्यार्थीहरूले के जानेका छन् मात्र होइन, उनीहरूले प्राप्त ज्ञानलाई विभिन्न परिस्थितिमा कसरी प्रयोग गर्न सक्छन् भन्ने विषयलाई पनि मूल्याङ्कन गर्छ। PISA 2022 मा पहिलोपटक १५ वर्षका विद्यार्थीहरूको सिर्जनात्मक सोच पनि अन्तरराष्ट्रिय रूपमा मापन गरिएको थियो। यस अध्ययनको एउटा महत्त्वपूर्ण निष्कर्ष के निस्कियो भने शैक्षिक विषयमा उत्कृष्ट हुनु मात्र सिर्जनात्मक सोचमा उत्कृष्ट हुन पर्याप्त हुँदैन। यसले हामीलाई एउटा गम्भीर प्रश्न सोध्न बाध्य बनाउँछ, के धेरै पढ्नु र बौद्धिक हुनु एउटै कुरा हो?

शिक्षाले विकाससँगै अवसर पनि ल्यायो। मानिसहरूको जीवनस्तरमा सुधार आयो र जीवन सहज बन्दै गयो। मानव समाजको स्तर र देशको प्रगति शिक्षासँग जोड़िएपछि मानिसहरूबीच प्रतिस्पर्धा पनि बढ्दै गयो। यही प्रतिस्पर्धाले मानिसलाई आफ्नो भौतिक उपलब्धिलाई नै श्रेष्ठताको आधार मान्ने दिशातर्फ पनि डोहोऱ्यायो।

प्रकृतिलाई आफ्नो वशमा पार्ने होड़ चल्यो। पृथ्वीबाट ब्रह्माण्डसम्म आफ्नो ज्ञान र प्रविधिको पहुँच विस्तार गर्ने क्रममा मानिस निरन्तर अघि बढ़िरहेको छ। हावालाई जित्ने, आकाशलाई चिर्ने र समुद्रको गहिराइदेखि अन्तरिक्षसम्म पुग्ने हाम्रो प्रचुर इच्छाले मानिसलाई अभूतपूर्व उपलब्धि हासिल गर्ने प्राणी बनाएको छ। तर विकाससँगै चुनौतीहरू पनि आएका छन्। प्राकृतिक स्रोतको अत्यधिक दोहन, वातावरणीय सङ्कट, जलवायु परिवर्तन, युद्ध र विनाशकारी प्रविधिका सम्भावनाले धेरै गम्भीर प्रश्न उठाएका छन्। यही प्रश्नको उत्तर खोज्ने ठाउँमा शिक्षा र बौद्धिकताबीचको अन्तर देखिन थाल्छ। शिक्षित मानिसले कुनै समस्याको समाधान खोज्न सक्छ। तर बौद्धिक मानिसले त्यो समाधानले भविष्यमा पार्ने प्रभावबारे पनि सोच्न सक्छ। शिक्षित मानिसले नयाँ प्रविधि निर्माण गर्न सक्छ। तर बौद्धिक मानिसले त्यो प्रविधि मानवता, समाज र प्रकृतिका लागि कसरी प्रयोग गर्ने भन्ने प्रश्न गर्छ। शिक्षाले मानिसलाई ज्ञान दिन्छ भने बौद्धिकताले त्यस ज्ञानलाई दिशा दिन्छ। महान् दार्शनिक सुकरातले पनि भनेका छन्, "मलाई केही थाहा छैन भन्ने कुरा मैले जानेको छु।" यसको मूल भाव ज्ञानको सीमासँग सम्बन्धित छ। वास्तविक बौद्धिकता केवल धेरै कुरा जान्नुमा हुँदैन। आफूले जानेको ज्ञानको सीमा बुझ्नु, प्रश्न गर्न सक्नु, नयाँ कुरा सिक्न तयार हुनु र आफ्नो ज्ञानको प्रयोग गर्दा त्यसको परिणामबारे सोच्न सक्नु पनि बौद्धिकताको महत्त्वपूर्ण पक्ष हो।

आज हामीसँग सूचना पहिलेभन्दा धेरै छ। प्रविधिले संसारका करोड़ौँ मानिसलाई एउटै क्षणमा जानकारी प्राप्त गर्ने सुविधा दिएको छ। तर सूचना बढ्दै जानु र विवेक बढ्दै जानु एउटै कुरा होइन। हामीसँग ज्ञानको भण्डार बढ़िरहेको छ, तर त्यससँगै हाम्रो निर्णय क्षमता, संवेदनशीलता र जिम्मेवारी पनि बढ़िरहेको छैन।

अब हाम्रो समाजले शिक्षित र बौद्धिकबीचको भिन्नता गर्न सक्नुपर्छ। हाम्रो समाज शिक्षित अवश्य बनेको छ, तर त्यही अनुपातमा बौद्धिक भएको भए आजको यो जटिल संसारको निर्माण हुने थिएन। यो हतियारको धारमा उभिएको भविष्य हुने थिएन। यसैले शिक्षित हुनु मात्र बौद्धिकताको प्रमाण होइन। तर हाम्रो समाजमा अहिले शिक्षित मानिसलाई नै बौद्धिक भन्ने चलन छ। यही भुलले गर्दा ती तथाकथित बौद्धिकहरूले समाजलाई दोहोऱ्याएर पतनतर्फ धकेलिरहेका छन्।

शिक्षित हुनुको अर्थ प्रायः विद्यालय, कलेज वा विश्वविद्यालयबाट प्राप्त प्रमाणपत्रसँग जोड़िन्छ। उच्च शैक्षिक योग्यता भएको व्यक्तिलाई बौद्धिक मान्ने प्रवृत्ति पनि देखिन्छ। तर प्रमाणपत्रले व्यक्तिले निश्चित तहको औपचारिक शिक्षा हासिल गरेको प्रमाणित गर्न सक्छ भने उसको सम्पूर्ण बौद्धिक क्षमता, विवेक, सिर्जनात्मकता वा सामाजिक संवेदनशीलतालाई प्रमाणित गर्दैन। यसको अर्थ औपचारिक शिक्षाको महत्त्व छैन भन्ने पनि होइन। शिक्षा बौद्धिकताको महत्त्वपूर्ण आधार हो, तर शिक्षा मात्र बौद्धिकताको पूर्ण प्रमाण होइन भन्ने यहाँ बुझिन्छ।

PISA २०२२ को सिर्जनात्मक सोच सम्बन्धी निष्कर्षले पनि यही अन्तरलाई प्रमाणित गर्छ ख केही विद्यार्थी मूल शैक्षिक विषयहरू (Core -cademic Domains) मा उत्कृष्ट नभए पनि सिर्जनात्मक सोचमा उत्कृष्ट हुन सक्छन्। बौद्धिकता भन्नाले केवल परीक्षा वा डिग्रीको विषय मात्र होइन। यसमा प्रश्न गर्ने क्षमता, तर्क गर्ने क्षमता, सिर्जनात्मक सोच, समस्या समाधान गर्ने क्षमता, आफ्नो विचारमाथि पुनर्विचार गर्ने क्षमता तथा सामाजिक र भावनात्मक पक्ष पनि जोड़िन्छन्।

यसैले अब फरक सम्झौं अनि विवेकको प्रयोग गर्दै चेतनाको प्वालबाट अलि नियालेर समाजलाई हेरौं। तपाईं–हाम्रो बुझाइको बौद्धिकताले समाजको स्तर कहाँ पुऱ्याएको छ? अब फरक गर्ने, हुने अनि देखिने समय आएको छ। ■

ऐतिहासिक सङ्कटमा फ्रान्स

२०२४ यता परिवारको औसत वार्षिक क्रयशक्ति १,२०० युरोले घट्यो

"सन् २०२७ मा पनि क्रयशक्ति घट्यो भने फ्रान्सेली परिवारले लगातार तेस्रो वर्ष वास्तविक क्रयशक्ति गुमाउनेछन्। उच्च महँगी, घट्दो वास्तविक तलब, बढ्दो बेरोजगारी, कमजोर हुँदै गएको सामाजिक सुरक्षा र सीमित सरकारी बजेट क्षमताले फ्रान्सेली परिवारमाथिको आर्थिक दबाब अझ चर्को बनाउने देखिन्छ।"

फ्रान्समा जीवनयापनको लागत बढ्दै जाँदा परिवारको क्रयशक्तिमा ऐतिहासिक दबाब परेको छ। सन् २०२४ यता दुई वयस्क र दुई बालबालिका भएको औसत परिवारको क्रयशक्तिमा वास्तविक अर्थमा वार्षिक करिब १,२०० युरो बराबरको कमी आएको आर्थिक विश्लेषणले देखाएको छ। 'ले मोंद'का अनुसार सन् २०२५ मा परिवारको आकार र संरचनाअनुसार समायोजन गरिएको औसत 'उपभोग एकाइ'को क्रयशक्ति ०.७ प्रतिशतले घटेको थियो। सन् २०२६ मा पनि थप ०.७ प्रतिशतले घट्ने अनुमान गरिएको छ।

सन् १९६० देखि फ्रान्सको राष्ट्रिय तथ्याङ्क तथा आर्थिक अध्ययन संस्थान (आईएनएसईई)ले तथ्याङ्क राख्न थालेयता लगातार दुई वर्ष क्रयशक्ति घटेको अवस्था यसअघि दुईपटक मात्र देखिएको थियो। सन् १९८३–८४ मा तत्कालीन राष्ट्रपति फ्राँस्वा मितराँको कार्यकालमा लागू गरिएको मितव्ययिता नीतिका बेला पहिलोपटक यस्तो भएको थियो। दोस्रोपटक विश्वव्यापी वित्तीय सङ्कटपछि २०१०–२०१३ बीच यस्तो अवस्था आएको थियो। यस अर्थमा अहिलेको अवस्था फ्रान्सको क्रयशक्ति सङ्कटको तेस्रो ऐतिहासिक चरणका रूपमा देखिएको छ।

'निकै कठिन अवस्थामा पुगेका छौँ'

फ्रान्सेली अर्थतन्त्रसम्बन्धी संस्थानका अर्थशास्त्री म्याथ्यु प्लानले अहिलेको अवस्था निकै कठिन भएको बताएका छन्। संस्थानको गणनाअनुसार सन् २०२४ यता क्रयशक्तिमा आएको गिरावट दुई वयस्क र दुई बालबालिका भएको परिवारका लागि मुद्रास्फीति समायोजनपछि वास्तविक अर्थमा वार्षिक करिब १,२०० युरो बराबर छ। एक वयस्कका लागि यस्तो कमी करिब ६०० युरो हुने अनुमान छ। अर्थशास्त्री राउल साम्पोनारोका अनुसार अहिलेको नकारात्मक प्रवृत्ति विगतका दुई सङ्कटभन्दा बढ़ी पीड़ादायी हुन सक्छ। सन् १९८० को दशकको शुरुवातमा क्रयशक्ति घट्नुअघि फ्रान्सले लामो समय तीव्र रुपमा क्रयशक्ति वृद्धि भएको थियो। अहिले त्यस्तो आर्थिक आधार छैन। उच्च सार्वजनिक ऋणका कारण सरकारले परिवारलाई थप आर्थिक सहायता दिएर क्रयशक्ति जोगाउने क्षमता पनि सीमित भएको छ। एकातिर महँगी कायम छ भने अर्कोतिर सरकारले बजेट घाटा घटाउने लक्ष्य लिएको छ।

महँगी बढ्यो, तलबले पछ्याउन सकेन

अहिलेको सङ्कटको मुख्य कारण सन् २०२१ को अन्त्यदेखि तीव्र बनेको मुद्रास्फीति हो। सन् २०१९ यता फ्रान्समा मूल्य २१.३ प्रतिशत बढ़ेको छ भने तलब १८.७ प्रतिशत मात्र बढ़ेको छ। अर्थात् मूल्यवृद्धिको तुलनामा तलबको वृद्धि कम भएकाले वास्तविक तलब घटेको हो। कोभिड–१९ महामारीपछि विश्वव्यापी आपूर्ति शृङ्खलामा आएको अवरोध तथा युक्रेन युद्धपछि ग्यास र ऊर्जाको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिलाई थप तीव्र बनाएको थियो। तर तलबले मूल्यवृद्धिको गति पछ्याउन सकेन। साम्पोनारोका अनुसार सन् २०१९ को चौथो त्रैमासिकको तुलनामा फ्रान्सेली श्रमिकको वास्तविक तलब अहिले पनि २ प्रतिशतभन्दा बढ़ी कम छ। आईएनएसईईका अनुसार सन् १९८३–८५ पछि वास्तविक तलबमा यस्तो गिरावट असाधारण हो।

पश्चिमी अर्थतन्त्रमा पनि दबाब

आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसिडि) का स्टेफान कार्सिलोका अनुसार वास्तविक तलबमा आएको गिरावट फ्रान्समा मात्र सीमित छैन। सन् २०२१ यता इटालीमा वास्तविक तलब करिब ६ प्रतिशत, स्विडेन र अस्ट्रेलियामा ५ प्रतिशत, स्पेनमा २ प्रतिशत तथा अमेरिकामा करिब १.५ प्रतिशत घटेको छ। युरोजोनमा पनि वास्तविक तलबमा गिरावट आएको छ। यी तथ्याङ्क मुख्यतः सन् २०२६ को पहिलो त्रैमासिकसम्मका भएकाले पछिल्लो समय मध्यपूर्वको युद्ध र इन्धन मूल्यवृद्धिको प्रभाव भने पूर्ण रूपमा समेटिएको छैन। फ्रान्सका लागि यो परिवर्तन विशेष महत्वको छ। सन् १९८० को दशकमा वास्तविक तलब औसत १.५ प्रतिशत, १९९० को दशकमा २.२ प्रतिशत, २००० को दशकमा १.६ प्रतिशत र २०१० को दशकमा १.२ प्रतिशत वार्षिक दरले बढ़ेको थियो। सन् २०२४ सम्म रोजगारी वृद्धि भने केही सहारा बनेको थियो। कम वास्तविक तलब भए पनि बढ़ी मानिस रोजगारीमा पुगेका कारण सन् २०१९ यता देशभरको कुल तलब आम्दानी करिब ४ प्रतिशत बढ़ेको थियो। तर बेरोजगारी दर सन् २०२३ को शुरुवातमा ७.२ प्रतिशतबाट बढ़ेर अहिले ८.३ प्रतिशत पुगेको छ।

सामाजिक सुरक्षाको सहारा कमजोर

फ्रान्समा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमले यसअघि क्रयशक्ति जोगाउन महत्वपूर्ण भूमिका खेलेका थिए। पेन्सनलाई मुद्रास्फीतिसँग समायोजन गर्ने व्यवस्था, प्राथमिक आवास कर हटाउने निर्णय, सन् २०२२ मा टेलिभिजन लाइसेन्स शुल्क खारेजी तथा 'येलो भेस्ट' आन्दोलनपछि न्यून आय भएका श्रमिकलाई दिइने 'प्राइम द'अक्टिभिते' बढ़ाउनेलगायतका कदमले परिवारलाई राहत दिएका थिए। कोभिड महामारीका बेला सरकारले रोजगारी र परिवारलाई ठूलो आर्थिक सहायता दिएको थियो। त्यसले पनि आम्दानी र उपभोग जोगाउन मद्दत गऱ्यो। तर अहिले सार्वजनिक बजेटमा दबाब बढ़ेकाले यस्ता कार्यक्रमलाई पहिलेकै स्तरमा कायम राख्न कठिन हुँदै गएको छ। सन् २०२७ को बजेटमा उच्च पेन्सन र केही सामाजिक सुविधालाई मुद्रास्फीतिको दरअनुसार नबढ़ाउने विकल्पसमेत विचार भइरहेको छ।

सम्पत्तिबाट आउने आम्दानी पनि घट्यो

क्रयशक्ति टिकाइराख्ने अर्को आधार सम्पत्तिबाट प्राप्त आम्दानी थियो। विशेषगरी उच्च आय भएका परिवारले सेयर बजारको वृद्धि र लाभांशबाट फाइदा पाएका थिए। सन् २०२४ मा यो प्रभाव विशेष उल्लेखनीय रह्यो। नयाँ अतिरिक्त कर लागू हुनुअघि केही कम्पनी तथा लगानीकर्ताले लाभांश अगाड़ि नै लिएकाले त्यस वर्ष सम्पत्तिबाट आएको आम्दानीले घरपरिवारको कुल क्रयशक्ति वृद्धिको करिब आधा हिस्सा धानेको थियो। तर सन् २०२५ मा लाभांश घटेपछि यो सहारा कमजोर भयो। सन् २०२६ मा पनि सम्पत्तिबाट आउने आम्दानीले क्रयशक्तिमा ठूलो सुधार ल्याउने अपेक्षा छैन।

तल्लो मध्यम वर्ग बढ़ी प्रभावित

महँगीको असर सबै परिवारमा समान छैन। कम आय भएका परिवारलाई मुद्रास्फीतिअनुसार समायोजन हुने न्यूनतम पारिश्रमिकले केही सुरक्षा दिएको छ। उच्च आय भएका परिवारले सेयर बजार र सम्पत्तिबाट लाभ लिएका छन्। तर मध्यम तलब आसपास आम्दानी गर्ने तल्लो मध्यम वर्ग बढ़ी प्रभावित भएको विश्लेषणले देखाएको छ। आईएनएसईईले अध्ययन गर्ने ३४३ पेशामध्ये सन् २०१९ देखि २०२४ सम्म २२२ पेशामा तलब घटेको पाइएको छ। सूचना, कला तथा मनोरञ्जन क्षेत्रका पेशामा तलब करिब ७ प्रतिशत, माध्यमिक शिक्षकको वास्तविक तलब ५ प्रतिशतभन्दा बढ़ी र इञ्जीनियर तथा प्राविधिक व्यवस्थापकको तलब ४ प्रतिशतभन्दा बढ़ी घटेको छ। प्रशासनिक तथा व्यावसायिक मध्यम तहका कर्मचारीको तलब पनि ३.३ प्रतिशत घटेको छ।

ग्रामीण परिवारमा थप दबाब

महँगीको असर बसोबासको स्थानअनुसार पनि फरक छ। पेरिस तथा ठूला शहरका साना अपार्टमेन्टमा बस्ने परिवारको तुलनामा उपनगरीय तथा ग्रामीण क्षेत्रका परिवार बढ़ी प्रभावित भएका छन्। काम, शिक्षा र दैनिक आवश्यकताका लागि कारमा निर्भर परिवारले इन्धनको मूल्यवृद्धि प्रत्यक्ष रूपमा बेहोर्नुपरेको छ। ठूला घर तताउनुपर्ने परिवारको ऊर्जा खर्च पनि बढ़ेको छ। त्यसैले मध्यम तथा कम आम्दानी भएका उपनगरीय परिवार अहिले बढ़ी दबाबमा छन्।

बचत बढ्यो, उपभोगमा कटौती

क्रयशक्ति घटेपछि परिवारले बचत घटाएर खर्च बढ़ाउने अपेक्षा गरिए पनि उल्टो प्रवृत्ति देखिएको छ। महामारीअघि करिब १५ प्रतिशत रहेको घरपरिवारको बचत दर १८ प्रतिशतभन्दा माथि पुगेको थियो। अहिले केही घटे पनि १७.३ प्रतिशतमा कायम छ। उपभोक्ताले सस्ता 'स्टोर ब्रान्ड'का सामान रोज्ने र छुट तथा विशेष अफर खोज्ने प्रवृत्ति बढ़ाएका छन्। केही वस्तुमा स्टोर ब्रान्डको हिस्सा ४५ प्रतिशतसम्म पुगेको छ। खाद्यान्न र ऊर्जाको मूल्यवृद्धिको असर तत्कालै महसुस भएकाले कतिपय परिवारले खानामै खर्च कटौती गर्न थालेका छन्। केही वयस्कले बालबालिकाको खानामा कमी नहोस् भनेर आफ्नो खाना घटाउने वा दिउँसोको खाना नै छाड्ने अवस्थासमेत देखिएको अध्ययनमा उल्लेख छ। तर मनोरञ्जन र फुर्सदमा खर्च गर्ने चाहना भने पूर्ण रूपमा हराएको छैन। धेरै उपभोक्ताले दैनिक खरिदमा कटौती गरेर आफूलाई विशेष आनन्द दिने खर्चका लागि पैसा बचाउने गरेका छन्। यदि सन् २०२७ मा पनि क्रयशक्ति घट्यो भने फ्रान्सेली परिवारले लगातार तेस्रो वर्ष वास्तविक क्रयशक्ति गुमाउनेछन्। उच्च महँगी, घट्दो वास्तविक तलब, बढ्दो बेरोजगारी, कमजोर हुँदै गएको सामाजिक सुरक्षा र सीमित सरकारी बजेट क्षमताले फ्रान्सेली परिवारमाथिको आर्थिक दबाब अझ चर्को बनाउने देखिन्छ।

२०२४ यता परिवारको औसत वार्षिक क्रयशक्ति १,२०० युरोले घट्यो

फ्रान्समा जीवनयापनको लागत बढ्दै जाँदा परिवारको क्रयशक्तिमा ऐतिहासिक दबाब परेको छ। सन् २०२४ यता दुई वयस्क र दुई बालबालिका भएको औसत परिवारको क्रयशक्तिमा वास्तविक अर्थमा वार्षिक करिब १,२०० युरो बराबरको कमी आएको आर्थिक विश्लेषणले देखाएको छ। 'ले मोंद'का अनुसार सन् २०२५ मा परिवारको आकार र संरचनाअनुसार समायोजन गरिएको औसत 'उपभोग एकाइ'को क्रयशक्ति ०.७ प्रतिशतले घटेको थियो। सन् २०२६ मा पनि थप ०.७ प्रतिशतले घट्ने अनुमान गरिएको छ।

रहल आगामी अङ्कमा...

संसारभरि हुँदैछ इन्सुलिनको कमी

मधुमेह रोगीले के गर्ने?

मधुमेहलाई खराब शहरीया जीवनशैलीको उपज मानिन्छ। टाइप २ मधुमेहको समस्या भएका मानिसको रगतमा रहेको सुगरको मात्रा नियन्त्रण गर्न पर्याप्त मात्रामा इन्सुलिन पैदा हुन पाँउदैन। वैज्ञानिकहरूका अनुसार टाइप २ मधुमेहको शिकार भएका लाखौं मानिसहरूलाई आउँदो दशक वा त्यस पछि पनि लामो समयसम्म इन्सुलिन हासिल गर्न धेरै मुस्किल हुन्छ।

विश्वभरमा अहिले २० वर्षदेखि ७९ वर्ष उमेरका लगभग ४० करोड मानिस टाइप २ डायबिटिजबाट पिडित छन्। जसमध्ये आधाभन्दा धेरै मानिस चीन, भारत र अमेरिकामा बस्छन्।

सन् २०३० सम्म टाइप २ डायबिटिजबाट पीडित मानिसहरूको तथ्याङ्क ५० करोडसम्म पुग्ने अनुमान छ।

टाइप २ मधुमेहले पीडितको शरीरमा इन्सुलिन पैदा गर्ने पेनक्रेटिक सेललाई नोक्सान पुऱ्याउन थाल्छ। 'लान्सेट डायबिटिज एण्ड एन्डोक्रिनोलोजी जर्नल'मा प्रकाशित एक अध्ययन अनुसार सन् २०३० सम्म टाइप २ डायबिटिजबाट पिडित लगभग ८ करोड मानिसहरूलाई इन्सुलिनको आवश्यकता हुन्छ। सन् २०३० सम्म यो औषधिको माग २० प्रतिशत बढ्ने सम्भावना छ। तर, यसमध्ये लगभग आधाभन्दा धेरै बिरामीहरूले यो औषधि प्रयोग गर्न पाउने छैनन्। अहिले लगभग ३.३ करोड मानिसहरूलाई इन्सुलिनको आवश्यकता छ र धेरैले यो औषधि प्राप्त गर्न सकेका छैनन्।

इन्सुलिनको अभावको अर्थ

इन्सुलिनको उपलब्धता माथि अध्ययन गर्ने टिमका प्रमुख डा. सञ्जय बासु यो औषधिको उपलब्धता, माग र आपूर्तीको समिकरणलाई बुझाउँदै भन्छन्, 'मधुमेह पिडितहरू यो औषधिसम्म पुग्नुको मतलब सबै मानिसहरूको लागि इन्सुलिन उपलब्ध होस् र मानिसहरू यसलाई किन्न आर्थिक रुपले पनि सक्षम पनि होउन् भन्ने हो।' 'मुल्यको साथसाथै एक सप्लाई चेन पनि विकास हुन आवश्यक छ जसको माध्यमबाट पि।।जमा राखिने यो औषधी र यसको साथमा दिइने सुइलाई सुरक्षित ढंगले वितरण गर्न सकियोस्' उनी भन्छन्।

इन्सुलिन किन यति महँगो?

इन्सुलिन ९७ वर्ष पुरानो औषधि हो। जसलाई २० औं शताब्दीमा चमत्कारी औषधी मानिएको थियो। त्यसोभए आविषकार भएको यत्तिका वर्षपछि पनि यो औषधि किन महंगो छ? यो एक ठूलो प्रश्न हो। वैज्ञानिकहरूका अनुसार २५ सय अरब रुपियाँको विश्वव्यापी इन्सुलिन बजारको ९९ प्रतिशत हिस्सा बहुराष्ट्रिय कम्पनी नोवो नोरडिस्क, इलिलिली एण्ड कम्पनी र सनोफीसँग छ। यसको साथै बजारको आकारको हिसाबले यी तीन कम्पनीहरूसँग ९६ प्रतिशत हिस्सेदारी छ। यीनै तीन कम्पनीहरूले पुरै अमेरिकामा इन्सुलिनको आपूर्ती गराउँछन्।

विश्वव्यापी नियन्त्रण

विश्वभरका १३२ देश मध्ये ९१ भन्दा धेरै देशले इन्सुलिनमा कुनै खालको शुल्क लगाउँदैनन्। तर, यसको बाबजुद पनि यो औषधि मानिसहरूको लागि धेरै महंगो छ किनभने करको साथसाथै सप्लाई चेनमा हुने खर्चको कारणले यो औषधि मानिसहरूको पहुँचभन्दा बाहिर जान्छन्। अमेरिकामा मात्रै लगभग दुई करोड मानिसहरू मधुमेहबाट पीडित छन्। सन् २००० देखि २०१० को बीचमा मधुमेह पिडितहरूको इन्सुलिनमा हुने खर्च ८९ प्रतिशत सम्म बढ्यो। प्रति बोतल इन्सुलिनको मुल्य लगभग ४७०० रुपैयाँ बढेर करिब १५००० रुपैयाँ भइसकेको छ। एक बोतल इन्सुलिन केही दिनसम्मको लागि मात्रै पुग्छ। यो औषधिको उपलब्धतालाई लिएर पनि कुनै प्रश्न उठ्छ।

जेनेभा युनिभर्सिटी अस्पतालसँग जोडिएका डाक्टर डेभिड हेनरी बेरनका अनुसार देशहरूमा आपूर्तीकर्ताहरूको धेरै कम विकल्प छ। यस्तोमा मानिसहरूलाई इन्सुलिनको टाइप परिवर्तन गर्न विवश हुन पर्छ किनभने कम्पनीहरूले केही फर्मुलेसन्सलाई उपलब्ध गराउन बन्द गरिदिएका छन्।

यो समय दुनियाँमा पाँच किसिमका इन्सुलिनवाला औषधीहरू छन्। यस्तोमा डाक्टरले बिरामीहरूलाई ती औषधि लेखिदिन्छन् जुन उनीहरूको जीवनशैली, उमेर, ब्लड सुगर लक्ष्य र दैनिक लिने इन्जेक्सनको संख्याको माध्यमले सबैभन्दा धेरै फाइदा पुऱ्याउँछ।

तर, यदि औषधीको उपलब्धताको कुरा गर्ने हो भने इन्सुलिनको आपूर्ति ती देशको लागि एक समस्या हो जहाँ औसत आय कम वा मध्यम स्तरको छ। इन्सुलिनको उपलब्धतामा भएका अध्ययन अनुसार बंगलादेश ब्राजिल मालावी नेपाल पाकिस्तान र श्रीलङ्कामा इन्सुलिनको उपलब्धता कम पाइएको छ। यसको साथै खराब व्यवस्थापन र अप्रभावकारी वितरणको कारणले आपूर्तीमा समस्या पैदा हुन सक्छ। उदाहरणको लागि मोजाम्बिकमा इन्सुलिनको ७७ प्रतिशत आपूर्ती यहाँको राजधानीमा मात्रै सम्भव छ। यसको कारणले राजधानी बाहिर इन्सुलिनको कमी हुन्छ। डाक्टर बेरन भन्छन्, 'विश्वभरमा इन्सुलिनको उपलब्धता नहुने र मधुमेह रोगीहरू इन्सुलिन किन्ने क्षमताबाट बाहिर हुनु जिन्दगीको लागि खतरा हो र यसले स्वास्थ्यको आधारभुत अधिकारलाई चुनौती दिन्छ।'

इन्सुलिनको जेनेरिक औषधि

लगभग सय वर्ष पहिले खोज गरिएको औषधी अहिलेपनि मानिसहरूको लागि जेनेरिक औषधीको रुपमा किन उपलब्ध छैन् भन्ने प्रश्न उठ्छ। इन्सुलिनको आविष्कार गर्ने वैज्ञानिकले आफ्नो औषधिको पेटेन्ट अधिकार टोरन्टो युनिभर्सिटीलाई एक डलरमा बेचिदिएका थिए। औषधीको पेटेन्टको अवधि सकिएपछि अरुले पनि बनाउँछन् र ती औषधि आमरुपमा धेरै सस्तो हुन्छ। यसको लागि जेनेरिक औषधीहरू बनाउने कम्पनीलाई धन्यवाद भन्नुपर्छ तर, इन्सुलिनको मामिलामा भने यस्तो अवस्था छैन।

वैज्ञानिक जेरेमी एक ग्रिन र केभिन रिग्सका अनुसार यसको कारण यो हुन सक्छ कि इन्सुलिन जिवित कोषबाट बन्छ र यसको फर्मुला कपी गर्न धेरै जटिल छ। यसैकारण जेनेरिक औषधीहरू बनाउने कम्पनीहरूले अहिलेसम्म यो औषधीलाई यस लायक सम्झिएनन् र यसको जेनेरिक औषधि बनाउने कोसिस भएन। जैविक स्तरमा मिल्दोजुल्दो इन्सुलिन पनि बजारमा उपलब्ध छ र अपेक्षाकृति सस्तो मुल्यमा उपलब्ध छ तर, त्यो जेनेरिक औषधीजस्तो सस्तो भने छैन। वैज्ञानिकहरूले इन्सुलिन युनिभर्सल हेल्थ कभरेज प्याकेजमा समावेश हुनुपर्ने बताउँछन्। यसको साथै डायबिटिजको वितरण र भण्डारकोलागि अन्वेषणको लागि धन खर्च गर्नुपर्ने आवश्यकता रहेको उनीहरूको भनाइ छ। यसले प्रष्ट हुन्छ कि कमजोर मेडिकल प्रणाली, इन्सुलिनको खर्चिलो वितरण प्रणाली र मुल्य जस्ता कारक मिलेर इन्सुलिन आम मानिसहरूको पहुँच भन्दा बाहिर पुगेको छ। डाक्टर बसु भन्छन्, 'मुल्य र वितरण प्रक्रियालाई लिएर सुधारको आवश्यकता छ। जब, सम्म यी मुद्दामा काम हुँदैन तबसम्म इन्सुलिनको कमीको कारण मानिसहरू मधुमेहबाट ठीक हुन पाँउदैनन्।'

गाउँ घरको ओखती: एक महत्त्वपूर्ण पोषकतत्व लेमनग्रास

हामीसँग त्यस्ता थुप्रै वनस्पति छन्, जसको औषधिय महत्व छ। जस्तो कि, लेमनग्रास। यसलाई पेयको रुपमा प्रयोग गर्न सकिन्छ। यसरी पिउँदा जिब्रो त रसाउँछ नै, स्वास्थ्यलाई पनि फाइदा गर्छ। यस्ता वनस्पतिको सेवनले हामीलाई प्राकृतिक रुपमै स्वास्थ्य–लाभ मिल्छ। सानोतिनो शारीरिक समस्याको निदान खोज्न मात्र होइन, शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाउन पनि लेमनग्रास नियमित पिउन सकिन्छ।

के पाइन्छ लेमनग्रासमा?

यसमा पाइने एन्टीसेप्टिक गुणले छालालाई स्वस्थ बनाइराख्न मद्दत गर्छ। लेमनग्रास एक महत्वपूर्ण पोषक तत्व हो। यसको सेवनबाट विभिन्न स्वास्थ्य लाभहरू प्राप्त हुन्छ। यो भिटामिन ए, बी, सी र फोलेटको लागि राम्रो स्रोत हो। यसमा पाइने पोटेसियम, क्याल्सियम, म्याग्रेसियम, आइरन शरीरलाई स्वस्थ रही कार्यसम्पादन गर्नको लागि आवश्यक हुन्छ।

यसमा पाइने एन्टीअक्सिडेन्ट –फिनोलिक यौगिक)ले शरीरमा हुने विभिन्न रोगहरूबाट बच्न औषधिको रुपमा काम गर्छ। लेमनग्रासको मुख्य तत्व लेमोनल वा सिट्रल हो। जसमा एन्टीफंगल र एन्टी माइक्रोबियल गुण पाइन्छ। लेमग्रास स्वास्थ्यको लागि धेरै नै उपयोगी हुन्छ।

यस्ता छन् लेमनग्रासको सेवनबाट पाइने फाइदाः

– कोलेस्ट्रोल कम गर्छः लेमनग्रासमा एन्टीहाइपर लिपिडोमिक र एन्टी हाइपर कोलेस्ट्रोलेमल गुण हुन्छ जसले कोलस्ट्रोलको स्तरलाई स्वस्थ राख्न मद्धत गर्छ। एक अध्ययनका अनुसार दैनिक लेमनग्रासको सेवन गर्नाले ट्राइग्लिसराइड्सको स्तर ठिक हुन्छ र शरीरबाट एलडिएल कोलेस्ट्रोल कम गर्न मद्धत पुग्छ।

– शरीरबाट विषाक्त पदार्थ निकाल्छ : लेमनग्रासले शरीरमा जम्मा भएका हानीकारक विषाक्त पदार्थ निकाल्नमा मद्धत गर्छ। शरीरबाट विषाक्त पदार्थ निस्किएपछि शरीरको अंगले राम्रोसँग काम गर्छ। यसले शरीरमा युरिक एसिडको स्तर कम गर्न मद्धत गर्छ। लेमनग्रासमा पाइने डाइयुरेटिक गुणको कारण धेरैपटक पिसाब लाग्छ र पिसाबको माध्यमबाट विषाक्त पदार्थ बाहिर निस्कन्छ। यसले तपाईंको पाचन स्वास्थ्य पनि ठिक हुन्छ।

– पेटको समस्या हटाउँछः एक अध्ययनका अनुसार लेमनग्रासान एन्टी माइक्रोबियल र एन्टी ब्याक्टेरियल गुण हुन्छ जसले पेटमा हुने इन्फेक्सनबाट लड्नमा मद्धत गर्छ। साथै यसले पाचनप्रणालीलाई सुधार्न, ग्यास्टोइन्टेस्टनल डिसअर्डर जस्ता अल्सरलाई रोकथाममा पनि मद्धत गर्छ। लेमनग्रासको सेबनले कब्जियतको समस्याबाट पनि छुटकारा पाउन सकिन्छ।

– छालाको हेरचाहः लेमनग्रासमा पाइने एन्टीसेप्टिक र एस्ट्रिन्जन्ट गुणको कारण यो छालाको लागि धेरै फाइदाकारी हुन्छ। यसले चिल्लो छालाको लागि धेरै राम्रो क्लिन्जरको रुपमा काम गर्छ र छालाबाट दाग धब्बा हटाउन मद्दत गर्छ।

–शरीरको दुर्गन्ध हटाउँछः डियोड्रेन्ट बनाउन लेमनग्रासको प्रयोग गरिन्छ। यसमा पाइने एन्टीब्याक्टेरियलले शरीरबाट आउने दुर्गन्धलाई टाढा बनाउन मद्धत गर्छ। साथै फंगल र ब्याक्टेरियल इन्फेक्सनबाट रोकथाम गर्छ।

–प्रतिरोधी प्रणाली बलियो बनाउँछ

लेमनग्रासले पाचन, श्वास र स्नायूप्रणालीलाई ठीक राख्न मद्दत गछ। यसले खानाबाट शरीरको लागि आवश्यक पोषक तत्व अवशोषित गर्न मद्दत गर्छ जसले हाम्रो रोग प्रतिरोधी प्रणाली मजबुत हुन्छ।

किन आवश्यक छ खुराक अनुशासन?

खाना सबै जीवित प्राणीका लागि अत्यावश्यक चिज हो। त्यसमा पनि मानव जीवनमा यसको ठूलो महत्व छ। मानिसले बाँच्नकै लागि पनि खाना खाएको हुन्छ। तर, अहिलेको अत्याधुनिक अस्तव्यस्त युगमा मान्छेले खान नजान्दा विभिन्न रोगको सिकार हुनुपरेको छ। संसारमा जति मानिस भोकमरीले मरेका छन्, त्यसको दुई गुणा बढी मानिस धेर खाएर मरेका छन्। खुराक सन्तुलन (डाइट डिसिप्लिन)मा बसेर खानाको सद पयोग गर्ने देशमध्ये नं. १ मा जापान आउँछ। त्यस्तै, दुरूपयोग गर्नेमा खाडी राष्ट्रहरू अगाडि आउँछन्। जापानका अधिकांश नागरिकको डाइट डिसिप्लिनकै कारणले सरदर आयु उच्च छ। साथै, बौद्धिकतामा पनि उनीहरू अगाडि छन्। नेपालमा खान नपाएर मर्नेको संख्या खास छैन। तर, कतिपय ठाउँमा भने यो अवस्था अहिले पनि छ।

कसरी बस्ने खुराक अनुशासनमा? : विश्वव्यापी रूपमा सामान्यतः दुईदेखि तीन सय क्यालोरीसम्मको खानालाई सन्तुलित खानाका रूपमा लिइन्छ। तसर्थ, सोहीअनुसारको रेसिपी तयार पारी क्यालोरी टेस्ट गरेर सरकारको खाद्य प्रयोगशालाबाट प्रमाणित गर्न पठाउनुपर्छ। प्रमाणित भएपछि डाइट डिसिप्लिन मिलाएर मात्र ग्राहकलाई पस्कने नियम होटेल तथा रेस्टुरेन्टले लागू गर्नुपर्छ। स्वस्थ रहन नियमित रूपमा व्यायाम गर्न जति जरुरी छ, त्यहीअनुसार खाना खाने ज्ञान पनि हुन आवश्यक मानिन्छ। आफ्नो उमेर, वजन, उचाइ र कामजस्ता सम्पूर्ण कुरालाई ध्यानमा राखेर खाना खानु नै डाइट डिसिप्लिनमा बस्नु हो। एकैपटक टन्न खाएर दिउँसोभर भोकै बस्नु डाइट डिसिप्लिन होइन। यसो गरेमा स्वास्थ्यमा नराम्रो असर पर्छ। नेपालीहरू ग्यास्ट्रिकले ग्रसित हुनुमा डाइट डिसिप्लिनमा नबस्दाको परिणाम हो। बिहानको खाजा तपाईंले गहकिलो हिसाबले सन्तुलन मिलाएर लिन सक्नुहुन्छ। त्यसपछि खाना (बिहानकै) केही कम मात्रामा लिँदा राम्रो हुन्छ।

दिउँसोको खाजा पनि लाइट खालको खानु उत्तम मानिन्छ। त्यसैगरी, बेलुकाको खाना त झनै कम र सहज रूपमा पच्ने खालको हुन जरुरी छ। खानालाई अझ सन्तुलित बनाउन झोल पदार्थको आवश्यकता पर्छ। त्यसमा पानी हुन अत्यावश्यक छ। कुन खानामा कुन तत्व कति पाइन्छ भन्ने कुराको ज्ञान हुनुका साथै आफ्नो शरीरलाई स्वस्थ राख्न कतिसम्म क्यालोरी आवश्यक छ भन्नेमा पनि ख्याल गर्नुपर्ने हुन्छ। सकेसम्म चिल्लो पदार्थ कम गर्दा शरीरका लागि राम्रो हुन्छ।

खुराक सन्तुलनका फाइदा

- सधैं तन्दुरुस्त र फुर्तिलो भइन्छ। जसले काममा चाख जगाउँछ।
- अनावश्यक वजन घटाउन मद्दत गर्छ।
- क्यान्सरजस्तो घातक रोग लाग्नबाट जोगाउँछ।
- मुटुसम्बन्धी रोगबाट जोगाउन मद्दत गर्छ।
- आफ्नो आगामी पुस्ताका लागि फाइदा पुग्छ।
- हड्डी र दाँत मजबुत बनाउन मद्दत पुऱ्याउँछ।
- काम गर्ने मुडमा पूर्ण परिवर्तन ल्याउँछ।
- स्मरणशक्तिमा सुधार ल्याउँछ।
- निद्रा राम्रो बनाउँछ।
- काम गर्ने शक्तिमा वृद्धि हुन्छ।
- दीर्घ जीवनमा सहायता पुऱ्याउँछ।
- तनाउ कम हुनुका साथै सधैँ खुसी हुने बानी बसाउँछ।
- पेट छरितो हुन्छ।
- बौद्धिकतामा वृद्धि हुँदै जान्छ।
- मधुमेह, उच्च रक्तचापजस्ता दीर्घरोग हुनबाट बचाउँछ।

रक्तअल्पता समस्याको लक्षण

रक्तअल्पता किन हुन्छ, कसरी हुन्छ, कसलाई हुन्छ रु यावत् कुरामा हामी सर्तक रहनुपर्छ। साथसाथै रक्तअल्पता भएमा के हुन्छ? रक्तअल्पताले कस्तो जटिलता ल्याउँछ? त्यसको निदान के हो? यस सम्बन्धमा हामी चनाखो रहनुपर्छ। कुनैपनि रोग लाग्दै गर्दा त्यसको संकेत देखापर्छ। जब यस्ता संकेत देखिन्छ, हामी सतर्क हुनुपर्छ। र, रोग पहिचानतर्फ लाग्नुपर्छ। यसले गर्दा हामी जटिल अवस्थामा फस्दैनौ।

के हो रक्तअल्पता? : रक्तअल्पत्ता रक्त सम्बन्धि एक प्रकारको विकार हो। रक्तअल्पत्ता भएमा शरीरमा रातो रक्तकोषिकाको कमी हुने गर्छ। र, शरीरमा रगतको कमी भएमा शरीरमा हेमोग्लोविनको मात्रामा कमी हुने गर्छ। जसले गर्दा शरीरले सही तरीकाले काम गर्न सक्दैन। रातो रक्त–कोषिकाले शरीरमा अक्सिजनको प्रवाह गर्नुका साथै शरीरमा भएको कार्बन डाइअक्साइडलाई बाहिर फाल्ने गर्छ। यसको अभावमा शरीरले कार्बन डाइअक्साइड फाल्न नसकेर शरीरमा विषाक्तता हुने गर्छ। परिणामस्वरुप, शरीरमा स्वास्थ्य सम्बन्धि विभिन्न समस्या निम्तन्छ। त्यसमध्यको एक रक्तअल्पता पनि हो। रक्तअल्पता विभिन्न कारणले हुनसक्छ। तर रक्तअल्पत्ता भएका शरीर थाक्ने तथा कमजोर हुने गर्छ।, यसबाहेक पनि कुनै अन्य लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नु उपयुक्त हुन्छ।

हात तथा आँखा मुनिको भाग पहेलो हुनु : जब शरीरले पर्याप्त मात्रामा अक्सिजन पाउँदैन वा शरीरमा रातो रक्त कोषिकाको मात्रा कम हुन्छ, तब छालोको रङ्ग परिवर्तन भई छाला पहेलो हुने गर्छ। यो समस्या अनुहारमा मात्र नभएर हात, आँखा मुनिको भाग, जिब्रो लगायत शरीरको सम्पूर्ण भागमा देखिने गर्छ।

मुटुको चालमा गडबडी : शरीरमा हेमोग्लोविनको मात्रा कम भएमा मुटुलाई रगत पम्प गर्नमा कठिनाई हुने गर्छ। जसले गर्दा मुटुलाई शरीरमा अक्सिजनको प्रवाह गर्न थप बलको प्रयोग गर्नु पर्दछ। जसले मुटुको चाल सम्बन्धि गडबडी निम्त्याउन सक्छ।

थकान : शरीरका अंगले आवश्यकता अनुसार अक्सिजन प्राप्त नगरेको खण्डमा शरीरलाई नियमित कार्यका लागि थप उर्जाको आवश्यकता पर्छ। जसले गर्दा शरीरले थकान महसुस गर्छ।

एकाग्रतामा समस्या : नियमित कार्य गर्नका लागि शरीरका प्रत्येक अंगलाई अक्सिजनको आवश्यकता पर्छ। र, मस्तिष्क यसबाट अछुतो रहँदैन। किनकी शरीरमा अक्सिजनको मात्रा कम भएमा हामी सही तरीकाले सोच्न सक्षम हुँदैनौ। परिणाम स्वरुप हामीलाई एकाग्रता कायम गर्न समस्या हुने गर्छ।

नङ टुक्रने : नङ्ग टुक्रन्छ र भाच्चिने समस्या छ भने यो पनि रक्तअल्पत्राको लक्षण हुनसक्छ। किनकी नङ्गलाई स्वस्थ रहन पनि अक्सिजनको आवश्यकता पर्दछ।

ओठ फुट्नु : सुख्खा हावा, घाम तथा चिसोका कारण पनि ओठ फुट्ने तथा सुक्ने गर्छ। तर, रक्तअल्पत्ताको समस्या भएमा ओठ विशेष भाग फुट्ने गर्छ र ओठको कर्नरलाई असर पार्छ।

पोषणरहित खानेकुराप्रति आर्कषण बढ्नु : विशेषज्ञहरूले अहिलेसम्म यसको कारण पत्ता लगाउन सकेका छैनन्। यद्यपी, रक्तअल्पत्राका विरामी चक, धुलो, माटो वा आइस प्रति आर्कषित हुने विभिन्न अध्ययनहरूले जनाएको छ ।



रक्तअल्पत्ताको समस्या कम गर्ने प्राकृतिक उपाय : रक्तअल्पत्ता पनि विभिन्न प्रकारको हुन्छ। त्यसैले, यसको उपचार पनि रोगको प्रकृति अनुसार फरक फरक हुने गर्छ।

पेटभित्रको एसिडको स्तर बढाउने

जब पेटले पर्याप्त मात्रामा एसिडको उत्पादन गर्न सक्दैन, तब शरीरले खानालाई आवश्यकता अनुसार टुक्राउन सक्दैन। परिणामस्वरुप, शरीरले पोषण तत्व ग्रहण गरेपनि उक्त पोषकतत्व शरीरका विभिन्न अंगमा पुग्दैन। त्यसैले , शरीरमा एसिडको स्तर बढाउन एप्पल साइडर भेनेगर, तथा अदुवाको सेवन गर्न सकिन्छ। त्यस्तै, फरमेन्टेट फुडको सेवन गर्न सकिन्छ।

फोलेटको मात्रा बढाउने : फोलेट भिटामिन बी ९ को एउटा प्रकार हो। यसले स्वस्थ रातो रक्त कोषिका उत्पादन गर्न तथा शरीरलाई सही तरीकाले कार्य गर्नमा महत्वपूर्ण योगदान पुर्याउँछ। त्यसैले, फोलेटयुक्त खानामा हरियो सागसब्जी, गेडागुडी, मेवा, अमिलो फलफुलको सेवन गरेर पनि रक्तअल्पताको समस्या कम गर्न सकिन्छ।

बी १२ को मात्रा बढाउने : स्वस्थ रातो रक्तकोषिकाका लागि भिटामिन बी १२ अपरिहार्य मानिन्छ। शाकाहारी, गर्भवती महिला लगायतका व्यक्ति भिटामिन बी १२ को उच्च जोखिममा रहने गर्छन्। भिटामिन बी १२ विशेषगरी मासु, अण्डा, दुधजन्य पदार्थ, माछा तथा समुद्री जीवनमा पाइन्छ।

आइरनको सेवन गर्ने : शरीरको नियमित कार्यको लागि आइरनको पनि उत्तिकै आवश्यकता पर्छ। रातो रक्तकोषिकाको उत्पादनका लागि पनि यो अत्यावश्यक मानिन्छ। यसको अभावमा रक्तअल्पत्ताको समस्या निम्तने गर्छ। शरीरमा आइरनको मात्रा दुई किसिमले बढाउन सकिन्छ, खाना र सप्लीमेन्टको सेवनद्धारा। खानामा विशेषगरी रातो मासु, चुकन्दर, कलेजो, पालुङ्गो, ब्रोकाउली, बदाम, अन्न, गेडागुडी आइरनको राम्रो स्रोत मानिन्छ।

इण्डोनेसिया डढेलोको प्रदूषण मलेशिया, फिलिपिन्स र सिङ्गापुरसम्म फैलियो

जाकर्ता, ११ अक्टोबर: इण्डोनेसियाका विभिन्न क्षेत्रमा हप्तौँदेखि फैलिएको डढेलोका कारण दक्षिण पूर्वी एसियाका धेरै देश वायु प्रदूषणको चपेटामा परेका छन्। डढेलोबाट निस्किएको बाक्लो धुवाँ मलेसिया, सिङ्गापुर र फिलिपिन्ससम्म फैलिएको छ। प्रदूषण बढेपछि मलेसियाका विभिन्न राज्यमा विद्यालय बन्द गर्न आदेश दिइएको छ। सिङ्गापुरमा पनि वायु प्रदूषण उच्च भएको छ। त्यहाँ फर्मुला वान (एफवान) ग्रान्ड प्रिक्स दौड शुरु हुने दिनमै धुवाँले शहर ढाकेपछि जनस्वास्थ्य प्रति चिन्ता बढेको छ। यस वर्ष इन्डोनेसियामा लागेको डढेलो पछिल्ला वर्षको तुलनामा गम्भीरमध्ये एक मानिएको छ।

वनस्पति र जङ्गल सफा गर्न किसान तथा कम्पनीहरूले अवैध रूपमा आगो लगाउने अभ्यासलाई डढेलो फैलिनुको प्रमुख कारण मानिएको छ। जमिन खाली गर्ने सस्तो उपायका रूपमा यस्तो विधि प्रयोग हुँदै आएको छ। इण्डोनेसियाको स्वास्थ्य मन्त्रालयका अनुसार जुलाईदेखि सेप्टेम्बरसम्म डढेलोसँग सम्बन्धित श्वासप्रश्वासका सङ्क्रमणका झण्डै एक लाख ७५ हजार घटना अभिलेख गरिएका छन्। विज्ञहरूका अनुसार यस वर्षको शक्तिशाली एल निनोका कारण

खडेरी बढेकाले डढेलो फैलिन अनुकूल वातावरण बनेको हो।

२४ घण्टामा ४०० स्थानमा आगलागी

अमेरिकी अन्तरिक्ष निकाय नासाको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा इण्डोनेसियाभर झण्डै ४०० स्थानमा सक्रिय आगलागीका केन्द्र पहिचान भएका छन्। अघिल्लो दिन एक हजार १०० भन्दा बढी केन्द्र देखिएका थिए। आगलागीका केन्द्र घटे पनि लामो समयदेखि वर्षा नहुँदा फेरि डढेलो फैलिने जोखिम उच्च रहेको अधिकारीहरूले बताएका छन्। दक्षिण सुमात्रा र कालिमान्तान क्षेत्रमा आगलागी बढी देखिएको छ। कालिमान्तानका बासिन्दाले सामाजिक सञ्जालमा बाक्लो धुवाँले सड्क र बस्ती ढाकेको भिडियो सार्वजनिक गरिरहेका छन्। स्थानीय बासिन्दाका अनुसार प्रदूषणका कारण सास फेर्न कठिनाइ, टाउको दुख्ने र दैनिक गतिविधिमा अवरोध हुने समस्या देखिएको छ। शिशुहरू पनि प्रभावित भएका छन्। स्थानीयका अनुसार, 'प्रदूषणका कारण घरबाहिर निस्कन कठिन भएको र बाहिर जाँदा मास्क लगाउनुपर्ने अवस्था रहेको' छ। प्रदूषण नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने तिनको माग छ।

अर्थतन्त्रमा अर्बौं डलरको क्षति हुने अनुमान

सेन्टर अफ इकोनोमिक एन्ड ल स्टडिजको अध्ययनअनुसार यस वर्ष इण्डोनेसियामा डढेलोका कारण झण्डै ३० ट्रिलियन रुपियाह अर्थात् एक अरब ७० करोड़ अमेरिकी डलर बराबरको आर्थिक क्षति हुन सक्छ। आगोले सम्पत्तिमा पुऱ्याएको क्षति तथा व्यापार, कृषि, खाद्य सेवा र आवास क्षेत्रमा आर्थिक गतिविधि प्रभावित हुँदा यस्तो नोक्सानी हुने अनुमान गरिएको हो। स्वास्थ्य उपचारमा लाग्ने खर्च १०० ट्रिलियन स्थानीय मुद्राभन्दा बढी पुग्न सक्ने अध्ययनले जनाएको छ। मलेसियामा पनि प्रदूषणका कारण स्वास्थ्य उपचार खर्च बढ्नुका साथै बाहिर काम गर्ने श्रमिक प्रभावित भएका छन्। उद्योगहरूले हावा शुद्धीकरणका उपकरण खरिद गर्नुपर्दा उत्पादन लागतसमेत बढेको छ। सिंगापुरको नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका अनुसार सन् २०१५ मा त्यहाँ देखिएको गम्भीर प्रदूषणले एक अरब ८० करोड़ सिङ्गापुर डलरभन्दा बढीको आर्थिक क्षति पुऱ्याएको थियो।

इण्डोनेसियाका शहरमा प्रदूषण गम्भीर

वायु गुणस्तर निगरानी संस्था आईक्यूएयरका अनुसार सिङ्गापुरको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) २१७ पुगेको थियो भने मलेसियाको राजधानी क्वालालम्पुरमा २१० थियो। यद्यपि, अर्को निगरानी प्रणाली एक्यूआई डट इनका अनुसार इण्डोनेसियाको कालिमान्तान क्षेत्रका साम्पित र पालाङ्काराया शहरमा प्रदूषण अझ उच्च थियो। साम्पितको एक्यूआई ३३४ र पालाङ्कारायाको २९७ पुगेको थियो। इण्डोनेसियामा बारम्बार दोहोरिने डढेलो र त्यसबाट फैलिने धुवाँ दक्षिण पूर्वी एसियाकै साझा वातावरणीय समस्या बनेको छ।

रियाद विमानस्थलमा आक्रमण १२ जनाको मृत्यु, ३०९ जना घाइते

रियाद, ११ अक्टोबर: साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलमा शनिबार भएको आक्रमणमा १२ जनाको मृत्यु भएको छ भने ३०९ जना घाइते भएका छन्। साउदी अरबको नागरिक उड्डयन प्राधिकरण (जीएसीए) का अनुसार मृत्यु हुनेमा चार साउदी नागरिक, दुई बाङ्ग्लादेशी तथा अमेरिका, इजिप्ट, जोर्डन, सिरिया, प्यालेस्टाइन र सुडानका एक–एक नागरिक छन्। मृतक तीन जनाको राष्ट्रियता भने प्राधिकरणले उल्लेख गरेको विवरणमा खुलाइएको छैन। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको प्राधिकरणले जनाएको छ। आक्रमणबाट विमानस्थलका भौतिक संरचनामा समेत क्षति पुगेको छ। क्षतिको यकिन विवरण सङ्कलन भइरहेको अधिकारीहरूले बताएका छन्। घटनापछि सुरक्षा जाँच र क्षतिको मूल्याङ्कन गर्न विमानस्थलको सञ्चालन अस्थायी रूपमा बन्द गरिएको थियो। यसअघि बिहीवार पनि सोही विमानस्थलमा भएका दुई छुट्टाछुट्टै आक्रमणमा तीन साउदी नागरिकको मृत्यु भएको थियो भने अन्य केही घाइते भएका थिए। पछिल्लो घटनाले विमानस्थलको सुरक्षा अवस्थाबारे थप चिन्ता बढाएको छ। हालसम्म घटनाबाट कोही पनि नेपाली प्रभावित भएको जानकारी नआएको रियादस्थित नेपाली दूतावासले रातोपाटीलाई जनाएको छ। त्यहाँ कार्यरत नेपालीका विषयमा थप बुझ्ने काम गरिरहेको पनि दूतावासले बताएको छ। साउदी अरबमा मात्र चार लाख माथि नेपाली आप्रवासी कामदार छन् भने किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलमा कति नेपालीले काम गरिरहेका छन् भन्ने ठोस तथ्याङ्क उपलब्ध छैन।

अमेरिका–रूस डिजेल सम्झौताको घोषणा लगत्तै युक्रेनमा रूसी आक्रमण, १५ जनाको मृत्यु

कीव, ११ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग डिजेल आपूर्तिसम्बन्धी सम्झौता भएको घोषणा गरेको भोलिपल्टै शनिवार युक्रेनको जापोरिजिया क्षेत्रमा रूसी आक्रमणमा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ। मृतकमध्ये तीन बालबालिका रहेका छन्। युक्रेनले यस्तो सम्झौताले मस्कोलाई युद्धका लागि आर्थिक स्रोत जुटाउन सहयोग पुग्ने चेतावनी दिएको थियो। जापोरिजियामा आवासीय भवनहरूमा रूसी हवाई बम खस्दा १५ जनाको मृत्यु भएको र कम्तीमा १६ जना घाइते भएको क्षेत्रीय रक्षा परिषद्का सह–अध्यक्ष इभान फेडोरोभले शनिवार बताएका छन्।

रूसले पूर्णस्तरको आक्रमण शुरु गरेको साँढ़े चार वर्षभन्दा बढ़ी समय बितिसक्दा पनि दुवै पक्षका सेना युद्धमोर्चामा उल्लेखनीय प्रगति गर्न नसकी गतिरोधमा छन्। यद्यपि, दुवै देशबिच लामो दूरीका हवाई आक्रमण जारी छन्। पछिल्लो चार दिनमा रूसी बमबारीका कारण ५५ जनाभन्दा बढ़ीको मृत्यु भएको छ। ट्रम्पले रूसबाट ठूलो परिमाणमा डिजेल प्राप्त गर्ने सम्झौता गरेको घोषणा गरेको भोलिपल्टै पछिल्ला आक्रमण भएका हुन्। यो कदम युक्रेन युद्धका कारण मस्कोमाथि अमेरिकाले वर्षौंदेखि अपनाउँदै आएको दबाबको नीतिमा आएको अप्रत्याशित परिवर्तन हो। साथै, अमेरिकी मध्यावधि निर्वाचनअघि बढ्दो इन्धन मूल्य नियन्त्रण गर्ने प्रयासका रूपमा पनि यसलाई हेरिएको छ।

ट्रम्पले शुक्रवार सामाजिक सञ्जालमार्फत पुटिनसँगको टेलिफोन वार्तामा उक्त सम्झौता भएको जानकारी दिएका थिए। शुरुमा उक्त वार्तामा रूसमा देखिएको प्लेगको शङ्कास्पद घटनाबारे छलफल हुने अपेक्षा गरिएको थियो। तर ट्रम्पले रूसले तत्कालै तीन लाख टनभन्दा बढ़ी डिजेल उपलब्ध गराउने र त्यसपछि नोभेम्बरमा थप पाँच लाख टन तथा त्यसको केही समयपछि १० लाख टन डिजेल दिने घोषणा गरे। त्यसलगत्तै छोटो अवधिमा थप ३० लाख टन डिजेल उपलब्ध गराइने पनि उनले उल्लेख गरे।

ट्रम्पको यो घोषणाले गत महिना उनले नै हस्ताक्षर गरेको रूसमाथिको व्यापक प्रतिबन्धसम्बन्धी कानुनसँग विरोधाभास सिर्जना गरेको छ। उक्त कानुनको उद्देश्य युक्रेनविरुद्धको युद्धलाई आर्थिक सहयोग पुऱ्याउने रूसी तेल तथा ग्यासको आम्दानीमा रोक लगाउनु थियो। सम्झौताप्रति प्रतिक्रिया जनाउँदै युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले यसको जवाफ थप आतङ्क र विश्वासघातबाट दिने बताएका छन्। उनले यस्तो सम्झौताले युद्धमा रूसको लगानी बढ़ाउने र युद्ध लम्ब्याउन सहयोग पुर्याउने चेतावनी दिए।

'यसले रूसलाई थप हत्या गर्न, लामो समयसम्म युद्ध जारी राख्न, अमेरिकाप्रति अझ कम सम्मान देखाउन तथा विश्वमा थप क्षति र विनाश निम्त्याउन सक्षम बनाउँछ,' जेलेन्स्कीले भने। वाशिङटनस्थित युक्रेनी दूतावासले जारी गरेको विज्ञप्तिमा उनले यसलाई 'बलिया साझेदारहरूबाट भएको कमजोर निर्णय' भन्दै आलोचना गरेका छन्। युद्ध अन्त्य गर्ने प्रस्तावबारे छलफल गर्न ट्रम्पका विशेष दूत स्टिभ विटकोफ र उनका ज्वाइँ जारेड कुशनर मियामीमा युक्रेनी अधिकारीहरूसँग भेटवार्ता गरिरहेका बेला ट्रम्पले डिजेल सम्झौताको घोषणा गरेका थिए। 'मलाई लाग्छ, हाम्रो टोलीलाई केवल धुवाँको पर्दाका रूपमा प्रयोग गरिँदै छ, यो पक्कै पनि उचित होइन, साझेदारहरूले एकअर्कासँग गर्ने व्यवहार यस्तो हुनुहुँदैन,' जेलेन्स्कीले भने।

पेन्सिल्भेनियामा गोली चल्दा संदिग्धसहित ९ जनाको मृत्यु

पेन्सिल्भेनिया, ११ अक्टोबर: अमेरिकाको पेन्सिल्भेनिया राज्यस्थित एरी शहरमा गोली चल्दा संदिग्ध आक्रमणकारीसहित नौ जनाको मृत्यु भएको छ। घटनाबारे पुलिसले शनिवार जानकारी दिएको हो। एरीका पुलिस प्रमुख रिक लोराहले आफ्नो २८ वर्षभन्दा लामो पुलिस सेवाको अवधिमा यस्तो भयावह घटना कहिल्यै नदेखेको बताएका छन्। स्थानीय समाचार च्यानलसँग कुरा गर्दै उनले शहरले यति ठूलो जनधनको क्षति यसअघि विरलै बेहोरेको उल्लेख गरे। घटनाबारे स्थानीय अधिकारी तथा वरिष्ठ पुलिस अधिकारीहरूले थप विवरण सार्वजनिक गरेका छैनन्। गोली चल्नुको कारण र घटनाको परिस्थितिबारे पनि विस्तृत जानकारी उपलब्ध हुन सकेको छैन।

ट्रम्पद्वारा युक्रेनमा नयाँ राष्ट्रपति चयन गर्न सुझाउ डिजेलको मूल्य बढ्नुमा जेलेन्स्कीलाई दोष

वाशिङटन, ११ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूससँगको युद्ध अन्त्य गर्न पर्याप्त पहल नगरेको आरोप लगाउँदै युक्रेनमा नयाँ राष्ट्रपति आवश्यक रहेको बताएका छन्। उनले अमेरिकामा डिजेलको मूल्य बढ्नुमा पनि जेलेन्स्कीलाई दोष दिएका छन्। शनिबार पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले युक्रेनले रूससँग सम्झौता गर्न सक्ने नयाँ नेतृत्व खोज्नुपर्ने धारणा व्यक्त गरे। उनका अनुसार जेलेन्स्कीसँग युद्ध अन्त्य गर्ने धेरै अवसर भए पनि उनले ती अवसरको उपयोग गर्न सकेका छैनन्। ट्रम्पले शुक्रवार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग रूसबाट डिजेल खरिद गर्ने सहमति गरेका थिए। अमेरिकामा बढ्दो इन्धन मूल्य नियन्त्रण गर्ने उद्देश्यले गरिएको उक्त सहमति आगामी मध्यावधि निर्वाचनअघि सार्वजनिक भएको हो। यसलाई रूसप्रति अमेरिकाको नीतिमा महत्त्वपूर्ण परिवर्तनका रूपमा हेरिएको छ। ट्रम्पले युक्रेनले रूसका ऊर्जा पूर्वाधारमा आक्रमण गर्दा विश्व बजारमा इन्धन आपूर्तिमा समस्या बढेको दाबी गरेका छन्। उनले यस्ता गतिविधिले अमेरिकी किसान, पशुपालक तथा अन्य व्यवसायीलाई असर पारिरहेको बताए। अमेरिकामा डिजेलको मूल्य बढ्दा कृषि मेसिन

सञ्चालन, सामान ढुवानी र व्यावसायिक गतिविधिको लागत बढ्न सक्छ। त्यसैले इन्धनको मूल्य वृद्धि अमेरिकी अर्थतन्त्रका लागि पनि चुनौती बनेको छ। तर, डिजेलको मूल्य बढ्नुमा युक्रेनको गतिविधि मात्रै जिम्मेवार नरहेको समाचारमा उल्लेख छ। इरानसँग सम्बन्धित युद्धका कारण मध्यपूर्वबाट अन्तरराष्ट्रिय बजारमा तेल आपूर्ति गर्न कठिनाइ भएको छ। यसले विश्व बजारमा कच्चा तेल तथा पेट्रोलियम पदार्थको मूल्य बढ़ाएको छ।

ट्रम्प र पुटिनबीच भएको डिजेल खरिदसम्बन्धी सहमतिप्रति युक्रेनी तथा युरोपेली अधिकारीहरूले असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूको चिन्ता के छ भने रूसले इन्धन बिक्रीबाट प्राप्त गर्ने आम्दानी युक्रेनविरुद्धको युद्ध सञ्चालन गर्न प्रयोग गर्न सक्छ। रूसले सन् २०२२ मा युक्रेनमाथि पूर्णस्तरको आक्रमण शुरु गरेपछि अमेरिका र उसका युरोपेली सहयोगीहरूले रूसमाथि विभिन्न आर्थिक प्रतिबन्ध लगाएका थिए। यस्तो अवस्थामा अमेरिकाले रूसबाट डिजेल खरिद गर्ने निर्णयलाई नीतिगत परिवर्तनका रूपमा हेरिएको छ।

ट्रम्पले आफू सन् २०२२ मा अमेरिकी राष्ट्रपति भएको भए रूस–युक्रेन युद्ध शुरु नै नहुने दाबी गरेका छन्। उनले युद्ध शुरु हुनुको कारण नेतृत्वको अक्षमता भएको टिप्पणी गरे। यद्यपि, युद्धको जिम्मेवारीबारे ट्रम्पको भनाइ उनको राजनीतिक धारणा हो। रूसले सन् २०२२ मा युक्रेनमाथि पूर्णस्तरको आक्रमण शुरु गरेको तथ्य यस विवादको महत्त्वपूर्ण पृष्ठभूमि हो। यसैबीच, एसोसिएटेड प्रेस र एनओआरसी सेन्टर फर पब्लिक अफेयर्स रिसर्चले गरेको सर्वेक्षण अक्टोबर १ मा सार्वजनिक गरिएको थियो। सर्वेक्षणअनुसार धेरै अमेरिकी नागरिकले बढ्दो मूल्यका लागि ट्रम्पलाई जिम्मेवार ठानेका छन् र इरानसम्बन्धी उनको नीतिप्रति असन्तुष्टि व्यक्त गरेका छन्। ट्रम्पले युक्रेनमाथि युद्ध अन्त्य गर्न दबाब बढ़ाउँदै डिजेलको मूल्य वृद्धिका लागि जेलेन्स्कीलाई दोष दिएका छन्। तर विश्वव्यापी तेल आपूर्तिमा आएको अवरोध र मध्यपूर्वको युद्ध पनि इन्धन महँगिनुका महत्त्वपूर्ण कारण हुन्। रूसबाट डिजेल खरिद गर्ने अमेरिकी निर्णयले ऊर्जा बजार, युद्धको आर्थिक पक्ष र अमेरिका–युक्रेन सम्बन्धबारे थप बहस सिर्जना गरेको छ।

प्यालेस्टिनी राष्ट्रपति अब्बासद्वारा राष्ट्रपति र संसदीय निर्वाचन करिब एक वर्षका लागि स्थगित

गाजा, ११ अक्टोबर: प्यालेस्टिनी राष्ट्रपति महमूद अब्बासले राष्ट्रपति र संसदीय निर्वाचन दुवै सँगै गर्ने गरी करिब एक वर्षका लागि स्थगित गरेको जानकारी उनको कार्यालयले दिएको छ। अन्तरराष्ट्रिय समुदायले बलियो रूपमा वकालत गरेको संसदीय निर्वाचन यस वर्षको नोभेम्बर २८ मा हुने तय भएको थियो भने राष्ट्रपतीय निर्वाचन सन् २०२७ को शुरुतिर हुने अपेक्षा गरिएको थियो।

राष्ट्रपतीय आदेश जारी गर्दै उनले पहिले निर्धारित संसदीय निर्वाचन स्थगित गरेको र सन् २०२७ सेप्टेम्बर ११ मा दुवै निर्वाचन गर्ने बताएको प्यालेस्टिनी सञ्चारमाध्यमले राष्ट्रपतिको कार्यालयको स्रोतलाई उद्धृत गरी जनाएका छन्। 'अब्बासले शनिवार एक राष्ट्रपतीय आदेश जारी गर्दै सन् २०२७ सेप्टेम्बर ११ मा राष्ट्रपति र संसदीय निर्वाचन एकैसाथ गर्ने घोषणा गरेका छन्,' उनको कार्यालयले वाफा न्यूज एजेन्सीमार्फत सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ।

पूर्वन्यायाधीशले नोबेल जितेको केही घण्टामै आईसीसीमाथि अमेरिकी प्रतिबन्ध

वाशिङटन, ११ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले अन्तरराष्ट्रिय फौजदारी अदालत (आईसीसी) माथि प्रतिबन्ध लगाएको छ। दक्षिण अफ्रिकी मूलकी आईसीसीकी पूर्वन्यायाधीश नावी पिल्लेले सन् २०२६ को नोबेल शान्ति पुरस्कार जितेको केही घण्टापछि नै यो प्रतिबन्ध लगाइएको हो। युद्ध अपराध, मानवताविरुद्धका अपराध र नरसंहारका घटनामा संलग्न व्यक्तिमाथि मुद्दा चलाउन सन् २००२ मा स्थापना भएको आईसीसीले अमेरिकी कदमलाई 'विधिको शासन र अन्तरराष्ट्रिय कानुनी व्यवस्थाको आधारमाथिको आक्रमण' भनेको छ। अदालतले आफ्ना १२५ सदस्य राष्ट्रहरूलाई संस्थाको रक्षा गर्न आवश्यक कदम चाल्न आग्रह गरेको छ।

अदालतले जारी गरेको वक्तव्यमा भनिएको छ, ''अदालत एक्लै उभिन सक्दैन। यसको भविष्य अब यसलाई स्थापना गर्ने राष्ट्रहरूको हातमा पनि निर्भर छ।'' अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भने ट्रम्प प्रशासनले अमेरिकी नागरिकलाई आईसीसीमार्फत अभियोजन हुन नदिने बताएका छन्। उनले आईसीसीलाई 'नियन्त्रणबाहिरको अदालत' भन्दै यससँग हुने गतिविधि रोक्ने र त्यसका स्रोतसाधन कटौती गर्ने बताएका छन्। अमेरिकाले अदालत स्थापनासम्बन्धी रोम विधानमा शुरुमा हस्ताक्षर गरे पनि त्यसलाई अनुमोदन भने गरेको छैन। ट्रम्प प्रशासनले यसअघि पनि अदालतका केही न्यायाधीश र अभियोजकमाथि प्रतिबन्ध लगाएको थियो। तर यसपटकको कदम अदालतलाई सेवा उपलब्ध गराउने कम्पनीहरूसम्म लक्षित हुन सक्ने भएकाले यसलाई अझ विस्तारित आक्रमणका रूपमा हेरिएको छ।

अमेरिकी अर्थ मन्त्रालयले प्रतिबन्ध कार्यान्वयन गर्न शुरुमा छ

महिनाको समय दिएको छ। दूरसञ्चार, सफ्टवेयर, पेन्सन भुक्तानी र हिरासतमा रहेका व्यक्तिसँग सम्बन्धित केही गतिविधिलाई भने छुट दिइने व्यवस्था गरिएको छ। रुबियोका अनुसार, अमेरिकी चासो सम्बोधन गर्न आईसीसी र यसका सदस्य राष्ट्रहरूलाई वार्ताको अवसर दिन प्रतिबन्धको मापदण्ड तयार गरिएको हो। अमेरिकी माग पूरा नभए प्रतिबन्ध थप बढ़ाउने उनले बताएका छन्। अमेरिकाको असन्तुष्टिको प्रमुख कारणमध्ये आईसीसीले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूलगायत अधिकारीहरूविरुद्ध जारी गरेका पक्राउ पुर्जी र अफगानिस्तानमा अमेरिकी सैनिकका गतिविधिबारे गरेको अनुसन्धान हुन्। अदालतले भने अमेरिकी सैनिकसम्बन्धी अनुसन्धानलाई अहिले प्राथमिकतामा नराखिएको बताएको छ। अमेरिकी प्रतिबन्धले अमेरिकी कम्पनीहरूलाई अदालतसँग कारोबार गर्न रोक लगाउन सक्छ। यसबाट ब्याङ्किङ सेवा, बिमा र सफ्टवेयर सहयोग प्रभावित हुन सक्नेछन्। प्रतिबन्धको सम्भावनालाई ध्यानमा राख्दै आईसीसीले यसअघि नै आफ्ना कार्यालयका कम्प्युटरमा माइक्रोसफ्टका सफ्टवेयरको सट्टा खुला स्रोतका विकल्प प्रयोग गर्ने र ब्याङ्किङ तथा स्वास्थ्य बिमाका लागि नयाँ व्यवस्था गर्ने तयारी गरेको थियो।

आईसीसीकी डेपुटी–प्रोसेक्युटर (उपअभियोजक) नजहत समिम खानले अमेरिकी प्रतिबन्धको आलोचना गर्दै यसले अदालतको काम रोक्न नसक्ने बताएकी छन्। 'यी प्रतिबन्ध अन्तरराष्ट्रिय स्तरमा विधिको शासन र स्वतन्त्र न्यायिक संस्थाले गरिरहेको कामलाई कमजोर पार्ने उद्देश्यले लगाइएका हुन्,' उनी भन्छिन्। उनले अनुसन्धान, अभियोजन र अन्य न्यायिक काम निरन्तर अघि बढ्ने स्पष्ट पारेकी छन्। आईसीसीले विश्वका ७० भन्दा बढ़ी व्यक्तिविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ। उनीहरूमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, इजरायली प्रधानमन्त्री नेतान्याहू, हमासका केही नेता तथा सुडानका पूर्वराष्ट्रपति ओमर अल–बसिरसमेत छन्। अदालतले विभिन्न अन्तरराष्ट्रिय द्वन्द्वमा भएका गम्भीर अपराधको जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्य राखेको छ। युरोपेली सङ्घ (ईयू) की विदेश मामिला प्रमुख काजा कलासले प्रतिबन्धमा राखिएको छ महिनाको समयलाई संवादका लागि अवसरका रूपमा व्याख्या गरेकी छन्। तर आईसीसीले आफ्नो महत्त्वपूर्ण काम जारी राख्न सक्ने सुनिश्चित गर्न ईयूसँग विभिन्न विकल्प रहेको उनले बताएकी छन्। बेल्जियमका विदेशमन्त्रीले अमेरिकी प्रतिबन्धको अतिरिक्त प्रभावबाट अदालतलाई जोगाउन ईयूको 'ब्लकिङ स्ट्याट्युट' सक्रिय गर्न आग्रह गरेका छन्। यस्तो व्यवस्थाले युरोपेली कम्पनीहरूलाई अमेरिकी प्रतिबन्धको दबाबबाट जोगाउने प्रयास गर्न सक्छ। ईयूका सबै सदस्य राष्ट्र र अमेरिका तथा टर्कीबाहेक नेटोका सबै सदस्य आईसीसीका सदस्य हुन्। त्यसैले अमेरिकी कदमले वाशिङटन र उसका युरोपेली सहयोगीहरूबिच थप तनाउ बढ्ने देखिन्छ।

उपराष्ट्रपति राधाकृष्णनसहित अन्य नेताद्वारा नवरात्रिको शुभकामना व्यक्त

नयाँ दिल्ली, ११ अक्टोबर। (हिस): उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला र रक्षामन्त्री राजनाथ सिंह लगायत धेरै नेताले आइतवार नवरात्रिको पावन अवसरमा देशवासीलाई हार्दिक शुभकामना दिएका छन्। उपराष्ट्रपति राधाकृष्णनले सामाजिक सञ्जाल 'एक्स' मा सन्देश लेख्दै माता दुर्गाको आशीर्वादले सबैलाई शक्ति, साहस र उत्तम बुद्धि प्राप्त होस् भन्ने कामना गरेका छन्। माता जगदम्बाको कृपाले सशक्त, समृद्ध र विकसित भारत निर्माण गर्ने सङ्कल्प अवश्य पूरा हुने विश्वास पनि उनले व्यक्त गरेका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले माता जगदम्बाको कृपाले सबैको जीवनमा सुख, शान्ति, समृद्धि र उत्तम स्वास्थ्यको सञ्चार होस् भन्दै शुभकामना दिएका छन्। साथै, राष्ट्रिय एकता र प्रगतिप्रतिको सङ्कल्प अझ् सुदृढ बनोस् भन्ने कामना गरेका छन्। लोकसभा अध्यक्ष ओम बिरलाले पर्वतराज हिमालयकी पुत्री माता शैलपुत्री धैर्य, अटल सङ्कल्प, पवित्रता र दृढ विश्वासकी प्रतीक रहेको बताएका छन्। उनको दिव्य आराधनाले संयम, साहस, कर्तव्यनिष्ठा र आन्तरिक शक्तिका साथ जीवनमा अघि बढ्ने प्रेरणा दिने उनले उल्लेख गरेका छन्। माता भगवतीको असीम कृपाले प्रत्येक हृदय करुणाले, प्रत्येक परिवार सुखह्नसमृद्धिले तथा समाज प्रेम, एकता र सद्भावले भरिपूर्ण होस् भन्ने कामना गर्दै बिरलाले माता शैलपुत्रीको आशीर्वादले देश शान्ति, न्याय, सदाचार र मानवीय मूल्यको मार्गमा निरन्तर अघि बढोस् भनेका छन्। यस पवित्र पर्वले सबैको जीवनमा नयाँ ऊर्जा, सकारात्मकता र आशाको सञ्चार गर्नुका साथै सशक्त, सौहार्दपूर्ण र विकसित भारत निर्माण गर्ने राष्ट्रिय सङ्कल्पलाई अझ् बलियो बनाओस् भन्ने कामना पनि उनले गरेका छन्। रक्षामन्त्री राजनाथ सिंहले माताको दिव्य स्वरूपले प्रकृतिप्रति श्रद्धा राख्न, जीवनमा दृढता अपनाउन र हरेक परिस्थितिमा अडिग रहने सङ्कल्प गर्न प्रेरित गर्ने बताएका छन्। आद्यशक्ति माता शैलपुत्रीले सबैको जीवनमा सुख, शान्ति र समृद्धि प्रदान गरुन् भन्दै उनले अर्धचन्द्र धारण गरेकी, वृषभमा सवार हुने र त्रिशूल हातमा लिने महिमामयी माता शैलपुत्रीप्रति श्रद्धा व्यक्त गरेका छन्। केन्द्रीय गृहमन्त्री तथा सहकारिता मन्त्री अमित शाहले माता जगदम्बाको कृपाले सबैको जीवनमा सुख, शान्ति, समृद्धि र उत्तम स्वास्थ्य प्राप्त होस् तथा राष्ट्रिय एकता र प्रगतिप्रतिको सङ्कल्प अझ सुदृढ बनोस् भन्ने कामना गरेका छन्। केन्द्रिय सड्क परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले नवरात्रिको पहिलो दिन माता दुर्गाको प्रथम स्वरूप माता शैलपुत्रीको पूजा गरिने उल्लेख गर्दै उनलाई कोटिह्नकोटि नमन गरेका छन्।

सेवा सङ्कल्प अभियानअन्तर्गत जिल्लास्तरीय तर्क तथा चित्राङ्कन प्रतियोगिता आयोजित

पाकिम, ११ अक्टोबरः सिक्किम सरकारको शिक्षा विभागअन्तर्गत पाकिम जिल्ला शिक्षा कार्यालयले पाकिम जिल्लाको पीएम श्री विद्यालयहरूका लागि शुक्रवार सेवा सङ्कल्प अभियानअन्तर्गत जिल्लास्तरीय तर्क तथा चित्राङ्कन प्रतियोगिता आयोजना गरेको छ।

कार्यक्रममा पाकिमका मुख्य कार्यकारी अधिकृत (सीईओ) नारायण मिश्र मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रमको शुरुआत पाकिम जिल्ला शिक्षा कार्यालयका सहायक निर्देशक कैलाश शर्माको स्वागत सम्बोधनबाट भयो। पाकिमका सीईओ नारायण मिश्रले उपस्थित जनसमूहलाई सम्बोधन गर्दै पीएम श्री विद्यालय पहलको शुरुआत र यसको महत्त्वबारे प्रकाश पारे साथै उनले पूर्वाधार विकास र शैक्षिक उत्कृष्टताका लागि उपलब्ध गराइने सुविधाबारे पनि जानकारी दिए। उनले विद्यार्थीहरूको प्रस्तुतिको प्रशंसा गर्नुका साथै उनीहरूलाई थप प्रगति र सफलता हासिल गर्न प्रोत्साहित गरे र विजेताहरूलाई बधाई दिए।

तर्क प्रतियोगिता 'सामाजिक सञ्जाल राष्ट्रिय चेतनाको सशक्त माध्यम कि युवाहरूलाई पथभ्रष्ट बनाउने बाटो?' भन्ने विषयमा आधारित थियो। यसमा पीएम श्री रम्फू एसएसएसले पक्षमा र पीएम श्री डिक्लिङ एसएसएसले विपक्षमा भाग लिएका थिए। पीएम श्री रम्फू एसएसएस विजेता बन्यो भने पीएम श्री डिक्लिङ एसएसएस उपविजेता घोषित भयो। विजेता टोलीबाट सर्वाधिक अङ्क प्राप्त गर्ने दुई सहभागीलाई राज्यस्तरीय तर्क प्रतियोगितामा पाकिम जिल्लाको प्रतिनिधित्व गर्न छनोट गरियो। पीएम श्री रम्फू एसएसएसकी शिक्षा बस्नेतलाई तर्क प्रतियोगिताको सर्वोत्कृष्ट वक्ता घोषित गरियो।

त्यसपछि चित्राङ्कन प्रतियोगिता दुई वर्गमा प्राथमिक (कक्षा ३–५) र माध्यमिक (कक्षा ६–८) सञ्चालन गरियो। प्राथमिक श्रेणीमा सेण्ट्रल पाण्डाम एसएसएसका अञ्जिर कर्माकारले पहिलो, रम्फू एसएसएसका दर्शित राईले दोस्रो र पीएम श्री डिक्लिङ एसएसएसका नाम्चुला भोटियाले तेस्रो स्थान हासिल गरे।

मध्य श्रेणीमा रम्फू एसएसएसका सनी शर्माले पहिलो, पीएम श्री रिनाक एसएसएसकी अनन्या छेत्रीले दोस्रो र पीएम श्री डिक्लिङ एसएसएसका मौसम तामाङले तेस्रो स्थान हासिल गरे।

कार्यक्रमको अन्त्यमा विजेता तथा सहभागीहरूलाई पुरस्कार र प्रमाण-पत्र वितरण गरियो।

अर्को चरणको रूपमा राज्यस्तरीय तर्क र चित्रकला प्रतियोगिता १३ अक्टोबर, २०२६ मा पीएम श्री देवराली कन्या एसएसएसमा आयोजना हुने तय भएको छ। जिल्लास्तरीय तर्क प्रतियोगिताको विजेता टोलीबाट उत्कृष्ट दुई सहभागीले जिल्लाको प्रतिनिधित्व गर्नेछन् भने पहिलो र मध्य चित्रकला श्रेणीका पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्नेहरूले राज्यस्तरीय प्रतियोगितामा भाग लिनेछन्।

मङ्पूमा लागुपदार्थ दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम सम्पन्न

मङ्पू, ११ अक्टोबर (हिस): श्री प्राणनाथजी महाराजको ४०८औँ जन्मजयन्तीको अवसरमा श्री प्राणनाथ परमार्थ सेवा फाउण्डेशन, मङ्पूको तत्त्वावधानमा लागुपदार्थ तथा अन्य नशालु पदार्थको दुर्व्यसनविरुद्ध विशेष सचेतना कार्यक्रम सम्पन्न भएको छ। सरस्वती उच्चतर माध्यमिक विद्यालयको मङ्गल प्रेक्षागृहमा आयोजित कार्यक्रममा विद्यार्थीहरूलाई दुर्व्यसनका दुष्परिणामबारे जानकारी दिँदै यसबाट टाढ़ा रहन प्रेरित गरिएको थियो।

कार्यक्रममा प्रमुख स्रोत वक्ताका रूपमा सिक्किम सरकारका मुख्यमन्त्रीका प्रमुख सल्लाहकार तथा सारथी फाउण्डेशनका निर्देशक सन्त रोहितराज महाराज उपस्थित थिए। उनले विद्यार्थीहरूलाई लागुपदार्थ दुर्व्यसनबाट बच्न आवश्यक सावधानी, उचित संस्कार र सही मार्गदर्शनको महत्त्वबारे जानकारी गराए।

सरस्वती उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक सञ्जित थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सरकारी सिन्कोना बगानका व्यवस्थापक गोपाल लामिछाने मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

वर्तमान समयमा लागुपदार्थ तथा अन्य नशालु पदार्थको दुर्व्यसनले समाजमा गम्भीर चुनौती खड़ा गरिरहेको र मङ्पू क्षेत्र पनि यस समस्याबाट अछुतो नरहेको सन्दर्भमा कार्यक्रम आयोजना गरिएको बताइएको छ। विशेषगरी विद्यार्थीहरूलाई दुर्व्यसनको जोखिमबारे सचेत गराउनुका साथै उनीहरूलाई सकारात्मक जीवनपथतर्फ अभिप्रेरित गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।

मुख्य स्रोत वक्ता सन्त रोहितराज महाराजले विद्यार्थीहरूमा बाल्यकालदेखि नै उचित संस्कार, नैतिक मूल्य र सकारात्मक सोचको विकास गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिए। विद्यार्थीहरू समाज र देशका भावी कर्णधार भएकाले उनीहरूको जीवनलाई सही दिशा दिन परिवार, विद्यालय र समाज सबैको महत्त्वपूर्ण भूमिका रहने उनले बताए। उनले विद्यार्थीहरूलाई दुर्व्यसनबाट टाढ़ा रहँदै अनुशासित, जिम्मेवार र उद्देश्यपूर्ण जीवन बिताउन प्रेरित गरे।

असम सरकार प्रत्येक बालिकाको सुरक्षित एवं उज्ज्वल भविष्यका लागि प्रतिबद्ध छः मुख्यमन्त्री

गुवाहाटी, ११ अक्टोबर (हिस): असमका मुख्यमन्त्री डा.हिमन्त विश्व सरमाले आइतवार अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा राज्यका सबै बालिकाहरूलाई हार्दिक बधाई दिए। उनले प्रत्येक बालिकाको सुरक्षा, सशक्तिकरण तथा उज्ज्वल भविष्य सुनिश्चित गर्नेप्रति आफ्नो सरकारको प्रतिबद्धतालाई दोहोऱ्याए। मुख्यमन्त्रीले सोशल मिडियामा पोस्टमा बालिकाहरूलाई शक्ति, साहस र सृजनात्मकताको प्रतीक बताए। भनले भने बालिकाहरूको सपनालाई साकार गर्ने दिशामा समाजको जिम्मेवारी अत्यन्त महत्त्वपूर्ण छ। बालिकाहरूको सांस्कृतिक महत्त्वलाई उल्लेख गर्दै उनले उनीहरूको आकाङ्क्षा, प्रतिभा एवं सम्भावनाहरूलाई सम्मान गर्नेमाथि जोड़ दिए।

डा.सरमाले भने, ''उनको सरकारले प्रत्येक बालिकाको लागि सुरक्षित सामाजिक वातावरण एवं अवसरहरूले भरिएको भविष्य निर्माण गर्नको लागि दृढ सङ्कल्प बोकेर काम गरिरहेको छ।'' निजुत मोइना' जस्ता महत्वाकाङ्क्षी योजनाहरूको भूमिकाको उल्लेख गर्दै उनले बालिका सशक्तिकरण र विकासको लक्ष्य हासिल गर्न यस्ता पहलहरूले उल्लेखनीय योगदान पुऱ्याइरहेको बताए। मुख्यमन्त्रीले दोहोऱ्याए, हरेक बालिकाको सुरक्षित भविष्यको लागि सरकारले निरन्तर काम गरिरहनेछ ताकि उनीहरूको प्रतिभालाई उचित सम्मान प्राप्त होस् अनि उनीहरूले आफ्नो सपनालाई साकार पार्न सकुन्।

मणिपुरमा तीन उग्रवादी पक्राउ

इम्फाल, ११ अक्टोबर (हिस): मणिपुरमा पुलिस र केन्द्रिय सुरक्षा बलले पछिल्लो २४ घण्टामा सञ्चालन गरेका छुट्टा-छुट्टै अभियानमा प्रतिबन्धित दुई उग्रवादी सङ्गठनका तीन सक्रिय सदस्यलाई पक्राउ गरेका छन्।

पक्रा परेकाहरूमाथि बलजफ्ती रकम असुली तथा हतियार ओसारपोसारमा संलग्न रहेको आरोप लागेको छ। पुलिसले दुवै घटनामा प्राथमिकी दर्ता गरी अनुसन्धान शुरु गरेको छ।

पुलिस अनुसार, विशेष सूचनाका आधारमा मणिपुर पुलिस र केन्द्रिय सुरक्षा बलको संयुक्त टोलीले १० अक्टोबरमा इम्फाल पश्चिम जिल्लाको लाम्बोइखोङनाङखोङ क्षेत्रमा अभियान सञ्चालन गरेको थियो। उक्त अभियानका क्रममा रिभोल्युसनरी पिपुल्स फ्रन्ट (आरपीएफ)/पिपुल्स लिबरेसन आर्मी (पीएलए) को कथित सक्रिय सदस्य वाङखेम मलेमङनबा (३७) लाई पक्राउ गरिएको हो। उ सोही क्षेत्रको लेन नम्बर १२ को बासिन्दा हो। उमाथि बलजफ्ती रकम असुलीमा संलग्न रहेको आरोप छ। यस सम्बन्धमा लाम्फेल पुलिस थानामा मुद्दा दर्ता गरिएको छ। अर्को अभियान अन्तर्गत सोही दिन थौबल जिल्लामा बलजफ्ती रकम असुली सम्बन्धी गतिविधिबारे प्राप्त सूचनाका आधारमा सीडीओह्नथौबलको टोलीले प्रीपाक (प्रो) को कथित सक्रिय सदस्य एलाङबम दिनेश सिंह (३८) लाई खाङ्गाबोकबाट पक्राउ गरेको थियो। सोधखोजका क्रममा प्राप्त जानकारीका आधारमा सुरक्षा बलले काकचिङ लाम्खाई निवासी पोतशङबम बिजेन सिंह (३३) लाई पनि पक्राउ गरेको पुलिसले जनाएको छ। पुलिस अनुसार, दुवै जनामाथि बलजफ्ती रकम असुली र हतियार ओसापोसारमा संलग्न रहेको आरोप छ। यस घटनामा थौबल पुलिस थानामा प्राथमिकी दर्ता गरी थप अनुसन्धान भइरहेको छ।

सिक्किम फुटबल सङ्घको नयाँ...

संयुक्त सचिव प्रथम, साम्तेन ल्हमु लाचुङ्पा संयुक्त सचिव द्वितीय, अर्जुन राई कोषाध्यक्ष, सुसन भोटिया संयुक्त कोषाध्यक्ष र पेडर्न लामा प्रचार सचिव निर्वाचित भएका छन्।

यसरी नै नामग्याल भोटिया, बसन्त योञ्जन, विकास जैरु, ओङ छिरिङ लेप्चा, पुष्पा गुरुङ र प्रेकिला तामाङ कार्यकारिणी सदस्य निर्वाचित भएका छन्। नयाँ कार्यकारिणी समितिसँगै थप ३० जना नयाँ सदस्यले शपथ ग्रहण गरी सिक्किम फुटबल सङ्घमा औपचारिक रूपमा प्रवेश गरेका छन्। यसलाई सङ्घको सङ्गठनात्मक सुदृढ़ीकरण तथा सिक्किमको फुटबल क्षेत्रमा सहभागिता विस्तार गर्ने दिशामा अर्को महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ।

निर्वाचन घोषणाका क्रममा अखिल भारतीय फुटबल महासङ्घका कार्यकारिणी सदस्य तथा नागाल्यान्ड फुटबल सङ्घका अध्यक्ष के नेइबो सेखोसे, सिक्किम ओलम्पिक सङ्घका संयुक्त सचिव महेन्द्र ढकाल र राज्य खेलकुद तथा युवा मामिला विभागका निर्देशक डा. आरबी विश्वकर्मा पर्यवेक्षकका रूपमा उपस्थित थिए।

नवनिर्वाचित समितिले फुटबल प्रशासनलाई सुदृढ़ बनाउने, तल्लो तहदेखि युवा खेलाड़ीको विकास गर्ने, घरेलु प्रतियोगिताको स्तर सुधार गर्ने, खेलाड़ी तथा आबद्ध क्लबहरूलाई सहयोग पुऱ्याउने र राज्यभरिका फुटबल खेलाड़ीका लागि थप अवसर सिर्जना गर्ने लक्ष्य लिएको छ।

सिक्किम फुटबल सङ्घले अखिल भारतीय फुटबल महासङ्घ, सिक्किम सरकार, जिल्ला फुटबल सङ्घहरू, आबद्ध क्लब, खेलाड़ी, पदाधिकारी तथा सबै सरोकारवालाप्रति निरन्तर सहयोग र सहकार्यका लागि आभार व्यक्त गरेको छ।

भारतीय रेलवेमा ३,५४८ एनटीपीसी स्नातक पदहरूमा भर्ती शुरु

नयाँ दिल्ली, ११ अक्टोबर (हिस): भारतीय रेलवेमा सरकारी जागिर खोजिरहेका युवाहरूका लागि रेलवे भर्ती बोर्ड (आरआरबी) ले गैरप्राविधिक लोकप्रिय श्रेणी (एनटीपीसी-स्नातक) अन्तर्गत ३,५४८ पदमा भर्ती प्रक्रिया शुरु गरेको छ। यसका लागि अनलाइन आवेदन प्रक्रिया ८ अक्टोबरदेखि शुरु भएको छ र ६ नोभेम्बर २०२६ सम्म आवेदन दिन सकिनेछ।

रेल्वे मन्त्रालय अनुसार, यस भर्ती अन्तर्गत मालगाड़ी प्रबन्धकका २,७५०, वरिष्ठ लिपिक तथा सह टाइपिस्टका ३७१, कनिष्ठ लेखा सहायक तथा सह टाइपिस्टका ३०० र मुख्य वाणिज्यिक तथा टिकट पर्यवेक्षकका १२७ पदमा नियुक्ति गरिनेछ। मूल तलबका अतिरिक्त सातौँ केन्द्रिय वेतन आयोग अनुसार भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध हुनेछन्।

आवेदन शुल्क बुझाउने अन्तिम मिति ८ नोभेम्बर तोकिएको छ। आवेदन फाराममा ९ देखि १८ नोभेम्बरसम्म सुधार वा संशोधन गर्न सकिनेछ। आवेदन दिन मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक वा सोसरहको योग्यता हासिल गरेको हुनुपर्नेछ। उम्मेदवारको न्यूनतम उमेर १८ वर्ष र अधिकतम उमेर ३३ वर्ष निर्धारण गरिएको छ। नियमानुसार आरक्षित वर्गका उम्मेदवारलाई अधिकतम उमेर सीमामा छुट दिइनेछ।

उम्मेदवारको छनोट योग्यताका आधारमा विभिन्न चरणमा गरिनेछ। यसमा पहिलो र दोस्रो चरणको कम्प्युटरमा आधारित परीक्षा, कागजात प्रमाणीकरण तथा स्वास्थ्य परीक्षण समावेश छन्। आवश्यकता अनुसार टाइपिङ परीक्षा र दिव्याङ्ग उम्मेदवारका लागि तोकिएका सुविधाको व्यवस्था पनि गरिनेछ। विस्तृत सूचना हेर्न तथा अनलाइन आवेदन दिन उम्मेदवारहरूले रेलवे भर्ती बोर्डको आधिकारिक वेबसाइट प्रयोग गर्नुपर्नेछ।

मुख्यमन्त्री गोले चिर्बिरे रिभर...

सेवाहरूबारे जानकारी लिए र स्थानीय उद्यमशीलता प्रवर्द्धनमा उनीहरूले गरेको प्रयासको सराहना गरे।

कार्यक्रमको क्रममा मुख्यमन्त्रीलाई सिक्किम एङ्ग्लर्स एसोसिएशन र 'साउथ वेस्ट ट्याक्सी ड्राइभर्स एसोसिएसन'-का कार्यकारी सदस्यहरूद्वारा सम्मान गरियो। 'ठूलो भाइ'-का एक प्रतिनिधिले पनि उनलाई खाद्य सामग्रीहरू प्रदान गरे।

सिक्किम एङ्ग्लर्स एसोसिएसनले संस्थासँगको आबद्धता र योगदानको कदर गर्दै आफ्ना संस्थापक अध्यक्ष केसी प्रधान, पूर्व कार्यकारी सदस्य डा. डीके सुब्बा र विज्ञान तथा प्रविधि विभागका पूर्व निर्देशक डा. पुष्पा तामाङलाई सम्मान गऱ्यो।

रिम्बी बाढ़ीबाट प्रभावितहरूप्रति ऐक्यबद्धता र सहयोगस्वरूप सिक्किम पूर्व विधायकहरूको महासङ्घका सदस्यहरूले रिम्बी बाढ़ी राहत कोषका लागि २,०१,००० रुपियाँको चेक हस्तान्तरण गरे।

कार्यक्रममा परम्परागत नृत्य, साङ्गीतिक प्रस्तुति र कविता वाचनको जीवन्त शृङ्खला पनि समावेश थियो। गान्तोकस्थित हिनोकी डोजोका प्रतिनिधिहरूद्वारा प्रस्तुत ताई ची प्रदर्शनले सांस्कृतिक प्रस्तुतिहरूमा थप विविधता थप्यो। उपस्थित हुनेहरूमा मन्त्री पूरण गुरुङ र भोजराज राई, विधायकहरूमा मदन सिञ्चुरी र सतीश चन्द्र राई, मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ राईलगायत अन्यको उपस्थिति रहेको थियो।

परिचयात्मक कार्यक्रमसँगै दार्जीलिङ...

पठन-पाठनमा रुचि राख्छन् भन्ने कुरा देखाउन र उनीहरूलाई प्रोत्साहन गर्न आफूहरूले चाहेको उनले बताइन्। संस्थाबारे थप चर्चा गर्दै डीएलएफएसका संयोजक अनिर्बान दत्तले भने, ''हामी साहित्य महोत्सवजस्ता कार्यक्रमहरू आयोजना गर्नमा मात्र सीमित छैनौँ, हाम्रो संस्था साहित्यको प्रभावमार्फत समाजमा सुधार ल्याउन चाहन्छ। यो महोत्सव हाम्रो वार्षिक कार्यक्रम हुनेछ, तर तल्लो तहका मानिसहरूसँग जोड़िन सकियोस् भनेर यसका अतिरिक्त हामी ग्रामीण क्षेत्रहरूमा पनि कार्यक्रमहरू आयोजना गर्नेछौँ। हाम्रा कार्यक्रमहरूमा अन्तरक्रियात्मक कार्यशाला, सामूहिक भ्रमण र विशेष रूपमा तयार पारिएका प्रकृति-पदयात्रालगायतका विविध गतिविधिहरू समावेश हुनेछन्।''

''साहित्य एउटा माध्यम हुनेछ, तर हाम्रो ध्यान सम्पदा संरक्षणजस्ता अन्य विषयहरूमा पनि केन्द्रित रहनेछ''- उनले भने।

दत्तले दार्जीलिङको संरक्षण र यसको अझ राम्रो प्रतिनिधित्वका लागि साहित्य एउटा प्रमुख माध्यम हुने कुरामा जोड़ दिए। उनले भने, ''यस संस्थामा दार्जीलिङका स्थानीय तथा अन्य क्षेत्रका विज्ञहरू समावेश हुनेछन्, जसको यस क्षेत्रप्रति गहिरो प्रेम र लगाव छ।''

आजको कार्यक्रममा साहित्यका लागि स्थान निर्माण र साहित्यमा जीवनको शुरुआत जस्ता विषयहरूमा प्यानल छलफलहरू भए। प्रकाशक र विद्वान्हरूका साथै सत्यदीप छेत्री र छुदेन काबिमोजस्ता लेखकहरू प्यानलमा सहभागी थिए भने पद्मश्री पुरस्कार विजेता डा. गम्भीर सिंह योञ्जनले पनि सम्बोधन गरे।

शिक्षा मन्त्रालयद्वारा पूर्वोत्तर...

विद्यालय शिक्षाका निर्देशक टाशी छोपेल, शिक्षा विभागका अन्य अधिकारी तथा सहभागी पूर्वोत्तर राज्यका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

यस छलफलले राज्यहरूलाई समग्र शिक्षाअन्तर्गत् प्रगति प्रस्तुत गर्ने, नवीन प्रयास तथा उत्कृष्ट अभ्यासहरू आदान-प्रदान गर्ने र कार्यान्वयनका चुनौती सम्बोधन गर्ने रणनीतिबारे छलफल गर्ने मञ्च प्रदान गऱ्यो। समीक्षा बैठकले सफल अभ्यासहरूको आदान-प्रदान, संस्थागत समन्वयको सुदृढ़ीकरण, अनुगमन तथा मूल्याङ्कन संयन्त्रमा सुधार, स्वीकृत कोषको प्रभावकारी उपयोग र विद्यालय शिक्षाको समग्र गुणस्तर अभिवृद्धि गर्ने महत्त्वमा जोड़ दियो।

छलफलमा आधारभूत साक्षरता र सङ्ख्यात्मक ज्ञान सुदृढ़ गर्ने, अधिगम उपलब्धिमा सुधार गर्ने, समावेशी तथा समतामूलक शिक्षालाई प्रवर्द्धन गर्ने, शिक्षकको क्षमता अभिवृद्धि गर्ने तथा प्रभावकारी शिक्षण-अधिगमका लागि प्रविधि र नवीन विधिहरूको उपयोग गर्ने आवश्यकतामा पनि जोड़ दिइयो। पूर्वोत्तर राज्यबीचको अनुभव आदान-प्रदानले आपसी शिक्षण र यस क्षेत्रका विविध शैक्षिक आवश्यकताहरू सम्बोधन गर्न परिवेशअनुकूल अभ्यासहरू अपनाउने बहुमूल्य अवसर प्रदान गऱ्यो।

समीक्षा बैठकले राष्ट्रिय शैक्षिक प्राथमिकताहरूसँग तालमेल मिलाउँदै समग्र शिक्षा र पीएम पोषणको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्न भारत सरकारको शिक्षा मन्त्रालय र पूर्वोत्तर राज्यहरूको प्रतिबद्धतालाई पुनः पुष्टि गऱ्यो।

सिक्किम सरकारको शिक्षा विभागले प्रभावकारी योजना तर्जुमा, अनुगमन, क्षमता अभिवृद्धि र नवीन अभ्यासहरू अपनाएर शैक्षिक सेवा प्रवाहलाई सुदृढ़ बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्यायो। यस राज्यले शिक्षण परिणाममा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा समान पहुँच प्रवर्द्धन गर्न तथा केन्द्रद्वारा प्रायोजित शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न शिक्षा मन्त्रालय र अन्य पूर्वोत्तर राज्यहरूसँग घनिष्ठ समन्वयमा काम गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोऱ्याएको छ।

मुख्यमन्त्रीद्वारा पहिलो अन्तरराष्ट्रिय एमटीबी...

गरे। यो पहल स्थानीय किसानहरूलाई उनीहरूको कृषि उपज बिक्री गर्नका लागि समर्पित बजार उपलब्ध गराउने उद्देश्यले ल्याइएको उनले बताए। ओत लाग्ने ठाउँ, चिस्यान भण्डार र शौचालयजस्ता आवश्यक सुविधाहरूले सुसज्जित यस केन्द्रले उपजको उचित व्यवस्थापन र संरक्षणमा सघाउ पुऱ्याउने तथा स्थानीय कृषकहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने लक्ष्य राखेको छ।

मुख्यमन्त्रीले राज्य सरकारका विभिन्न कल्याणकारी योजनाबारे पनि जानकारी दिए, जसमा आमा सशक्तिकरण योजना समावेश छ। यस योजनाअन्तर्गत आगामी वर्षमा लाभग्राही आमाहरूको कार्यसम्पादन र प्रगतिको मूल्याङ्कन गरिनेछ र प्राप्त सहयोगको प्रभावकारी सदुपयोग गर्नेहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ। उनले बुबाहरूका लागि घरको स्तरोन्नतिमा सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तावित योजनाबारे पनि उपस्थितहरूलाई जानकारी गराए, जसमा प्रत्येक निर्वाचन क्षेत्रमा २,००० लाभग्राही समेटिने लक्ष्य राखिएको छ। यसका साथै, उनले सेवा सम्मानजस्ता पहलहरूबारे पनि प्रकाश पारे, जसले पूर्व सैनिक र सेवानिवृत्त पुलिस कर्मचारीहरूको सेवा र योगदानको कदर तथा सम्मान गर्दछ। आफ्नो सम्बोधनको अन्त्यमा, मुख्यमन्त्रीले उक्त अन्तरराष्ट्रिय प्रतियोगिताको सफल आयोजनामा सामूहिक योगदान पुऱ्याएकोमा जूम-सालघारीका बासिन्दा, आयोजक समिति, सहभागी टोली तथा खेलाड़ीहरूप्रति आभार व्यक्त गरे। खेलकुद, पर्यटन र स्थानीय विकासलाई प्रवर्द्धन गर्ने पहलहरूलाई सहयोग गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै उनले निरन्तर सहयोगको आश्वासन दिए।

यस शृङ्खलामा इरान, अस्ट्रेलिया, ब्राजिल, इटाली, चेक गणतन्त्र, ताइवान, नेपाल र भारत गरी आठ देशका खेलाड़ीहरूको सहभागिता रह्यो। यसले विश्वभरिका राइडरहरूलाई आफ्नो कौशल प्रदर्शन गर्न र यस क्षेत्रको चुनौतीपूर्ण डाउनहिल भू-भागमा प्रतिस्पर्धा गर्ने मञ्च प्रदान गऱ्यो।

यसअघि, यातायात विभागका विशेष कर्तव्य अधिकारी खगेन्द्र राईले स्वागत सम्बोधन राख्दै शृङ्खलामा सहभागी अन्तरराष्ट्रिय खेलाड़ीहरूको परिचय गराए, जसलाई मुख्यमन्त्रीद्वारा सम्मान गरिएको थियो।

खेलकुद गतिविधिहरूसँगै रक गार्डेन, जूममा दिनभरि चल्ने कार्यक्रमको आयोजना गरियो। यसमा सांस्कृतिक तथा साङ्गीतिक प्रस्तुति, रक क्लाइम्बिङ गतिविधिहरूका साथै सातवटा स्वयं सहायता समूह' (एसएचजी) का सदस्यहरूद्वारा पसल र प्रदर्शनीहरूको व्यवस्था गरिएको थियो। यी गतिविधिहरूले यस क्षेत्रको सांस्कृतिक सम्पदा, साहसिक पर्यटनको सम्भावना र स्थानीय उद्यमशीलतालाई उजागर गर्नुका साथै सामुदायिक सहभागिता र स्थानीय उत्पादनहरूको प्रवर्द्धनका लागि मञ्च प्रदान गरे।

कार्यक्रममा कृषि, पशुपालन तथा पशु चिकित्सा सेवा र मत्स्यपालन विभागका मन्त्री पूरण गुरुङ, जूम-सालघारीका विधायक मदन सिञ्चुरी, सोरेङ-च्याखुङका विधायक आदित्य गोले, रिञ्चेनपोङका विधायक इरुङ तेञ्जिङ लेप्चा, जिल्ला अध्यक्ष तिला देवी गुरुङसहित अन्यको उपस्थिति रहेको थियो।

लेटरप्रेसदेखि डिजिटल युगसम्म

सत्यको यात्रामा विजय बान्तवा

अर्जुन चामलिङ 'यावा'

सिक्किमेली पत्रकारिताको इतिहासमा छुट्टिनु नहुने एउटा स्थापित नाम हो वरिष्ठ पत्रकार एवं साहित्यकार विजय बान्तवा। पत्रकारिता उनका लागि केवल पेशा होइन, समाजसेवाको एउटा माध्यम हो। त्यसैले आर्थिक कठिनाइ, शारीरिक–मानसिक थकान र अनेकौँ चुनौतीबीच पनि उनको पत्रकारिताको यात्रा रोकिएनन्। बरु समयसँगै परिवर्तित हुँदै गएको प्रविधि, सञ्चारका माध्यम र पत्रकारिताका स्वरूपलाई आत्मसात् गर्दै उनी निरन्तर अगाड़ि बढ़िरहे।

'**लेटरप्रेस**'को कठिन समयदेखि कम्प्युटर, इन्टरनेट हुँदै डिजिटल र सामाजिक सञ्जालको युगसम्म आइपुग्दा उनले पत्रकारिताका अनेकौँ रूप देखे, भोगे र अनुभव गरे। करिब पाँच दशक लामो यही यात्रामा उनले एउटा कुरा भने निरन्तर सम्झिरहे– पत्रकारिता सत्यको यात्रा हो। वरिष्ठ पत्रकार एवं साहित्यकार विजय बान्तवाको जीवनयात्रा हेर्दा पत्रकारिताप्रतिको यही समर्पण सबैभन्दा बलियो पक्षका रूपमा देखिन्छ।

• चियाबारीबाट शुरु भएको यात्रा

श्री विजय बान्तवाको जन्म दार्जीलिङ जिल्लाको सेलेम्बुङ अर्थात् पहिला सुलबुङ भनिने चियाबारीमा २० अप्रेल, १९५६ मा भएको हो। पिता स्व. रतनलाल बान्तवा र माता धनमायाको कोखबाट जन्मिएका उनले बाल्यकाल सेलेम्बुङमै बिताए।

स्थानीय प्राथमिक पाठशालाबाट पाँच कक्षासम्मको अध्ययन पूरा गरेपछि उनले पोखरङ हाईस्कूलमा दशौँ कक्षासम्म पढ़े। त्यसपछि उनको जीवनले नयाँ मोड़ लियो। सन् १९७६/७७ तिर उनी सिक्किम आए। यहीँ उनको अध्ययन, रोजगारी, साहित्यिक रुचि र पत्रकारिताको यात्रा क्रमशः अघि बढ्दै गयो।

अहिले नरबहादुर भण्डारी कलेजका रूपमा चिनिने सिक्किम सरकारी महाविद्यालयमा उनले नन–टिचिङ स्टाफका रूपमा काम शुरु गरे। त्यतिबेला कलेजमा विद्यार्थीको सङ्ख्या पनि अहिलेको जस्तो ठूलो थिएन। सीमित स्रोत र साधनबीच काम गर्दै उनले त्यहाँका प्राध्यापकहरूसँगको सम्पर्कबाट आफ्नो अध्ययनलाई पनि निरन्तरता दिए।

पञ्जाब युनिभर्सिटीबाट करेस्पोन्डेन्स कोर्समार्फत अध्ययन अघि बढ़ाउँदै उनले बीए अनर्स पूरा गरे। पछि सिक्किममा ल कलेज खुलेपछि एलएलबी पनि पूरा गरे। अङ्ग्रेजीमा स्नातकोत्तर अध्ययन गरे पनि त्यो भने पूरा गर्न सकेनन्। तर, औपचारिक शिक्षाभन्दा पनि जीवनले उनलाई दिएको अर्को ठूलो शिक्षा थियो– सङ्घर्ष गर्दै अघि बढ्ने।

• वकालत कि पत्रकारिता?

एलएलबी पूरा गरेपछि उनीसँग वकालत गर्ने बाटो खुल्ला थियो। कलकत्ताको बार काउन्सिलसँग जोड़िएर उनले केही समय प्राक्टिस पनि सिके। गान्तोक फर्किएपछि वकिलका लागि आवश्यक कालो कोट र अन्य सामग्रीसमेत तयार पारे। तर, यही समयमा उनको मनभित्र एउटा ठूलो द्वन्द्व शुरु भयो– वकालत गर्ने कि पत्रकारितामा जाने?

एक बिहान पूजा गरिरहँदा उनले आफूलाई यही प्रश्न गरे। धेरै सोचिसकेपछि उनले आफ्नो बाटो आफैँ रोजे। वकालतमा उनले सङ्घर्ष गरिरहेका युवा अधिवक्ताहरूको अवस्था नजिकबाट देखेका थिए। कतिपय अवस्थामा आफ्नो सिद्धान्तसँग सम्झौता गर्नुपर्ने अवस्था आउन सक्ने कुराले उनलाई आकर्षित गरेन। त्यसको विपरीत पत्रकारितामा उनले आफूलाई समाजसँग प्रत्यक्ष जोड्न सक्ने सम्भावना देखे।

बाल्यकालदेखि नै साहित्य र पत्रकारितामा उनको रुचि थियो। समाजसेवा गर्ने चाहना पनि थियो। त्यसैले अन्ततः उनले वकालतको बाटो छाड़ेर पत्रकारितालाई आफ्नो जीवनको बाटो बनाए। कारण, उनका लागि पैसा कमाउनु जीवनको अन्तिम उद्देश्य थिएन। आवश्यकताका लागि पैसा चाहिने भए पनि समाजका लागि केही गर्ने इच्छा ठूलो थियो। उनको बुझाइमा वकालतले आफूलाई एउटा कोठाभित्र सीमित गर्न सक्थ्यो, तर पत्रकारिताले समाजको सबै तहसम्म पुग्ने स्वतन्त्र मञ्च दिन्थ्यो।

अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारलाई उपयोग गर्दै समाजका विभिन्न पक्षसँग जोड़िन सकिने र जनताको आवाजलाई बाहिर ल्याउन सकिने भएकाले पत्रकारिता उनलाई आफ्नो स्वभावसँग नजिक लाग्यो।

• 'हिमाली बेला' देखि पत्रकारिताको कखरा

पत्रकारिताको औपचारिक यात्रा शुरु हुनुअघि नै उनी 'हिमाली बेला' सँग जोड़िइसकेका थिए। अहिले दैनिक रूपमा प्रकाशित हुने 'हिमाली बेला' त्यतिबेला साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित हुन्थ्यो। त्यहाँ काम गर्दा उनले पत्रकारिताका धेरै कुरा व्यवहारिकरूपमा सिक्ने अवसर प्राप्त गरे। औपचारिक रूपमा पत्रकारिताको कक्षा नलिए पनि समाचार कसरी तयार हुन्छ, सम्पादन कसरी हुन्छ र एउटा पत्रिका कसरी तयार भएर पाठकसम्म पुग्छ भन्ने कुरा उनले त्यही वातावरणबाट सिक्दै गए।

त्यतिबेला पत्रकारिताको अध्ययनका लागि सहज स्रोत र साधन थिएनन्। त्यसैले काम गर्दै, पढ्दै र अनुभवी अग्रजहरूबाट सिक्दै उनले आफ्नो पत्रकारिता यात्रा अघि बढ़ाए। उनको साहित्यिक पृष्ठभूमिले पनि पत्रकारितामा सहयोग गर्‍यो। सन् १९७४ मै उनले '**अवकाश**' नामक साहित्यिक पत्रिकाको सम्पादन गरिसकेका थिए। साहित्य र पत्रकारितासँगको यही सम्बन्ध पछि उनको जीवनको महत्त्वपूर्ण आधार बन्यो।

• अक्षर टिपेर समाचार छाप्ने समय

आज एउटा समाचार लेखेर मोबाइलबाटै संसारभरि पठाउन सकिन्छ। केही सेकेन्डमै फोटो, भिडियो र समाचार पाठकसम्म पुग्छ। तर, श्री बान्तवाले पत्रकारिता शुरु गर्दा अवस्था एकदमै फरक थियो। त्यो लेटरप्रेसको समय थियो। एक–एक अक्षर हातले टिपेर स्टिकमा मिलाउनुपर्थ्यो। अक्षरहरू मिलाएर **ग्याली** (ट्रे वा फ्रेम) तयार पारिन्थ्यो। त्यसपछि त्यसलाई टाइट गरेर प्रेसमा राखिन्थ्यो र मेशिन चलाएर पत्रिका छापिन्थ्यो।



हिमगिरि

सम्पादक: श्री विजय बान्तवा

सिक्किमको चौथो मुख्य मन्त्री को?

भोटको गर्मी हावामा
पार्टीहरू चुनाव प्रचारमा
(निज सम्वाददाता)

हालैमा नामाङ्कन पत्र फिर्ता लिने काम सम्पन्न भइसके पछि सिक्किम विधान सभाका चुनावमा अब १६५ जना उम्मेदवारहरू छन्, जसमा १०० जना उम्मेदवारहरू विभिन्न पार्टीहरू, जस्तै कांग्रेस (आई०), सिक्किम संग्राम परिषद, जनता पार्टी, सी० पी० आई० एम० सी० पी० आई०, आदिबाट चुनाव मैदानमा खड़ा छन्, अनि अर्कोतिर ६५ जना उम्मेदवारहरू निर्दलीय पार्टीका रूपमा चुनाव मैदानमा उत्रिएका छन्। उतातिर चुनाव नगीजै आइ पुगेको हुनाले विभिन्न पार्टीका उम्मेदवारहरू आनन्दको ओछ्यान छोड़ेर आफ्ना आफ्ना निर्वाचन क्षेत्रमा चुनाव प्रचार गर्नमा व्यस्त छन्। गान्तोक शहरभरि विभिन्न पार्टीका ... आफ्नो निर्वाचन क्षेत्रतिर चुनाव प्रचार गर्न छरपष्टिएका दृश्यहरू छन्, भने गाँउ बस्तीतिर जन सभा; घर-घरमा गएर उम्मेदवारहरूको मानिसहरूसंग भेट; पोष्टर झुण्डाई; पर्चा बँडाई आदि क्रियाविधिको परिवेश चुनावको यो गर्मी हावा संगै बहेको देखिन्छ।

अन्य पार्टीलाई छोड़ी सिक्किम संग्राम परिषद र कांग्रेस (आई०) ले ... निर्वाचन क्षेत्रबाट आफ्ना उम्मेदवारहरू उठाएको ... चुनावको ... कांग्रेस (आइ०) भित्र भएको मत भेद निर्मूल गर्न हालै आसामका मुख्य मन्त्री तथा पूर्वाञ्चल पहाड़ी क्षेत्रका कांग्रेस (आई०) कमिटीका अध्यक्ष श्री हितेश्वर साइकियाले आफ्नो प्रयासहरू गरेपछि श्री आर० सी० पौड्यालको नेतृत्वमा भएका राज्य कांग्रेस (आई) माफ केही ...

श्री गुरुङको तीव्र प्रतिक्रिया

गत लोक सभाको चुनाव अभियानमा सिक्किम संग्राम परिषदले श्री बी बी गुरुङद्वारा लिखित जातिवादी भावना बारे आरोप पत्र छपाएर प्रचार गरेपछि श्री गुरुङबाट तीव्र प्रतिक्रिया भएको बुझिन्छ। समाचार अनुसार पत्रकारहरूलाई दिएको बयानमा श्री गुरुङ आफूलाई निर्दोष ठानी जील्ला कोर्टमा मानहानीको मुद्दा श्री एन० बी० भण्डारीमाथि लगाउने भएको कुरा प्रकाशमा आएको छ।

श्री गुरुङ आफुलाई सत्य प्रमाणित गर्न र सबूत निकाल्न कहाँसम्म सफल हुनुहुन्छ अनि उहाँले उक्त कागज पत्र जाली हो भन्ने कुरोलाई कसरी पुष्टि दिनु हुनेछ भन्ने कुरो आपेक्षित छ।

यदि यो जाली नभएर साँचो प्रमाणित भएको खण्डमा उहाँको कस्तो स्थिति हुनेछ यसबारे पनि चाखलाग्दो विषय छ। ...

श्री जगत बन्धुबाट राजीनामा

हालै नामाङ्कन पत्र फिर्ता लिने मियादमा श्री जगत बन्धु प्रधानले प्रदेश कांग्रेस (आई०) बाट राजीनामा लिई सिक्किम संग्राम परिषदमा सामेल हुने कुरो प्रकाशमा आएकोछ। श्री प्रधानले लोसेङ पाचेखानी निर्वाचन क्षेत्र बाट कांग्रेस (आई) का उम्मेदवारका रूपमा आफ्नो नामाङ्कन पत्र भरेका थिए, तर कांग्रेस (आई) का पक्षबाट त्यहाँ अरू नै (... ?) उम्मेद्वार मौजुद भएकाले (?) पार्टीका अध्यक्ष श्री पौड्यालले उनको नामाङ्कन - पत्र फिर्ता लिनलाई निर्देश दिएको थियो। पछिबाट श्री प्रधानले राज्य कांग्रेस (आई) लाई बाहिरका उम्मेद्वारहरूलाई निर्वाचन क्षेत्रमा हालेको आरोप लगाँउदै राजीनामा दिएका छन्।

गान्तोक समष्टीबाट १२ उम्मेदवार

नामाङ्कन पत्र फिर्ता लिने काम भइ सके पछि गान्तोक समष्टीबाट अब बाह्र उम्मेद्वारहरू खड़ा छन्। यस निर्वाचन क्षेत्रबाट विशेष गरी कांग्रेस (आइ) र सिक्किम संग्राम परिषदका उम्मेद्वार माझ मुकाबिला जोड़तोड़ले हुने सम्भावना छ। कांग्रेस (आई०) उम्मेदवारमा हालै पुलिस अधिकारी पदबाट राजिनामा लिनु भएका श्री मदन क्षेत्री हुनुहुन्छ भने सिक्किम संग्राम परिषदबाट श्रीमती दिल कुमारी भण्डारी हुनुहुन्छ ...

वकालतको बाटो छाड़ेर पत्रकारितालाई जीवन समर्पण गरेका वरिष्ठ पत्रकार तथा साहित्यकार विजय बान्तवाको पाँच दशक लामो यात्रा।

खुट्टाले चलाउने प्रेस मेशिन पनि थिए। बिजुलीको सुविधा सहज थिएन। जाड़ो महिनामा चिसोबीच काम गर्नुपर्थ्यो। कम्पोजिटर, प्रेस वर्कर र सम्पादकका काम छुट्टाछुट्टै भए तापनि आवश्यक पर्दा पत्रकार आफैँ पनि प्रेसको काममा हात हाल्नुपर्ने अवस्था थियो। त्यो समय कठिन थियो, तर त्यसमा एउटा छुट्टै आत्मीयता पनि थियो।

समाचार छापिन समय लाग्थ्यो। पाठकसम्म पुग्न ढिलाइ हुन्थ्यो। तर, समाचार–पत्र नै सूचना प्राप्त गर्ने प्रमुख माध्यम भएकाले पाठकहरू पत्रिकाको प्रतीक्षा गर्थे। बजारमा पत्रिका पुगेपछि त्यसको माग हुन्थ्यो। आजको डिजिटल युगसँग तुलना गर्दा त्यो समय ढिलो थियो, तर त्यति बेलाको पत्रकारिताले समाजमा आफ्नो छुट्टै स्थान बनाएको थियो।

• प्रविधि बदलियो, जिम्मेवारी झन् बढ्यो

लेटरप्रेसदेखि कम्प्युटर र त्यसपछि इन्टरनेट तथा डिजिटल मिडियासम्मको परिवर्तन श्री विजय बान्तवाले आफ्नै आँखाले देखे। उनको अनुभवमा डिजिटल माध्यमले पत्रकारितालाई अत्यन्त छिटो, सहज र पहुँचयोग्य बनाएको छ। तर, यही गति पत्रकारिताका लागि चुनौती पनि बनेको छ।

पहिले समाचार छापिनुअघि गल्ती सच्याउने समय हुन्थ्यो। अहिले एउटा गलत सूचना सेकेन्डमै हजारौँ मानिससम्म पुग्न सक्छ। त्यसपछि त्यसलाई नियन्त्रण गर्न सजिलो हुँदैन। त्यसैले डिजिटल युगमा पत्रकारिताको पहिलो आवश्यकता शुद्धता र विश्वसनीयता भएको उनको धारणा छ। उनका लागि प्रविधि बदलिन सक्छ, माध्यम बदलिन सक्छ, तर पत्रकारिताको आधार बदलिनु हुँदैन।

• पाँच दशकको सङ्घर्ष

पत्रकार विजय बान्तवाको पाँच दशक लामो पत्रकारिता यात्रा सहज थिएन। आर्थिक कठिनाइ, बिरामी हुँदा आउने समस्या, पारिवारिक जिम्मेवारी, शारीरिक तथा मानसिक थकानजस्ता कुराहरूसँग जुझ्दै उनले पत्रकारितालाई अघि बढ़ाए।

पत्रकारिताबाट मात्र परिवार चलाउन कठिन हुने समय पनि आयो। त्यसैले प्रेससँग सम्बन्धित अन्य काम गरेर अतिरिक्त आम्दानी गर्नुपरेको अनुभव उनीसँग छ। तर, उनले पत्रकारितालाई छाड़ेनन्। उनको दृष्टिमा पत्रकारिता एउटा समर्पण हो। उनले यसलाई सैनिकको सेवासँग तुलना गरेका छन्। जसरी एउटा सैनिकले सीमामा आफ्नो जीवनसम्म जोखिममा राखेर कर्तव्य निर्वाह गर्छ, त्यसरी नै एउटा साँचो इमान्दार पत्रकारले पनि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने उनको विश्वास छ।

From right to left Dr.chandra Prakash Deval, myself, poet S.S. Chauhan and Damber Mani Pradhan at Rabindra Bhavan,Sahitya Akademi, New Delhi on February 13 after a meeting FEB 13, 2011

• राष्ट्रिय पत्रकारितासँगको सम्बन्ध

स्थानीय पत्रकारितामा सीमित नरहेर श्री बान्तवा राष्ट्रिय स्तरका पत्रकार सङ्गठनसँग पनि जोड़िए। '**इन्डियन फेडरेसन अफ् स्मल एन्ड मिडियम न्यूजपेपर्स**'सँग जोड़िँदै उनले सन् १९८५–८७ को आसपास सिक्किम युनिटको नेतृत्वसमेत गरे। यसै क्रममा उनको सम्बन्ध भारतका विभिन्न केन्द्रिय संस्थासँग पनि स्थापित भयो। उनी सेन्ट्रल प्रेस एक्रेडिटेसन कमिटी, पीआईबीसँग पनि जोड़िए। उनका अनुसार भारतबाट नेपाली भाषाको प्रतिनिधित्व गर्दै उक्त समितिमा छनोट हुने पहिलो नेपाली पत्रकारको अवसर आफूले पाएका थिए। यो अनुभव उनको पत्रकारिता जीवनको एउटा महत्त्वपूर्ण उपलब्धिमध्ये एक रह्यो।

• राष्ट्रिय नेताहरूसँगका अविस्मरणीय क्षण

पत्रकारिताले उनलाई राष्ट्रिय स्तरका नेता र मन्त्रीहरूसँग प्रत्यक्ष संवाद गर्ने अवसर पनि दियो। दिल्लीमा आयोजित राष्ट्रिय पत्रकार सम्मेलनमा सहभागी हुँदा उनले केन्द्रिय मन्त्री पी. चिदम्बरमलगायत राष्ट्रिय नेताहरूसँग प्रश्न गर्ने अवसर पाए। ठूलो सङ्ख्यामा पत्रकारहरू उपस्थित हुने त्यस्ता सम्मेलनमा आफ्नो प्रश्न सोध्नका लागि पत्रकारहरूबीच प्रतिस्पर्धा हुने गर्थ्यो। उनी पनि त्यो प्रतिस्पर्धाबाट पछि हटेनन्। उत्तरपूर्वी क्षेत्र, इन्टरनेटको विस्तार, वित्तीय तथा विकाससम्बन्धी विषयलगायत प्रश्न उनले राष्ट्रिय नेताहरूसामु राखे। त्यस्ता क्षणहरू उनको पत्रकारिता जीवनका अविस्मरणीय अनुभव बने।

त्यस्तै, तत्कालीन प्रधानमन्त्री अटल बिहारी वाजपेयी सिक्किम आउँदा गभर्नर हाउसमा आयोजित पत्रकार सम्मेलनमा पनि उनले प्रश्न गर्ने अवसर पाए। पाकिस्तानका तत्कालीन राष्ट्रपति परवेज मुशर्रफसँगको सम्बन्ध, शान्ति प्रयास र आतङ्कवादसँग सम्बन्धित विषयमा उनले प्रश्न उठाए। त्यस दिन उनको प्रश्न सञ्चारमाध्यममा चर्चाको विषय बनेको सम्झना उनीसँग अझै ताजा छ।

• इन्टरनेटको शुरुआती समयमै 'हिमगिरी' अनलाइन

नेपाल र भारतका नेपाली भाषी क्षेत्रमा इन्टरनेट विस्तार हुँदै गर्दा बान्तवाले त्यसलाई पनि पत्रकारिताको नयाँ सम्भावनाका रूपमा लिए। सन् २००० तिर इन्टरनेट होस्टिङको प्रारम्भिक अभ्यास हुँदै गर्दा उनले '**हिमगिरि**'लाई अनलाइनमा लैजाने प्रयास गरे, जो साप्ताहिक समाचार–पत्रका रूपमा १९८५ देखि प्रकाशित हुँदै आइरहेको थियो। त्यो समय अनलाइन पत्रकारिता आजजस्तो सहज थिएन। तर, नयाँ प्रविधि सिक्दै उनले 'हिमगिरि'लाई इन्टरनेटमा पुर्‍याउने प्रयास सफल बनाए। यसले उनको पत्रकारिता केवल छापा अर्थात् प्रिन्ट माध्यममा सीमित नभएको देखाउँछ। समयसँगै माध्यम परिवर्तन हुँदै जाँदा आफूलाई पनि परिवर्तन गर्न सक्ने क्षमता उनको यात्राको अर्को विशेषता बन्यो।

• पत्रकारितालाई दस्तावेज बनाउने प्रयास

पत्रकारितामा लामो समय बिताएपछि उनले आफ्नो अनुभवलाई पुस्तकका रूपमा दस्तावेजीकरण गर्ने आवश्यकता महसुस गरे। यही सोचबाट

> "जसरी एउटा सैनिकले सीमामा आफ्नो जीवनसम्म जोखिममा राखेर कर्तव्य निर्वाह गर्छ, त्यसरी नै एउटा साँचो इमान्दार पत्रकारले पनि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।"

'**पत्रकारिताका पक्षहरू**' पुस्तक जन्मियो। भारतीय नेपाली पत्रकारिताका लागि आवश्यक सामग्रीको अभाव उनले नजिकबाट अनुभव गरेका थिए। नेपालमा पत्रकारितासम्बन्धी पुस्तकहरू भए पनि भारतीय नेपाली समाज, यहाँको पत्रकारिता र यहाँको सामाजिक–राजनीतिक परिवेश फरक भएकाले ती सबै सन्दर्भ यहाँ जस्ताको तस्तै लागू नहुने उनको अनुभव थियो।

भारतीय नेपाली पत्रकारिताको ऐतिहासिक पक्ष समेट्ने काम केही लेखकले गरे तापनि समाचार कसरी लेख्ने, समाचारको स्रोत के हो, पत्रकारिताको आधार के हो, रिपोर्टिङ कसरी गर्ने, पत्रकारको जिम्मेवारी के हो जस्ता व्यावहारिक पक्षमा अझै काम गर्नुपर्ने आवश्यकता उनले देखे। त्यसैले उनले आफ्नो अनुभव र अध्ययनलाई पुस्तकमा समेटे।

समयसँगै पुस्तकलाई परिमार्जन गर्दै लगे। सन् २०२६ मा प्रकाशित संस्करणमा उनले सिक्किमबाट प्रकाशित पुराना पत्रिका तथा पत्रकारितासम्बन्धी सामग्रीलाई समेत दस्तावेजका रूपमा समेट्ने प्रयास गरेका छन्। उनका लागि यो पुस्तक केवल आफ्नै अनुभवको अभिव्यक्ति होइन; नयाँ पुस्ताका पत्रकारका लागि एउटा आधार बन्न सक्ने प्रयास पनि हो।

• साहित्य र पत्रकारिता : संवेदनशीलता र निष्पक्षताको सम्बन्ध

साहित्य र पत्रकारिता दुवै क्षेत्रमा लामो समय बिताएका बान्तवाका लागि यी दुई विधाबीच गहिरो सम्बन्ध छ। साहित्यले मानिसलाई संवेदनशील बनाउने, सामाजिकता सिकाउने र मानवीय गुणको विकास गर्ने उनको विश्वास छ। यही साहित्यिक पृष्ठभूमिले पत्रकारितामा पनि आफूलाई सहयोग गरेको उनी बताउँछन्। तर, पत्रकारितामा संवेदनशीलता मात्र पर्याप्त हुँदैन।

पत्रकारले सत्य लेख्नुपर्छ। आवश्यक पर्दा आलोचना गर्नुपर्छ। कसैप्रति व्यक्तिगत माया वा घृणाका आधारमा होइन, तथ्य र निष्पक्षताका आधारमा समाचार प्रस्तुत गर्नुपर्छ। उनको दृष्टिमा आलोचना स्वस्थ हुनुपर्छ। पत्रकारिता कसैलाई खुशी पार्ने माध्यम होइन। सत्यलाई बाहिर ल्याउने माध्यम हो।

• सामाजिक सञ्जालको युगमा विश्वसनीयताको प्रश्न

आज सामाजिक सञ्जालले पत्रकारिता र सूचनाको परिभाषालाई नै फराकिलो बनाएको छ। हातमा मोबाइल र क्यामेरा भएपछि जोसुकैले सूचना सार्वजनिक गर्न सक्छ। तर, बान्तवाका लागि पत्रकारिता यति मात्र होइन। ''क्यामेरा लिएर बोल्दैमा पत्रकारिता हुँदैन। पत्रकारिताको सीमा, संविधानले दिएको अधिकार, कानुनी जिम्मेवारी, समाचारको स्रोत र तथ्यको सत्यापनबारे ज्ञान आवश्यक हुन्छ। विशेषगरी मानहानि, अनुसन्धानात्मक पत्रकारिता, समाचारको स्रोत र सूचनाको विश्वसनीयताजस्ता विषयमा पत्रकार सचेत हुनुपर्छ''– उनी भन्छन्। उनका लागि पत्रकारिताको सबैभन्दा महत्त्वपूर्ण शब्द हो– क्रेडिबिलिटी अर्थात् विश्वसनीयता।

''माध्यम जुनसुकै होस्–प्रिन्ट, अनलाइन वा सामाजिक सञ्जाल–विश्वसनीयता गुम्यो भने पत्रकारिताको मूल उद्देश्य नै कमजोर हुन्छ''–भन्ने उनको मान्यता हो।

• जीवनले सिकाएको पाठ

पाँच दशकभन्दा लामो यात्रापछि फर्केर हेर्दा बान्तवाले जीवनबाट सिकेको सबैभन्दा ठूलो पाठ धैर्य, सहनशीलता र सङ्घर्ष गर्न सक्ने क्षमता हो। आपतमा पनि धीरज राख्नुपर्छ। आफू जस्तो अवस्थामा छौँ, त्यसैमा खुशी भएर बाँच्न सिक्नुपर्छ। जीवनमा दुःख आउँछन्, आलोचना हुन्छ, निन्दा पनि हुन्छ। तर ती सबैभन्दा माथि उठेर सकारात्मक दिशामा अघि बढ्नुपर्ने उनको धारणा छ। सबैसँग हाँस्न, सबैसँग मिल्न र सकारात्मक सोच राख्न उनले जोड़ दिएका छन्। उनको जीवनदर्शनको एउटा सार वाक्यमा भन्नुपर्दा– ''सत्यको यात्रा नै पत्रकारिता हो। सत्यको यात्रा नै जीवनको दर्शन हो।''

• नयाँ पुस्ताका लागि सन्देश

आज पत्रकारितामा आउन चाहने युवाहरूलाई उनी एउटा महत्त्वपूर्ण कुरा सम्झाउँछन्– ''पहिला आफ्नो उद्देश्य स्पष्ट बनाउनुपर्छ।'' उनी भन्छन्, ''पत्रकारिताबाट तुरुन्तै पैसा, पुरस्कार वा प्रतिष्ठा पाइन्छ भन्ने अपेक्षा राखेर मात्र यो क्षेत्रमा आउनु हुँदैन। समाजको सेवा गर्ने दृढ़ इच्छासहित, इमानदारीपूर्वक र निरन्तर काम गर्ने प्रतिबद्धता चाहिन्छ।'' परिवार र आर्थिक अवस्थालाई पनि ध्यानमा राखेर आफ्नो निर्णय गर्नुपर्ने उनको सुझाउ छ। तर, पत्रकारितामा आएपछि भने त्यसलाई जिम्मेवारी र समर्पणका साथ अघि बढ़ाउनुपर्ने उनको आग्रह छ। उनका लागि पत्रकारिता अझै पनि समाजसेवाको क्षेत्र हो।

• एउटा यात्राको अर्थ

सेलेम्बुङको चियाबारीबाट शुरु भएको एउटा बालकको यात्रा वकालतको ढोकासम्म पुग्यो। तर, त्यहाँबाट फर्किएर उनले पत्रकारिताको बाटो रोजे। लेटरप्रेसमा अक्षर टिपेर समाचार छापे। चिसोमा प्रेस चलाए। आर्थिक कठिनाइ भोगे। साहित्यिक पत्रिका सम्पादन गरे। राष्ट्रिय पत्रकार सङ्गठनसँग जोड़िए। भारतको केन्द्रिय प्रेस एक्रेडिटेसन प्रणालीसम्म पुगे। राष्ट्रिय नेताहरूसँग प्रश्न गरे। इन्टरनेटको प्रारम्भिक समयमा आफ्ना प्रकाशनलाई अनलाइनमा लैजाने प्रयास गरे र अन्ततः आफ्ना अनुभवलाई पुस्तकका पानामा दस्तावेज बनाए। यो केवल एउटा पत्रकारको व्यावसायिक यात्रा होइन। यो समयसँगै बदलिँदै गएको पत्रकारिताको पनि एउटा इतिहास हो।

लेटरप्रेसमा हातले टिपिएका अक्षरदेखि आजको डिजिटल स्क्रिनसम्म आइपुग्दा प्रविधि धेरै बदलिएको छ। माध्यम बदलिएको छ। समाचारको गति बदलिएको छ। पाठकको बानी बदलिएको छ। तर, विजय बान्तवाका लागि पत्रकारिताको मूल मर्म अझै उही छ– ''सत्यको खोजी र समाजप्रतिको जिम्मेवारी।''

सायद यही कारण पाँच दशक लामो यात्रापछि पनि उनको पत्रकारिताप्रतिको समर्पणमा कमी आएको छैन। किनकि उनका लागि पत्रकारिता केवल समाचार लेख्ने काम होइन। यो समाजलाई बुझ्ने, समाजलाई बुझाउने र सत्यको बाटोमा निरन्तर हिँड़िरहने एउटा यात्रा हो।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386